# थारू समुदायको बलिदानीको इतिहास



**थारू आयोग**
अनामनगर, काठमाडौं

**थारु समुदायको बलिदानीको इतिहास**
प्रकाशकः **थारू आयोग**
अनामनगर, काठमाडौं
सर्वाधिकारः **थारू आयोग**
प्रकाशन मितिः २०८३ **असार**
सम्पादकः **डा कृष्णराज सर्वहारी**

# थारू समुदायको बलिदानीको इतिहास



**मुख्य अनुसन्धानकर्ता**
डा. कृष्णराज सर्वहारी
सहायक अनुसन्धानकर्ता
भूमिका थारू

**चली गोचाली मिडिया प्रा. लि.**
कीर्तिपुर-५, भत्केपाटी, काठमाडौं
सम्पर्क: ९८५११-१६१८

# सचिवको मन्तव्य

नेपालको इतिहास राष्ट्र निर्माण, स्वतन्त्रता, सामाजिक न्याय तथा लोकतान्त्रिक आन्दोलनका विभिन्न चरणहरूमा भएका संघर्ष, त्याग र बलिदानहरूले समृद्ध बनेको छ। यस गौरवपूर्ण इतिहासमा थारू समुदायको योगदान पनि महत्वपूर्ण र अविस्मरणीय रहेको छ। देशको राजनीतिक, सामाजिक तथा सांस्कृतिक परिवर्तनका विभिन्न कालखण्डमा थारू समुदायले पुऱ्याएको योगदान, गरेका संघर्ष तथा दिएका बलिदानहरू नेपालको राष्ट्रिय इतिहासका अमूल्य सम्पदा हुन्। यद्यपि यस्ता धेरै ऐतिहासिक तथ्य, घटना तथा व्यक्तित्वहरू अझै पनि पर्याप्त रूपमा दस्तावेजीकरण हुन सकेका छैनन्। त्यसैले थारू समुदायको बलिदानी इतिहासको खोज, अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण गर्नु आजको महत्वपूर्ण आवश्यकता बनेको छ।

थारू आयोग ले थारू समुदायको इतिहास, संस्कृति, परम्परा तथा पहिचानको संरक्षण र प्रवर्द्धनलाई आफ्नो प्रमुख दायित्वका रूपमा लिएको छ। सोही उद्देश्यअनुसार थारू समुदायले विभिन्न ऐतिहासिक कालखण्डमा खेलेको भूमिका, राष्ट्र निर्माणमा पुऱ्याएको योगदान, सामाजिक न्याय तथा अधिकार प्राप्तिका लागि गरेका संघर्षहरू र बलिदानी व्यक्तित्वहरूको इतिहासलाई उजागर गर्ने उद्देश्यले यो अध्ययन सम्पन्न गरिएको हो।

थारू आयोग ऐन, २०७४ ले आयोगलाई थारू समुदायको इतिहास, सभ्यता, संस्कृति तथा पहिचानसँग सम्बन्धित विषयहरूको अध्ययन, अनुसन्धान र संरक्षणका लागि आवश्यक पहल गर्ने तथा नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने अधिकार प्रदान गरेको छ। ऐनले निर्दिष्ट गरेको यही जिम्मेवारीलाई कार्यान्वयन गर्ने क्रममा आयोगले थारू समुदायका वीर योद्धा, संघर्षशील व्यक्तित्व, सामाजिक अभियन्ता तथा विभिन्न आन्दोलनहरूमा योगदान पुऱ्याएका ज्ञात-अज्ञात सहिद एवं बलिदानीहरूको इतिहास संकलन र अभिलेखीकरण गर्ने प्रयास गरेको छ।

यस अध्ययनबाट विभिन्न कालखण्डमा थारू समुदायले भोगेका चुनौतीहरू, अधिकार र पहिचानका लागि गरिएका संघर्षहरू, राष्ट्रिय एकता तथा सामाजिक परिवर्तनका आन्दोलनहरूमा समुदायको सहभागिता तथा बलिदानका विविध पक्षहरू उजागर भएका छन्। साथै थारू समुदायका ऐतिहासिक व्यक्तित्वहरू, स्थानीय नायकहरू तथा समुदायको सामूहिक योगदानलाई राष्ट्रिय इतिहासको अभिन्न अंगका रूपमा स्थापित गर्न आवश्यक आधारसमेत प्रस्तुत गरिएको छ।

यस अध्ययन कार्यमा सहयोग पुऱ्याउने इतिहासविद्, अनुसन्धानकर्ता, साहित्यकार, स्थानीय बौद्धिक व्यक्तित्व, जनप्रतिनिधि तथा समुदायका ज्येष्ठ नागरिकहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। विशेष गरी आफ्नो ज्ञान, अनुभव तथा ऐतिहासिक तथ्यहरू उपलब्ध गराई अध्ययनलाई सफल बनाउन योगदान पुऱ्याउनुहुने सम्पूर्ण व्यक्तित्वहरू आयोगका लागि सम्मानका पात्र हुनुहुन्छ।

प्रस्तुत अध्ययन प्रतिवेदनले थारू समुदायको बलिदानी इतिहासबारे जानकारी लिन चाहने अनुसन्धानकर्ता, विद्यार्थी, नीति निर्माता तथा आम नागरिकलाई उपयोगी सामग्री प्रदान गर्ने विश्वास गरिएको छ। साथै यसले थारू समुदायको ऐतिहासिक योगदानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउँदै समुदायको गौरव, आत्मसम्मान तथा पहिचानलाई थप सुदृढ बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

अन्त्यमा, प्रस्तुत प्रतिवेदनमा कुनै त्रुटि, कमी वा सुधार गर्नुपर्ने पक्षहरू हुन सक्ने भएकाले विज्ञ पाठक तथा सरोकारवालाबाट प्राप्त सुझावहरूलाई आयोगले सकारात्मक रूपमा ग्रहण गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। साथै अध्ययनमा समेटिन नसकेका ऐतिहासिक घटना, व्यक्तित्व तथा बलिदानका पक्षहरूलाई आगामी अनुसन्धानमार्फत थप समृद्ध र परिष्कृत गर्दै लैजाने विश्वास दिलाउन चाहन्छु।

थारू समुदायका ज्ञात-अज्ञात वीर शहीद, योद्धा तथा संघर्षशील व्यक्तित्वहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

**– रुद्र प्रसाद लामिछाने**

# आयोगको भनाइ

थारू समुदाय नेपालको प्राचीन आदिवासी जनजाति तथा मूलवासी समुदायमध्ये एक हो, जसले देशको सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। इतिहासका विभिन्न कालखण्डहरूमा आफ्नो पहिचान, अधिकार, स्वाभिमान, भूमि तथा अस्तित्वको संरक्षणका लागि थारू समुदायले अनेकौं संघर्षहरू गरेको छ। ती संघर्षका क्रममा धेरै थारू व्यक्तिहरूले आफ्नो जीवन उत्सर्ग गरी समुदाय तथा राष्ट्रका लागि अतुलनीय बलिदान दिएका छन्।

थारू समुदायका बलिदानीहरूको इतिहास केवल कुनै एक घटना वा आन्दोलनमा सीमित छैन। राज्य निर्माण, प्रजातन्त्र स्थापनाको आन्दोलन, सामाजिक न्याय, मानव अधिकार, समावेशीता तथा पहिचानका आन्दोलनहरूमा थारू समुदायको सक्रिय सहभागिता र योगदान रहँदै आएको छ। विभिन्न कालखण्डमा भएका आन्दोलन तथा संघर्षहरूमा ज्यान गुमाएका, घाइते भएका तथा अन्य प्रकारका पीडा भोगेका व्यक्तिहरूको योगदान समुदायको सामूहिक स्मृतिको महत्वपूर्ण हिस्सा हो।

दुर्भाग्यवश, थारू समुदायका धेरै बलिदानीहरूको इतिहास व्यवस्थित रूपमा अभिलेखीकरण, अध्ययन तथा दस्तावेजीकरण हुन सकेको छैन। यस कारण उनीहरूको योगदान राष्ट्रिय इतिहासमा अपेक्षित रूपमा स्थापित हुन नसकेको अवस्था विद्यमान छ। इतिहासका यस्ता महत्वपूर्ण पक्षहरूको संरक्षण, अनुसन्धान तथा प्रकाशन आवश्यक रहेको महसुस गर्दै थारू आयोगले बलिदानीहरूको इतिहासलाई अभिलेखीकरण गरी भावी पुस्तासम्म पुऱ्याउने कार्यलाई महत्वपूर्ण दायित्वका रूपमा लिएको छ।

आयोगको धारणा अनुसार बलिदानीहरूको सम्मान गर्नु भनेको केवल उनीहरूको सम्झना गर्नु मात्र होइन, उनीहरूले देखाएको साहस, त्याग, समर्पण तथा न्यायका लागि गरेको संघर्षलाई आत्मसात् गर्नु पनि हो। यसले समुदायमा ऐतिहासिक चेतना, आत्मसम्मान तथा एकताको भावना अभिवृद्धि गर्न मद्दत पुऱ्याउनेछ।

थारू आयोग विश्वास गर्दछ कि थारू बलिदानीहरूको इतिहासको खोज, अध्ययन, अनुसन्धान तथा प्रकाशनले समुदायको गौरवशाली इतिहासलाई उजागर गर्नुका साथै राष्ट्रिय इतिहासलाई थप समावेशी, वस्तुनिष्ठ र समृद्ध बनाउन योगदान पुऱ्याउनेछ। साथै, यसले नयाँ पुस्तालाई आफ्नो इतिहास, पहिचान र योगदानप्रति सचेत तथा जिम्मेवार बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

अन्त्यमा, थारू समुदायका ज्ञात तथा अज्ञात सम्पूर्ण बलिदानीहरूप्रति आयोग उच्च सम्मान व्यक्त गर्दछ। साथै, उनीहरूको योगदानको खोज, संरक्षण तथा प्रचारप्रसारमा सहयोग पुऱ्याउने इतिहासकार, अनुसन्धानकर्ता, सामाजिक अगुवा, संघसंस्था तथा सम्पूर्ण समुदायप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछ। आयोगले आगामी दिनमा पनि बलिदानीहरूको इतिहासको संरक्षण र प्रवर्द्धनका कार्यलाई निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गर्दछ।

**– माननीय सुबोध सिंह थारु**
का.वा. अध्यक्ष

# दुई शब्द

थारू आयोग, अनामनगर, काठमाडौं र चली गोचाली मिडिया प्रालि, कीर्तिपुर-५, काठमाडौंका बिचमा थारू समुदायको बलिदानीको इतिहास एक अध्ययन शीर्षकमा अध्ययन अनुसन्धान गर्नका लागि २०८१ पुस ९ गते सम्झौता भएको थियो। यसअनुसार पुस मसान्तसम्म थारू समुदायको बलिदानीको इतिहाससम्बन्धी पुस्तक, पत्रिका अध्ययन तथा यसबारे जानकार स्रोत व्यक्तिहरूको सूची तयारी गरियो। थारू कल्याणकारिणी सभाका पदाधिकारीलगायतको समन्वयमा विभिन्न जिल्लामा फागुन मसान्तसम्म फिल्ड अध्ययन गरियो। थारू आयोगका तत्कालीन अध्यक्ष विष्णु चौधरी लगायतको समुपस्थितिमा २०८१ चैतको पहिलो साता प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो। यस प्रतिवेदन उपर प्राप्त सुझावअनुसार थप फिल्ड अध्ययन तथा प्रतिवेदन तयारी २०८२ वैशाख मसान्तसम्म गरेर २०८२ जेठको पहिलो साता अन्तिम प्रतिवेदन प्रस्तुति तथा प्रतिवेदन हस्तान्तरण गरियो।

नेपाली शब्दकोशका अनुसार 'सहिद' र 'शहीद' दुबै शब्द प्रयोग हुन्छ। यद्यपि, यसको मूल प्रतिवेदनमा 'सहिद' शब्द प्रयोग गरिएको छ। तर, केही पुस्तक, सहिद पार्कको व्यानरमा 'शहीद'लगायत जस्तो शब्द प्रयोग भएको छ, सोहीअनुसार प्रयोग गरिएको छ। त्यसैले, यसमा पाठकवर्ग भ्रममा नपर्न हुन अनुरोध छ।

थारू समुदायको बलिदानीको इतिहास अध्ययनको सिलसिलामा केही थारू सहिदहरूका नाममा प्रतिष्ठानसमेत गठन गरेको पाइयो। तर, तिनको योगदान, स्मारिका प्रकाशन, तस्विरलगायतको दस्तावेजीकरणमा शुन्य अवस्था रहेको पाइयो। इतिहास जित्नेहरूका लागि लेखिने आमप्रबृत्ति हो। शेखर दहितले २०७८ सालमा थारू जोधा (योद्धा) पुस्तक थारू भाषामै लेखेर केही थारू समाजसेवीहरूको जीवनी प्रकाशन गरेर पुर्खाहरूको योगदानको दस्तावेजीकरणको दैलो उघारेका छन्।

हाल आएर थारू आयोगबाट थारू समुदायको बलिदानीको इतिहासको दस्तावेजीकरण अध्ययनमा प्राथमिकता दिइएको विषय आफैमा ऐतिहासिक छ। यस्तो महत्वपूर्ण कार्यमा होस्टेमा हैंसे गर्न पाएकोमा आयोगका कावा अध्यक्ष माननीय सुवोधसिंह थारू, थारू आयोगका सम्पूर्ण माननीय सदस्यहरू तथा कर्मचारी वर्गप्रति आभारी छौं।

साथै, यस अध्ययनमा महत्वपूर्ण सुझाव दिनुहुने विद्वतवर्ग, जानकार स्रोत व्यक्तिहरू, सहिद परिवारका सदस्य तथा यसअघि अध्ययन गरिएका पुस्तक, पत्रिका, वेबसाइट, जहाँबाट सूचना उद्धृत गरिए, ती सबैप्रति आभार व्यक्त गर्न चाहन्छौं। यस अध्ययनमा सहायक अनुसन्धानकर्ता भूमिका चौधरी थारूको अथक मिहिनेत परेको छ, तिनलाई कसरी भुल्न सकिन्छ र ?

अन्तमा, थारू समुदायको बलिदानीको इतिहास खोज्ने क्रममा थारू सहिदहरूको सूचीकरण गर्न निकै हम्मे पर्यो। २०५२ देखि २०६२ सालसम्म भएको माओवादी आन्दोलनमा सबैभन्दा बढी हिंसा भोग्नु परेको समुदाय थारू थियो। थारू सहिदहरूको सूची तयार पार्ने क्रममा स्रोतको रूपमा राजपत्रमा प्रकाशित माओवादीलगायत आन्दोलनमा सहिद हुनेहरूको जिल्लागत सूची दिइएको छ। साथै, वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, नेपालको वार्षिक प्रतिवेदन (२०८०/२०८१) को आधार लिइएको छ। तर, ती प्रतिवेदनमा चौधरी उल्लेख भएका सबै थारू समुदायका नहुने हुँदा निर्क्यौल गर्न, अन्तिम टुंगोमा पुग्न अध्ययन टोलीलाई निकै सकस परेको थियो। त्यसैले, यो अध्ययन आफैमा पूर्ण होइन। यसमा भएका कमी कमजोरीप्रति थारू आयोगभन्दा अध्ययन समूह नै जिम्मेवार छ।तपाईंहरूको अमूल्य सल्लाह सुझावको अपेक्षामा रहेका छौं।

**डा कृष्णराज सर्वहारी**

मुख्य अनुसन्धानकर्ता

**चली गोचाली मिडिया प्रालि**

कीर्तिपुर-५, काठमाडौं

**सम्पर्क:** ९८५१११६१८३

**इमेल:** ksarbahari@gmail.com

# विषय सूची

## अध्याय एक


**अध्ययन परिचय** १३

१.१ **अध्ययनको शीर्षक** १३

१.२ अध्ययनको पृष्ठभूमि १३

१.३ अध्ययनको समस्या १३

१.४ अनुसन्धानको उद्देश्य १३

१.५ अध्ययन सिमा १३

१.६ पूर्व कार्यको समीक्षा १४

१.७ अध्ययन विधि र प्रक्रिया १४


## अध्याय- दुई


**थारु समुदायको बलिदानीको इतिहास** १५

२.१ **परिचय** १५

२.२ थारू जातिको परिचय १६

२.३ थारू समुदायको बलिदानीको इतिहास १७

२.४ **एकीकरण अघिको आन्दोलनमा बलिदानी** १८

२.४.१ पर्सागढीमा सरदार रञ्जित चौधरीको वीरता १८

२.५ **राणाकालमा बलिदानी** २०

२.५.१ भोलानाथ सुब्बा थारूलाई फाँसी २०

२.६ **२०४६ सालअघिको बलिदानी** २१

२.६.१ २००७ सालदेखि २०१७ सालको आन्दोलनमा बलिदानी २१

अ) भीमदत्त पन्तको क्रान्तिको क्रममा थारू सहिद २२

आ) किसान आन्दोलनमा बलिदानी २३

क) बाँकेका प्रथम किसान सहिद बैजनाथ थारू २३

ख) बर्दिया बेलवाको खलिहान गोलीकाण्डमा ६ जना थारू किसान सहिद २५

ग) कनकपुर घटनाका सहिद विहारी लेखी थारू २६

घ) दाङको बेलवा किसान विद्रोह र सहिद गुम्रा थारू २६

२.७ **२०१८ सालदेखि २०४६ साल सम्मको आन्दोलनमा बलिदानी** २८

२.७.१ पञ्चेहरूका कारण सहिद भएका जोगराम थारू २८

२.७.२ बाटोका कारण बलिदानी दिनु परेका टिमाइ माझी थारू २९

२.७.३ झापा काण्डमा भुटन चौधरीको बलिदानी ३०

२.७.४ जाली तमसुकका कारण मोहन थारूको बलिदानी ३१
२.७.५ पञ्चेहरूका कारण सहिद भएका रामप्रसाद चौधरी ३३
२.७.६ पञ्चेहरूका कारण सहिद भएका सहिद दिलीप चौधरी ३३
२.८ २०४६ पछि, जनयुद्ध अघिसम्म बलिदानी ३३
२.८.१ बर्दियाको कनरा आन्दोलनमा रुन्चे थारूको बलिदानी ३३
२.८.२ कमैया, कमलरी मुक्ति आन्दोलनमा बलिदानी ३४
२.८.२ निर्वाचनको क्रममा बलिदानी ३४

## अध्याय- तीन

**माओवादी आन्दोलनमा बलिदानी ३५**
३.१ परिचय ३५
३.२ माओवादी आन्दोलनमा सहिद हुनेहरू ३५
३.२.१ बर्गद्दी काण्ड ३६
३.२.२ पेन्ड्या काण्ड ३८
३.२.३ सहिद भए स्कुले विद्यार्थी ३९
३.३ जनयुद्धमा बेपत्ता थारू सुमदाय ४०
३.३.१ भाषिक सहिद सगुनलाल चौधरी ४१

## अध्याय चार

**थरुहट आन्दोलनमा बलिदानी ४३**
४.१ परिचय ४३
४.२ थरुहट आन्दोलनका सहिद कमल चौधरी ४४
४.३ थरुहट आन्दोलनका सहिद प्रकाश चौधरी ४५
४.३ थरुहट आन्दोलनका सहिद रामप्रकाश चौधरी ४६
४.५ थरुहट आन्दोलनका सहिद धनबहादुर थनेत ४७
४.६ थरुहट आन्दोलनका घाइते सञ्जित चौधरी ४९
**४.७ अन्य आन्दोलनमा बलिदानी ५०**
४.७.१ जनआन्दोलन-२ मा बलिदानी ५०
४.७.२ पहिलो संविधान सभाको निर्वाचनको क्रममा बलिदानी ५०
४.७.३ टीकापुर आन्दोलनमा बलिदानी ५०
४.७.४ संरक्षण आन्दोलनका क्रममा नविना चौधरीको बलिदानी ५१

## अध्याय पाँच

**उपसंहार** **५२**

५.१ परिचय ५२

५.२ निश्कर्ष ५२

५.३ सिफारिस ५३

**सन्दर्भ सूची** **५६**

### परिशिष्ट खण्ड

परिशिष्ट १: माओवादीलगायत आन्दोलनमा सहिद हुनेहरूको नामावली ५९

परिशिष्ट २: जनयुद्धमा वेपत्ता भएका थारू समुदायका व्यक्तिहरूको नामावली ७९

परिशिष्ट ३: अध्ययनका स्रोत व्यक्तिहरूको नामावली ९५

# अध्याय एक

# अध्ययन, अनुसन्धान परिचय

## १.१ अध्ययनको शीर्षक

यस अनुसन्धानको शीर्षक 'थारू समुदायको बलिदानीको इतिहासः एक अध्ययन' रहेको छ।

## १.२ अध्ययनको पृष्ठभूमि

प्रज्ञा नेपाली बृहत् शब्दकोशमा 'बलिदान' शब्दको परिभाषामा भनिएको छ,'लोकहित वा राष्ट्रका निम्ति गरिने उत्सर्ग, त्याग।' त्यस्तै, 'बलिदानी' शब्दको परिभाषामा भनिएको छ, 'बलिदान गर्ने, त्यागी, सहिद' (उप्रेती र अरु, २००७: १३७५)। यो अध्ययन देशका लागि बलिदानी गर्ने थारू समुदायका ब्यक्ति तथा उनीहरू संग्लग्न घटनाका बारेमा आधारित रहेको छ।

थारू समुदायको बसोबास तराई तथा भित्री तराईमा पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्म रहेको छ। थारूहरूले आफनो पहिचानका लागि इतिहासमा लामा सङ्घर्ष गरेका छन् तर यसको सही दस्तावेजीकरण भएको छैन। आफ्नो स्वपहिचानको लागि थारूहरूले विभिन्न समयमा बलिदानी दिएका छन्। बि.सं २००५ सालमा स्थापना भएको थारूहरूको साझा जातीय छाता सङ्गठन थारू कल्याणकारिणी सभा (थाकस) नेपालको सबैभन्दा पुरानो सामाजिक संस्था हो। विडम्वना, 'थारू समुदायको बलिदानको इतिहास' बारे दस्तावेजीकरण यस संस्थाबाट पनि भएको देखिदैन। त्यसैले, 'थारू समुदायको बलिदानको इतिहास' दस्तावेजीकरण समसामयिक छ।

थरुहट आन्दोलनः टीकापुर कथा (२०७३) पुस्तकमा कृष्णराज सर्वहारी तथा गणेश चौधरीले थरुहट आन्दोलनको बारेमा चर्चा गरेका छन्। तर, यसमा बलिदानी दिने व्यक्तिबारे विस्तृत विवरण समेटिएको छैन। मिनराज चौधरीले पनि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट थरुहट आन्दोलनबारे प्रकाशित पुस्तकमा बुँदागत तथ्य तथा रंगीन तस्विर समेटेका छन्। तर, यसमा पनि बलिदानी दिने व्यक्तिबारे वृहत् अध्ययन समेटिएको छैन। माथि चर्चा गरिएको प्रसँगसँगै बलिदानीको समयको घटना प्रसँगसमेत समेटेर थारू समुदायको बलिदानीको इतिहासबारे दस्तावेजीकरण गर्ने यस अनुसन्धानको उद्धेश्य रहेको छ। यस अध्ययनले थारू समुदायको इतिहासको एउटा पाटोको खाडल पुर्नमा सहयोग पुग्नेछ।

## १.३ अध्ययनको समस्या

थारू समुदायको बलिदानीको इतिहास दस्तावेजीकरण गर्ने यस अनुसन्धानको प्रमुख उद्देश्य हो। यसका लागि निम्न लिखित अनुसन्धान प्रश्नहरू रहेको छस्

क) थारू समुदायको बलिदानीको इतिहास के कस्तो छ ?

ख) थारू समुदायमा बलिदान दिनेहरूको जीवन बृत्तान्त के कस्तो छ ?

## १.४ अनुसन्धानको उद्देश्य

क) थारू समुदायको बलिदानको इतिहासबारे शोधखोज गर्नु।

ख) थारू समुदायमा बलिदान गर्नेहरूको जीवन बृत्तान्तबारे अध्ययन गर्नु।

## १.५ अध्ययन सीमा

'थारू समुदायको बलिदानीको इतिहास' शीर्षकको यस अध्ययनको क्षेत्र सीमा थारू समुदायको बलिदानीको इतिहास बोकेको स्थान क्षेत्रअन्तर्गत नेपालभर रहेको छ।

## १.६ पूर्व कार्यको समीक्षा

थारूहरूले आफनो पहिचानका लागि इतिहासमा लामो सङ्घर्ष गरेका छन् । तर यसको सही दस्तावेजीकरण भएको छैन । जस्तो कि बर्दियामा २००८ साल तथा दाङमा २०१६ सालमा थारू किसानहरूले विद्रोह गरेका देखिन्छ (दहित, २०६३:७) । बेलवा बन्जारी काण्ड भनेर चिनिने दाङको २०१६ सालको आन्दोलनबारे गुम्रा थारूको जति चर्चा छ, अरु पात्र गुमनाम छन् ।

माओवादीको १० वर्षे जनयुद्धका क्रममा २०५२ फागुन १ देखि २०६३ मङसिर ५ सम्म नेपालीभाषी पछि थारूभाषी सबैभन्दा बढी हताहत भए, जसमा ८३३ थारूले ज्यान गुमाएका, २४१ थारू बेपत्ता पारिएका तथा ४४ जना थारू अपाङ्ग भएको तथ्याङ्क छ ।[1]

नेपाल सरकारले सशस्त्र विद्रोह र विभिन्न आन्दोलनका क्रममा ज्यान गुमाएका व्यक्तिहरूको नाम राजपत्रमा प्रकाशित गर्ने निर्णयअनुसार २०६५ पुस ९ गते पहिलो पटक राजपत्रमा नामावली प्रकाशित गरेको थियो, जसमा ३ हजार ३ सय ७१ जनाको नाम प्रकाशित छ । त्यस्तै, २०७९ फागुन १५ गतेको राजपत्रमा सहिदहरूको नामावली प्रकाशन गरिएको छ । दाङ जिल्लाका मात्रै १३० जना थारू समुदायका व्यक्तिले सहादत प्राप्त गरेका थिए, जसमध्ये २२ जना थारू महिला थिए (चौधरी, २०८१: ४१) ।

उक्त राजपत्रमा उल्लेख छ- अग्रगामी परिवर्तनका लागि भएको सशस्त्र संघर्ष र क्रान्तिका क्रममा सहादत प्राप्त देहाय वमोजिमका सदस्य तथा पदाधिकारीहरूलाई सम्मानस्वरूप नेपाल सरकारले देहायका मितिमा सहिद घोषणा गर्ने निर्णयको आधारमा नेपाल सरकारले मिति २०७९ फागुन १५ गतेको निर्णयअनुसार राजपत्रमा सूचना प्रकाशित गरेको हो ।

२०६५ वैशाखमा १३ दिन, २०६५ फागुनमा १९ दिन तथा २०६९ वैशाख/जेठमा २१ दिन थरुहट आन्दोलन भएको थियो । ती आन्दोलनमा पनि थारू समुदायको बलिदानी रह्यो । आमहड्तालका क्रममा चितवनमा दुईजना युवा कमल चौधरी र विपिन खड्काले प्रहरीको गोली लागी २०६५ फागुन २१ गते मृत्युवरण गरे । २०६५ फागुन ३) गते दाङ-देउखुरी सिसिहनिया-७ लठ्ठहवाका प्रकाश चौधरी र रामप्रसाद चौधरी पनि प्रहरीकै गोलीबाट मारिए (सर्वहारी र चौधरी, २०७३: ६७) ।

सुशील चौधरीद्वारा सम्पादित "बर्दिया जिल्लाः जनयुद्धमा शहीद, ज्यान गुमाएका बेपत्ता पारिएका तथा घाइते योद्धाहरूको जीवनगाथा" (२०७७) पुस्तकमा ६ सय ८० जना योद्धाहरूको जीवनी समेटिएको छ । यसमा ३ सय २८ सहिद तथा मारिएका व्यक्ति, २ सय ५० जना वेपत्ता र १ सय २ जना घाइते तथा अपाङ्गता भएकाहरूको दस्तावेजीकरण छ । यसमा व्यक्तिको बाल्यकाल, युवाकाल, राजनीतिक जीवन र संलग्नताको साथै आर्थिक तथा सामाजिक परिवेश समेटिएको छ । सहिद तथा मारिएका व्यक्तिको यो सूचीमा प्रायः थारू समुदायकै छन् ।

७ भदौ २०७२ मा थरुहट आन्दोलनका क्रममा टीकापुरमा आठ प्रहरी एक नाबालक मारिए । त्यसको वर्ष दिनपछि २ भदौ २०७३ मा बसेको मन्त्रिपरिषद्को बैठकले ५२ जनालाई सहिद घोषणा गर्ने निर्णय गऱ्यो, जसमा टीकापुरमा मारिने आठ तथा अन्य तीन गरी ११ प्रहरी तथा तराई-मधेश, थरुहट तथा सीमाङ्कनका लागि भएको आन्दोलनका क्रममा मारिएका ४१ जना थिए (सर्वहारी क २०७३: ३८) ।

## १.७ अध्ययन विधि र प्रक्रिया

यस अध्ययनका लागि बलिदानी भएको जिल्ला र स्थानमा गई सम्भव भएसम्म संघर्षमा सहभागी व्यक्ति जानकारहरूसँग छलफल र प्रश्नोत्तर गरिएको छ । यसका लागि खुला र बन्द प्रश्नावली तयार गरिएको थियो । साथै, थरुहटका विभिन्न जिल्ला तथा काठमाडौंमा समेत राजनीतिक दलको प्रतिनिधित्व थारू कल्याणकारिणी सभाका पदाधिकारीलगायत थारूसम्बद्ध विभिन्न संघसंस्थाका प्रतिनिधि, सञ्चारकर्मी, महिला, बुद्धिजीवीहरूको सहभागितामा अन्तक्रिया गरियो । यसरी प्राथमिक तथ्याङ्कबाट संकलित जानकारीबाहेक द्वितीय तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ । द्वितीय तथ्याङ्कको रूपमा बलिदानीबारे प्रकाशित विभिन्न पुस्तक, पत्रपत्रिका, अनलाइन लगायतबाट स्रोत सामग्री संकलन गरिएको छ ।

1 www.inseconline. org.np/victim/pdf/karyakari_ saransha/pdf. Accessed at 14 Feb 2024.

# अध्याय- दुई

# थारू समुदायको बलिदानीको इतिहास

## २.१ परिचय

थारू समुदायको बलिदानीको इतिहास शीर्षकको यस अध्ययनलाई मूल रूपमा पाँच अध्यायमा बाँडिएको छ। यस क्रममा पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि दिइएको छ। दोस्रो अध्यायको प्रारम्भ थारू जातिको परिचयबाट गरिएको छ। साथै, थारू समुदायको बलिदानीको इतिहास खोतल्ने क्रममा नेपाल एकीकरण अघिको आन्दोलनमा बलिदानीबाट सुरु गरिएको छ। यद्यपि एकीकरण अघिको आन्दोलनमा बलिदानीबारे कुनै ठोस तथ्य फेला पार्न सकिएको छैन। यस शीर्षकमा पर्सागढीमा अंग्रेजसँग लडाइ लडेका सरदार रन्जित थारूको वीरताबारे जानकारी समेटिएको छ।

दोस्रो अध्यायको अर्को उपशीर्षकमा राणाकालमा बलिदानीको प्रसँगमा सप्तरीका भोलानाथ सुब्बा थारूलाई तत्कालीन शासकबाट फाँसी दिइएको चर्चा छ। राणाकालमा थारू समुदायका अन्यले पनि बलिदानी दिएको हुनुपर्छ तर दस्तावेजीकरण भेटिदैन।

२०४६ साल अघिको बलिदानी शीर्षकलाई दुई भागमा वर्गीकरण गरी २००७ सालदेखि २०१७ सालको आन्दोलनमा बलिदानी तथा २०१८ सालदेखि २०४६ साल सम्मको आन्दोलनमा बलिदानी भनी छुट्टाछुट्टै उपशीर्षकमा चर्चा गरिएको छ। २००७ साल फागुन ७ को प्रजातन्त्र स्थापनालाई अधुरो मान्दै सुदूरपश्चिममा पुनः सशस्त्र संघर्ष गरेका भीमदत्त पन्तको क्रान्तिको क्रममा थारू समुदायका योद्धा पनि सहिद भएको प्रसँग यहाँ समेटिएको छ। २००७ सालको क्रान्तिले खासगरी किसानवर्गलाई जुरुक्क जुरुक्क उचालेको थियो। यसको ज्वारभाटा एक दशकसम्म उर्लिएको थियो। यस क्रममा किसान आन्दोलनमा बलिदानी शीर्षकमा प्रजातन्त्रका सेनानी सहिद बैजनाथ थारू, बर्दिया बेलवाको खलिहान गोलीकाण्डमा ६ जना थारू सहिद, सप्तरीको कनकपुर घटनाका सहिद विहारी लेखी थारू, दाङको बेलवा-बन्जारी किसान विद्रोहमा सहिद भएका गुम्रा थारूको प्रसँग केलाइएको छ।

दोस्रो अध्यायमै २०१८ सालदेखि २०४६ साल सम्मको आन्दोलनमा बलिदानी पर्गेल्ने क्रममा पञ्चायतका शासकहरूका कारण २०१८ सालमा सहिद भएका कैलालीका जोगराम थारूबारे चर्चा गरिएको छ। यस्तै, जाली तमसुकका कारण बर्दियाका मोहन थारूले २०३६ सालमा बलिदानी दिनु परेको घटना यहाँ समेटिएको छ। पञ्चायती शासकहरूकै कारण २०४२ सालमा काठमाडौंबाट वेपत्ता पारिएका सप्तरीका सहिद दिलीप चौधरीबारे पनि यहाँ केही तथ्य समेटिएको छ।

२०४६ पछि जनयुद्ध अघिसम्म बलिदानी शीर्षकमा पचासको दशकमा भएको बर्दियाको कनरा आन्दोलनमा रुन्चे थारूको बलिदानीबारे चर्चा गरिएको छ। यही कनरा आन्दोलनका कारण त्यहाँका ४ हजार बढी किसानले जग्गा पाएका थिए। साथै, देशभर आयोगसमेत गठन भएको थियो। त्यस्तै, २०५१ सालमा दाङको बिजौरी घटनामा थारू समुदायका युवाले बलिदानी दिएको तथा २०५७ देखि २०७० सम्म चलेको कमैया, कमलरी मुक्ति आन्दोलनबारे यहाँ केही प्रसँग छ। कमैया, कमलरी मुक्ति आन्दोलनका क्रममा ज्यानै गुमाउने गरी घटना नभएपनि कमलरीहरूले मालिकको घरमा ज्यान गुमाएको देखिन्छ।

तेस्रो अध्यायमा २०५२ देखि २०६२ सालसम्म भएको माओवादी आन्दोलनमा बलिदानी दिनेहरूबारे विस्तृत रुपमा समेटिएको छ। जनयुद्धमा सबैभन्दा बढी हिंसा भोग्नु परेको समुदाय थारू थियो। यस क्रममा राजपत्रमा प्रकाशित माओवादीलगायत आन्दोलनमा सहिद हुनेहरूको जिल्लागत सूची समावेश गरिएको छ। २०५८ मंसिर पछिको कारवाहीमा सुरक्षा फौजले आफ्नो रिपोर्टमा माओवादी भनेको तर त्यसमा निर्दोष थारू किसानहरू पनि परेका थिए। दाइँ गर्दागर्दै सुरक्षा फौजको कारवाहीमा ११ जनाको विभत्स हत्या भएको दाङको बर्गदी काण्ड र खेतीपाती खाइसकेपछि खाइने पेन्ड्या खाएर फर्किने ९ जनाको सामूहिक हत्या काण्ड यसको उदाहरण थियो। यसबारे पनि यहाँ समेटिएको छ।

जनयुद्धमा सबैभन्दा बढी बेपत्ता हुने समुदाय पनि थारू नै हो। जिल्लागत सूची हेर्दा बर्दियामा सबैभन्दा बढी थारू समुदायका व्यक्ति बेपत्ता पारिएका छन्। वेपत्ता हुनेमा सामाजिक योगदान दिएका विभिन्न व्यक्ति पनि थिए। यहाँ उदाहरणको रूपमा भाषासेवी सगुनलाल चौधरीको जीवनी समेटिएको छ।

चौथो अध्याय थरुहट आन्दोलनमा बलिदानी दिनेहरूबारे रहेको छ। यस क्रममा थरुहट आन्दोलनका सहिद कमल चौधरी, रामप्रकाश चौधरी, प्रकाश चौधरी, धनबहादुर थनेतको घरमै पुगी तिनका परिवारसँग भेटघाट गरी तिनको अवस्था, मागबारे जानकारी लिई सो समावेश गरिएको छ। थरुहट आन्दोलनमा विपिन खड्काले पनि बलिदानी दिएका थिए तर अध्ययनको सीमितताका कारण यहाँ तिनका बारे जानकारी दिइएको छैन। थरुहट आन्दोलनका क्रममा कैयौं घाइते भएका थिए। यस क्रममा चितवनको टाँडीमा घाइते भई पुनर्जीवन पाएका सञ्जित चौधरीबारे प्रतिनिधि जानकारी प्रस्तुत गरिएको छ।

थरुहट आन्दोलनको उत्कर्ष २०७२ भदौ ७ र ८ मा भएको टीकापुर घटना थियो। टीकापुर घटनाबारे यहाँ केही जानकारी दिन उपयुक्त ठानिएको छ। यस घटनामा कैयौं घाइते भए, निर्दोष भएर पनि जेलजीवन बिताउन बाध्य भए।

आफ्नो हक, अधिकार, पहिचान लगायतको मागको क्रममा अन्य आन्दोलनमा पनि थारू समुदायबाट बलिदानी भएका छन्। यहाँ जनआन्दोलन २, संविधान सभाको पहिलो चुनावको क्रममा बलिदानी तथा संरक्षण आन्दोलनका क्रममा बर्दियाकी युवा नविना चौधरीको बलिदानी उदाहरणको रूपमा समेटिएको छ।

पाँचौ अध्याय उपसंहार खण्डको रूपमा रहेको छ। यस खण्डमा निष्कर्ष तथा सिफारिस दिइएको छ। पुछारमा सन्दर्भ सूची तथा परिशिष्ट रहेको छ। परिशिष्टमा माओवादी आन्दोलन लगायतमा सहिद हुनेहरूको नामावली, अध्ययनका क्रममा लिइएका तस्विर तथा अध्ययनका स्रोत व्यक्तिहरूको नामावली दिइएको छ।

## २.२ थारू जातिको परिचय

२०७८ सालको राष्ट्रिय जनगणना मुताबिक नेपालमा थारू जातिको जनसंख्या १८ लाख ७ हजार १२४ (६.२ प्रतिशत) रहेको छ। १० वर्षे सशस्त्र जनयुद्धमा खास गरी लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशका थारू समुदायका व्यक्ति बढी होमिएका थिए। लुम्बिनी प्रदेशमा ७ लाख ३२ हजार ६९ (१४.२९ प्रतिशत) तथा सुदूरपश्चिम प्रदेशमा ३ लाख (७ हजार ८२२ (१४.७६ प्रतिशत) जनसंख्या थारू समुदायको रहेको छ।

थारू जातिको बसोबास तराई क्षेत्रको पूर्व झापादेखि पश्चिम कञ्चनपुर जिल्लासम्म फैलिएर रहेको छ। 'दाङ' जिल्लालाई थारू जातिको उद्गम थलो मानिन्छ। दाङमा थारू समुदायको जनसंख्या १ लाख ७८ हजार ३८१ (२६.४२ प्रतिशत) रहेको छ। दंगीशरण थारू राजाले राज्य गरेका हुनाले दंगी शब्दबाट अप्रभंश भई दाङ भएको भन्ने भनाई छ। दाङको सुकौरामा दंगीशरण दरवारको भग्नावशेष अझै पनि छ (जिविस दाङ, २०७१ :७) हो। यही दाङबाट विभिन्न जिल्लामा थारूहरू बसाइँ सरी गएको भन्ने भनाई छ।[२]

थारू शब्दको व्युत्पत्रि र अर्थका सम्बन्धमा विभिन्न तर्क दिइएको छ। थारू शब्दको उत्पत्तिबारे आफ्ना भनाई राख्नेमध्ये कसैले संस्कृतको 'स्थास्नु' शब्दबाट, कसैले बुद्ध धर्मको एक शाखा स्थविरको 'स्थेर' शब्दबाट, कसैले 'स्थुर' शब्दबाट, कसैले थारूहरू 'थारो' (तला नपाटेको घर) मा बस्ने हुनाले 'थारो' शब्दबाट र कसैले रैथाने अर्थमा ठालु (ग्राम प्रमुख) शब्दबाट यसको उत्पत्ति भएको मान्ने गरेका छन् (थारू, २०६९: २७)।

मातृकाप्रसाद कोइराला (उद्) सिंह मौन, २०२५: १०-११) तथा ईश्वर बरालका अनुसार (२००४:४३) थारू जाति राजस्थानको थारबाट आएकोले थारू भएको हो। यद्यपि, थार संज्ञा नै प्राचीन नरहेको देखिन्छ। उता जनकलाल शर्मा र कृष्ण वम मल्लका अनुसार (२०१४:१९) शाक्य वंशीहरूमा स्थविरबादी सम्प्रदायका मानिसहरू 'स्थविर' कहलिन्थे र यसैको विकृत रूप थारू भएको हो।

टेकनाथ गौतमका अनुसार (२०४४:१) थारू शब्द संस्कृतबाट आएको, संस्कृत व्याकरणमा 'थर्व' धातु पुलिङ्ग, एकवचनमा 'थर्वाण' स्त्री लिङ्गमा 'थर्वणी' प्रयोग हुने भएकाले थर्वाबाट 'थारू' र थर्वणीबाट 'थरुनी' भएको हो।

उता, धम्मपदलाई थारू भाषामा अनुवाद गर्ने रामानन्दप्रसाद सिंहले थारू बुद्धका सन्तान हुन् भनेका छन् (गुनरत्ने, सन् २००६:५२)। त्यसो त वैज्ञानिक अनुसन्धानअनुसार थारू जातिलाई मलेरियाबाट उन्मुक्त हुन कम्तीमा ३ हजार वर्षभन्दा बढी लागेको हुनाले बुद्ध

२ बाँके, बर्दिया, कैलाली, कञ्चनपुरका प्रायः सबै थारू दाङदेउखुरीको कुनै न कुनै गाउँबाट बसाइँ सरी आएको बताउँछन्। कपिलवस्तु, रूपन्देही, नवलपरासीलगायत जिल्लामा पनि दङ्गौरा थारूहरू रहेका छन्। थारूहरू नेपालको पूर्वी क्षेत्र झापा, सुनसरी, मोरङमा पनि पश्चिमबाट बसाइँ सरेर आई बसेका हुन् भन्ने विभिन्न तथ्यले प्रमाणित (थारू, २०६९: ४४) हुन्छ।

जन्मिनु अगावै पनि थारू जातिको अस्तित्व रहेको देखिन्छ।

ऋषि केशवराज रेग्मी (२०३५:८१), धर्मराज थापा (२०५०: ७४), एस। के। श्रीवास्तव (सन् १९५८: १)) लगायतले थारू जातिको उत्पत्ति मङ्गोलबाट भएको मानेका छन्। प्रफूल्ल कुमार सिंह मौनका अनुसार (२०२५: २६) थारू मिश्रित जाति हो, जसमा एक साथ आर्य, मङ्गोल, द्रविड आदि रक्तहरूको सम्मिश्रण भएको छ। थारूहरूको उत्पत्तिबारे चर्चा गर्दा मंगोल र शाक्यवंशी मान्यतामा अन्वेषकहरूको धारणा बढी केन्द्रीत देखिन्छ (थारू, २०६९:४६)। तर, थारूहरू आफूहरूलाई मंगोल मान्न हीनतावोध गर्दछन्।

महेश चौधरीले सखिया र कृष्णजन्माष्टमी गीतमा 'भई गइल ठार' भन्ने वाक्याशं पटक पटक दोहरिएकोमा ठारमा 'रू' प्रत्यय थपी विशेषण बनाउँदा 'थारू' अर्थात् रूक्नेवाला मान्छे भएको भनाई (चौधरी २०६४:८५-८६)।

दत्तात्रेय शर्मा दाहालले थारूको अर्थ गतिमान, चलिरहने, एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सराई गर्दै रहने बताएका छन् (२०६३:६)।

मध्यपाषाणकालीन युग अर्थात् अढाइ लाखदेखि पाँच लाख वर्षपूर्वका ढुङ्गे हतियारहरू असंख्य मात्रामा दाडदेउखुरी, बर्दियाको दानव ताल र नवलपरासीको कोडडाँगीमा भेटिनुले प्राचीन थारू बस्ती भएको पुष्टि गर्छ। नेपालका थारूले भारतीय मूलका मानिसहरूलाई बाजी भन्नुले सम्भवतः यसको सम्बन्ध थरुहट क्षेत्रदेखि भारतको वृज्जी गणराज्यसँग देखिन्छ (चौधरी, २०६४: ८७)। थारू जाति केवल महाभारत पर्वतदेखि दक्षिण तराईको उत्तरी घाँच र भित्री मधेसमा बसेको छ। यदि थारू जाति बाहिरबाट आएको जाति भए अन्यत्र नै स्वस्थ्यकर जलवायु भएको भूमि आवाद गर्ने थियो। यसबाट पनि थारू जाति यसै भूमिको आदिवासी भन्ने बुझिन्छ।

तराईको कठिन वातावरणमा मलेरियासँग बाँच्न सक्ने प्रमुख जाति थारू तराईका बाघ, चितुवा, गोही, सर्प, हात्ती साथै जंगलका हिंसक जनावरहरू थारूहरूका लागि साथीभाइ जस्ता रहेका थिए। तराईको घनघोर जङ्गल फँडानी गरी जग्गा गुल्जार गर्नेदेखि लिएर धान खेती गर्ने जगपालक पनि थारूहरू नै हुन्।

वि.सं २००० सालसम्म हालको जस्तो बटैया जग्गा जोत्ने चलन नरहेकोले अधिकांश थारूहरू स्वयं जग्गाधनी थिए। तर, अपवादको रूपमा केही थारूहरूले मात्र तिरो तिरी जग्गा जोत्ने गरेका थिए। २०१९ मा विर्ता प्रथा उन्मुलन, भूमिसम्बन्धी ऐन २०२१ ले जिमिदारी उन्मुलन गऱ्यो र नयाँ भूमिसुधार लागु भई जग्गाको हदबन्दी कायम गऱ्यो। यसरी २०२० साल पछाडिको नयाँ प्रशासनिक संरचनामा थारूहरूको सामाजिक, राजनीतिक संरचना गौण भएको देखिन्छ। २०३६ सालपछि थारूहरूको परम्परागत सँगठन र संस्कृति झन ह्रासोन्मुख अवस्थामा पुग्यो (दिवस र प्रधान, सं।, २०६५: ४१)।

थारू नेपाली भूमिमा बसोबास गर्ने पुरानो जाति, नेपालको आदिवासी र अन्य जातिभन्दा छुट्टै संस्कृति पहिचान भएको एक परिश्रमी एवं महत्वपूर्ण जाति हो भनी पहिचान गर्न सकिन्छ। पहिचानको आन्दोलन चलेको बेला उनीहरू आफूलाई प्रकृति पूजकका रूपमा चिनाउन थालेका छन्।

नेपालको संविधान २०७२ ले आदिवासी जनजातिबाट थारूहरूको पृथक पहिचान गरी थारू आयोगसमेत गठन गरी उनीहरूलाई विशेष मान्यता दिएको छ। सवीच्च अदालतले लोकसेवा आयोगलाई थारूहरूको लागि छुट्टै कोटा छुट्याउने व्यवस्था गर्न आदेश दिएको तर कार्यान्वयन नभएको अवस्था छ। थारू कल्याणकारिणी सभाले यस सम्बन्धमा पचासौं पटक रिट हाले पनि बालुवामा पानी हाले जस्तो भएको छ।

## २.३ थारू समुदायको बलिदानीको इतिहास

थारू समुदायको बलिदानीको इतिहास हालसम्म सिलसिलेवार नलेखिएकाले यस समुदायबाट बलिदानी दिने पहिलो वीर सपूत को हुन् ? यकिन गर्न सक्ने अवस्था छैन।

त्यस्तै, माओवादीको १० वर्षे जनयुद्धका क्रममा नेपाली भाषीपछि थारूभाषी सबैभन्दा बढी हताहत भए, जसमा ८३३ थारूले ज्यान गुमाएका, २४१ थारू बेपत्ता पारिएका तथा ४४ जना थारू अपाङ्ग भएका थिए।[3]

3 (माओवादी जनयुद्धका क्रममा २०५२ फागुन १ दखि २०६३ मङसिर ५ सम्म हताहत भएका तथ्याङक, स्रोतः www.inseconline.org.np/victim.pdf.karyakari_saransha/pdf. Accessed at @ January 2025.]

२०६५ वैशाखमा १३ दिन, २०६५ फागुनमा १९ दिन तथा २०६९ वैशाख/जेठमा २१ दिन थरुहट आन्दोलन भएको थियो। ती आन्दोलनमा पनि थारू समुदायको बलिदानी रह्यो। आमहड्तालका क्रममा चितवनमा दुईजना युवा कमल चौधरी र विपिन खड् काले प्रहरीको गोली लागेर मृत्युवरण गरे। २०६५ फागुन ३० गते दाङ-देउखुरी सिसिहनिया-७ लठ्ठहवाका प्रकाश चौधरी र रामप्रसाद चौधरी पनि प्रहरीकै गोलीबाट मारिए (सर्वहारी र चौधरी, २०७३: ६७)।

यस खण्डलाई एकीकरण अघिको बलिदानी, राणाकालमा बलिदानी, छ्यालीस अघिको आन्दोलनमा बलिदानी, थरुहट आन्दोलनमा बलिदानी तथा माओवादी आन्दोलनमा थारूहरूको बलिदानी भनी मुख्य पाँच भागमा बाँडिएको छ।

## २.४ एकीकरण अघिको आन्दोलनमा बलिदानी

नेपाल एकीकरणअघि पनि थारू समुदायबाट बलिदानी भएको आधार छ। जस्तो कि अंग्रेजहरूसँगको लडाईमा बारा, पर्सा, रौतहटलगायत स्थानमा लडाई हुँदा थारू समुदायका व्यक्ति पनि रहेका थिए।[4] यहाँ पर्सागढीमा सरदार रञ्जित चौधरीको वीरताको चर्चा गरिएको छ।

### २.४.१ पर्सागढीमा सरदार रञ्जित चौधरीको वीरता

नेपाल एकीकरणअघि भारतमा अंग्रेज शासनकालको बेला यहाँका गोर्खा सैनिक तथा अंग्रेज सेनाबीच ठाउँ ठाउँमा लडाईं भएको थियो। यसै क्रममा लडाई टुंगोमा पुगी सुगौली सन्धि भएको थियो।[5] त्यसबेला अंग्रेज फौजले नेपालको सीमा विवादमा एकै पटक ५ स्थानमा हमला गरेको थियो। जसमध्ये २ स्थानमा पराजय तथा ३ स्थानमा विजय प्राप्त गऱ्यो। विजय पाएकोमा पर्सागढी पनि एक थियो (पन्ता २०२२: ७१)।

वि.सं १८७१ पौष १८ र १९ गते नेपाल र ब्रिटिस ईष्ट इन्डिया कम्पनी फौजबीच तत्कालीन मकवानपुर राज्यको 'पर्सागढी'मा युद्ध भएको थियो भन्ने थुप्रै तथ्यहरू फेला परेपनि त्यो युद्ध कसरी र कुन रूपमा भयो भन्ने विस्तृत बयान कतै प्राप्त भएको छैन। अंग्रेज फौजको नेतृत्व मेजर जनरल मार्ले अन्तर्गतका कप्तान सिब्लीले गरेका थिए भने नेपाली फौजको नेतृत्व रञ्जित चौधरीले गरेका थिए। अंग्रेज फौज करिब ५०० को हाराहारीमा रहेको भन्ने विभिन्न अभिलेखहरूमा पाइन्छ।

पर्सागढी'को युद्धस्थल पूर्वमा सिंग्याही नदी र पश्चिममा तिलावे नदीको बीच गढी इलाका भन्ने विभिन्न प्रमाणहरूबाट पुष्टि हुन्छ। अंग्रेज फौज विभिन्न हातहतियारबाट सु-सज्जित भई अगाडी बढिरहेको अवस्थामा साबिक गाउँ जिगना, पचरुखी, चैनपुर, बागेश्वरी, बागवान[6] , हरपुर र बिरुवा बकनेर्वाका स्थानीय बासिन्दाहरूले ठूलो संख्यामा स्थानीय हातहतियारसहित भैंसी तथा रांगाहरूको सिङमा मसाल बाँधी दुवै खोलाको मुहान र दोभानमा छाडी गोर्खाली फौजको ठूलो संख्या आएको भान पारी अंग्रेजलाई त्यहाँबाट भगाएको भन्ने कथन रहेको छ।[7] उनीहरूले पर्सागढी नजिकै रहेको तिलावे र सिंग्याही दोभानमा बाँध बाँधेका थिए।

'बाहुबली' हिन्दी फिल्ममा जसरी आफ्नो किल्ला जोगाउन नायकले भैंसी, गोरु र राँगाहरूको सिङमा मसाल बालेर छाडी दिएका थिए, त्यसरी नै रञ्जित चौधरीले साँझको समयमा भैंसी, गोरु र राँगाहरूको सिङमा मसाल बालेर छोडिदिएर डरलाग्दो दृष्य सिर्जना गरी अंग्रेज बस्ने क्याम्पतिर पठाएका थिए। लडाईंको क्रममा पर्सागढी-४, छोटैलीमा इमलीको रुखमा गोला लागेर रुख चिरा परेको थियो। त्यो गोलालाई स्थानीयले संरक्षण गरेर राखेका छन्। खेतबारी खन्ने क्रममा पनि कतिपयले पुराना अवशेषहरू फेला पार्ने गरेका थिए (चौधरी, २०७७: २७-२८)।

---

4 रौतहटमा भएको अंग्रेजहरूसँगको लडाईमा थारू समुदायका व्यक्तिहरूको पनि सहभागिता रहेको तर के कति हताहत भए एकिन छैन। रौतहटमा नेपाल पक्ष हारेकाले थारू समुदायका व्यक्ति पनि मारिएको हुन सक्ने अध्येता सञ्जय साह मित्र बताउँछन्। (कुराकानीमा आधारित)।

5 सुगौली सन्धि नेपाल र तत्कालीन इस्ट इन्डिया कम्पनी बीचमा भएको सम्झौता हो, जसबाट नेपाल अंग्रेज युद्धको विधिवत समाप्ति भएको थियो। यो सन्धिमा नेपालले आफ्नो अधीनस्थ भूमिको २ तिहाई भूभाग गुमाउनु परेको थियो। यो सन्धिमा ब्रिटिश इस्ट इन्डिया कम्पनी र नेपालबीच २ डिसेम्बर १८१५ (१९ मंसिर १८७२) मा हस्ताक्षर भएको र यसको पुष्टि ४ मार्च १८१६ भएको थियो। यो सन्धि गरेर ब्रिटिशद्वारा पर्वतीय राज्य नेपालमाथि दोस्रो पल्ट आक्रमण गरिंदा उब्जेको सन् १८१४ देखि १८१६ सम्म चलेको अंग्रेज/नेपाली युद्धलाई समाप्त गरियो। स्रोत: https://ne.wikipedia.org/wiki/सुगौली सन्धि/

6 रञ्जित चौधरीको घर पर्साको बागवान गाउँ थियो। आफूलाई उनको १२औं पुस्ता बताउने बृजमोहन चौधरी सोही गाउँमा बसोबास गर्छन्। २०८१ चैत २४ मा भएको कुराकानीमा पर्सागढी थारू समुदायको सरदारले जितेको किल्ला भएकाले संरक्षणको प्राथमिकतामा नपरेको हो कि ? भन्ने उनको दुःखेसो थियो।

7 स्रोत: पर्सागढीस्थित धर्मशालामा 'पर्सागढी'बारे केही जानकारी, परिचयको फ्ल्याक्स।

यसरी वि.सं १८७१ पौष १८ र १९ गते नेपाली सेनाले अंग्रेजविरुद्ध विजय हासिल गरेपश्चात वि.सं १८७१ साल चैत्र १ मा तत्कालीन श्री ५ महाराजधिराज गीर्वाणयुद्धविक्रम शाहबाट प्राण शाह, भीमसेन थापा, उदय गिरी, समरसेर साह, रणध्वज थापा र दलभञ्जन पाण्डेमार्फत् पर्सागढीमा भएको लडाईमा थारू समुदायका रञ्जित चौधरीले गरेको उल्लेखनीय योगदानका लालमोहर लगाई चौधरीहरूको वीरतापूर्ण योगदानको कदर गरेको प्रमाण इतिहासमा पाईन्छ।




*तस्विर १: पर्साको पर्सागढीमा स्थानीय सहयोगी थारू कल्याणकारिणी सभाका पूर्व जिल्ला सदस्य मोहनदास थारूसँग अनुसन्धानकर्ता डा कृष्णराज सर्वहारी।*

पर्सागढी परिसरमा भित्ता बनाई राजाहरूबाट बक्स त्यही लालमोहररूपी ३ थान प्रमाण अंकित गरिएको छ तर त्यसबेलाको भाषा र लिपिले केही बुझ्दैन। रञ्जित चौधरीको प्रसँग रहेको लालमोहर 'नेपालका राजाहरू तथा तराईका थारू' (२०५८) पुस्तकमा संकलित ५० थान लालमोहरमध्ये ३१, ३२ र ३३ नम्बरमा समेटिएको छ, जुन पर्सागढी परिसरस्थित भित्तामा अंकित छ।

३१ नम्बरको लालमोहरमा वि.सं १८७१-७२ को नेपाल-अंग्रेज युद्धको समयमा पर्सागढीमा भएको दुई पक्षको लडाईंमा रञ्जित चौधरीले उल्लेखनीय मेहनत गरेको यसमा परेको छ। यहाँ यिनले सैनिक वा आर्थिक कुन पक्षमा सहयोग गरे भन्ने कुरा स्पष्ट छैन।[8] सेन राज्यकालमा थारूहरूले राष्ट्रभक्त भई देश रक्षाका निमित्त भारतका मुगल विरुद्धको लडाईंमा वीरगति पाएका उदाहरण पाइएको हुँदा यी रञ्जित चौधरीले यो लडाई मा सैनिकको पक्षमा महत्वपूर्ण योगदान दिएका थिए भनी अनुमान गर्न सकिन्छ।



*तस्विर २: आफूलाई सरदार रञ्जित चौधरीको १२औं पुस्ता दावी गर्ने पर्सा, बगवानाका बृजमोहन चौधरीसंग सरदार रञ्जितबारे कुराकानी गर्दै अनुसन्धानकर्ता डा कृष्णराज सर्वहारी।*

वि।सं। १८७१ को पत्रमा गीर्वाणयुद्धविक्रम शाहले मेहनत गरेको रिझवापत रञ्जित चौधरीलाई पर्सा जिल्ला सिधमास प्रगन्नामध्ये बसडिलवा र लोरिआड गरी दुई गाउँहरूमा वि.सं १८७२ वैशाखदेखि राजअंकबाहेक जलकर, वनकर आदि विभिन्न दस्तुर उठाई सरकारलाई बुझाउनु पर्ने कार्य सुम्पेको विषय परेको छ। रञ्जित चौधरीले नेपाल-अंग्रेज युद्ध नसकिदै अर्थात् लडाईं सुरु भएको चार महिनाभित्रै यो विर्ता पाएका थिए (श्रेष्ठ, सं., २०५८: १७१-१७२)।

३२ नम्बरको लालमोहरमा वि.सं. १८७१ को यो रुक्कापत्रमा रञ्जित चौधरीले पहिलेदेखि उपभोग गर्दै आएको जमिन वि.सं. १८७१ मा भैरवदल कम्पनीको खान्गीमा पर्न गएकोमा वि।सं। १८७२ वैशाखदेखि लालमोहरअनुसार पाउने व्यहोरा परेको छ। यसैगरी ३३ नम्बरको लालमोहरमा वि।सं। १८७२ मा सुब्बा चन्द्रवीर थापाले रञ्जित चौधरीसँग रमौली, बसडिलवा र लोहीआड गरी तीन मौजाहरू वेषबुन्यादको रूपमा कायम गर्न रु ६०० सलामी माग्दा चौधरीले यस विरुद्ध दरवार गुहारी लालमोहरअनुसार न्याय पाएको कुरा परेको छ। (श्रेष्ठ, सं., २०५८:१७२-१७३)।

8 नेपाली सेनाले विभिन्न कालखण्डमा लडेका युद्धका विषयमा अनुसन्धान गरिरहेका सेवानिवृत्त जर्नेल प्रेमसिंह बस्न्यातले रञ्जित चौधरीसहितका स्थानीय बासिन्दाले नेपाली फौजलाई अंग्रेज फौजको बारेमा सूचना दिनेदेखि खाना, बस्नको प्रबन्ध मिलाएको तथ्यहरू फेला परेको बताए (घिमिरे, २०७९, बस्न्यात, २०७४: १७०)।

'पर्सागढी' पर्सा जिल्लाको पर्सागढी नगरपालिका-६ मा पर्छ। यो बाराको जीतपुरबाट १५ किलोमिटर दक्षिण पश्चिममा पर्छ। अनुसन्धानको क्रममा २०८१ चैत २४ गते विहान पर्सागढी पुग्दा त्यहाँका स्थानीय पर्सागढी परिसरमा रहेको बन्हर बाबा तथा दुर्गा मन्दिरमा पूजा आराधना गर्दै थिए।त्यहाँका पुजारी सोहन चौधरीले पर्सागढीमा अंग्रेजहरूसँगको लडाईंमा प्रयोग भएको हातहतियार, बम गोला देखाए।यी सामग्री धर्मशालामा राखिएको छ। तर भण्डारणको व्यवस्थापन खासै राम्रो देखिएन। 'पर्सागढी' पुग्ने बाटो पनि सुविधाजनक छैन। 'पर्सागढी' पुग्नै लाग्ने बेला अलि वरै कल्भर्ट बन्न नसक्दा बर्खामा जाने अवस्था नहुने स्थानीयको भनाई छ। त्यहाँको धर्मशालामा 'पर्सागढी'बारे केही जानकारी, परिचयको फ्ल्याक्स झुण्ड्याएको छ, जसमा सरदार रन्जित चौधरीको तस्विर पनि देखिन्छ। तर, उनको शालिक अझैसम्म ठडिएको देखिएन।[9]




गढीको नाममा नामकरण भएको पर्सागढी नगरपालिकाले समेत गढीको संरक्षणका लागि पर्याप्त कार्य नगरेको नगरेको स्थानीयहरूको गुनासो छ। गढीको विकासका लागि नगरपालिकाले प्रत्येक वर्ष बजेट विनियोजन गरे पनि त्यसको सही सदुपयोग हुन सकेको छैन।जो कोही पर्सागढी पुग्दा नेपाल-अंग्रेजबीच भएको ऐतिहासिक युद्ध ताजा हुनुपर्नेमा त्यस्तो अनुभूति नहुने पर्सागढी नगरपालिकाकी उपप्रमुख अर्चना चौधरीको स्वीकारोक्ति छ (चौधरी, २०७७:२८)।

पर्सागढी क्षेत्रमा स्थापित मन्दिरका पूजारी सोहन चौधरीले सरदार रन्जित चौधरीको समूहमा रही बन्हर बाबा (बन्हर चौधरी) पनि लडेको तथा वीरगति प्राप्त गरेको बताए। तर तिनलाई बाबाको रूपमा मात्रै प्रचार गरी गुमनाम गरिएको उनको भनाइ थियो। शासकहरूले बन्हरलाई बोलाउन पठाई शीर कलमी गरिदिएकोमा बन्हर विना टाउको घोडामा चढेर आफ्नो क्षेत्रमा आएको मिथक सुनिने गरिएको उनले बताए। रन्जित थारूको पनि गुरु मानिने बन्हर बाबाको थान पर्सागढी क्षेत्रमा स्थापित छ। पर्सागढीको लडाईमा के कति थारू सैनिकले सहादत प्राप्त गरे कुनै ठोस दस्तावेजीकरण भने भेटिदैन।

## २.५ राणाकालमा बलिदानी

नेपालमा वि.सं. १९०३ देखि २००७ सालसम्म १ सय ४ वर्ष राणा शासन चलेको थियो। राणाकालमा थारू अगुवाहरूलाई चौधरी, पटवारी, सुवाङ्गी, मान्जनलगायत नेतृत्वको धेरै अधिकार दिइएको थियो। जिमिदारी पाएका थारू अगुवाहरूले मालपोत उठाई सरकारलाई कर बुझाउँथे। गुरुवाहरूलाई धामी दस्तुर उठाउने अधिकार दिइएको थियो।

राणाकालमा शासकहरूबाट थारू समुदायका अगुवाहरूले पाएको ५०थान रुक्का (राजाको रातो छाप लागेको आदेशपत्र), लालमोहर (राजाको रातो मोहर छाप लागेको कागजात) नेपालका राजाहरू तथा तराईका थारू (२०५८) पुस्तकमा दस्तावेजीकरण भएको छ। निश्चय पनि जिम्मेवारी पाएको व्यक्तिले केही गलत काम गरे सजायको भागीदार हुनुपर्थ्यो। तर सजाय माफीनामा भएर पनि दण्ड पाएको उदाहरण हुन् सुब्बा भोलानाथ थारू।

### २.५.१ भोलानाथ सुब्बा थारूलाई फाँसी

सप्तरीको बरमझिया राणा शासनको पालामा खल्सा प्रगन्नाअन्तर्गत थियो। नेपाल एकीकरणको बेला उक्त प्रगन्नाका जिम्दार

9 सरदार रन्जित चौधरीको ९ फिटको शालिक माडी नगरपालिका-३, चितवनमा स्थापना गरिने योजनाअनुरूप काम अघि बढेको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान मूर्तिकला विभाग प्रमुख प्राज्ञ दिनेश्वर महतोले जानकारी दिएका छन् (हेर्नुहोस् परिशिष्टिमा तस्विर)।

थिए हेम चौधरी । हेम चौधरीका वंशज भोलानाथ चौधरीले जंगवहादुर राणाको शासनकालमा सुवाङ्गी पद सम्हालेको कारण राणा परिवारसँग राम्रै सम्बन्ध स्थापित गरेका थिए । सप्तरी भूक्षेत्रमा दुई सुब्बामध्ये थारू समुदायका भोलानाथ सुब्बा पनि एक गनिन्थे भने अर्को यादव थरका सुब्बा देवनाथ औरहीका थिए ।

वि.सं १९३३ मा जंगवहादुर राणाको निधनपछि उनका भाइहरू गद्दीसिन भए । रोलक्रम अनुसार जंगवहादुरका भाइहरू बितेपछि जंग खलक र शमशेर खलकबीच संघर्ष जारी थियो । जब शमशेर खलकका वीर शमशेरले श्री ३ को गद्दी सम्हाले, भोलानाथ सुब्बा असन्तुष्टजस्तै भएका थिए । त्यसै क्रममा भोलानाथ सुब्बाको पुर्खाले पाएको स्वायत्तता र विशेष अधिकार कटौती हुने भएपछि उनले विद्रोहको तयारी गरे । वि.सं १९४२ मा भोलानाथ सुब्बाले वीर शमशेरको शासन नस्वीकार्ने र आफ्नो जमिनदारी उपर आफ्नै हक रहेको भन्दै दावी पेश गरेपछि नेपालको सेना र सुब्बाका लठैतबीच युद्ध नै चल्यो । अन्ततः भोलानाथ सुब्बा गिरफ्तार भए ।

श्री ३ वीर शमशेरले उनलाई फाँसीको सजाय सुनाए । राजा सुरेन्द्रको खोपीमा भोलानाथ सुब्बाको माफीनामाको पत्र पुगेको थियो रे । त्यसको जवाफमा राजा सुरेन्द्रले श्री ३ वीर शमशेरलाई माफी दिन लगाए । तर, सो पत्र देवनाथ यादव सुब्बामार्फत पठाइएकाले बाटोमै जानाजान अलमल गरियो । समयमा पत्र नपठाइनाले भोलानाथ सुब्बालाई बरमझियामै फाँसी दिइएको इतिहास छ । फाँसीमा तीनपटक डोरी चुँडिएपछि अन्तमा उनलाई गोली प्रहार गरिएको थियो ।

उनीबारे एक मिथक थियो, 'उपर दिनानाथ, निचे भोलानाथ' । अर्थात् माथि दिनानाथ (सूर्य भगवान) तल भोलानाथ भोला भगवान । यसरी उनी कति शक्तिशाली थिए भन्ने उदाहरण उनका बारे भनिने यो मिथकले बताउँछ । हाल उक्त स्थानमा भोलानाथ सुब्बाको मन्दिर बनाइएको छ भने उक्त टोल बरमझियामा सुब्बा टोल भनी चिनिन्छ ।

## २.६ २०४६ सालअघिको बलिदानी

२०४६ अघिको आन्दोलनमा बलिदानीलाई यहाँ दुई भागमा चर्चा गरिएको छ । पहिलो २००७ सालदेखि २०१७ सालको आन्दोलनमा बलिदानी, दोस्रो २०१८ सालदेखि २०४६ सालसम्मको आन्दोलनमा बलिदानी ।

### २.६.१ २००७ सालदेखि २०१७ सालको आन्दोलनमा बलिदानी

२००७ साल असोजमा नेपाली काँग्रेसले बैरगनिया सम्मेलनमा राणाशासनविरुद्ध 'सशस्त्र क्रान्ति'को घोषणा गरेको थियो । काँग्रेसले मातृकाप्रसाद कोइरालालाई सुप्रिम कमान्डर घोषणा गरी 'मुक्तिसेना' नामक सशस्त्र दस्ता गठन गरेको थियो । त्यसबेला वडाहाकिम रहेका सबै जोगिए तर थारू समुदायका वडाहाकिम भने मारिएका थिए ।[10]

२००७ सालमा क्रान्ति भए पनि त्यस आन्दोलनको असर एक दशक भन्दा बढी परेको देखिन्छ । त्यसबेला घर कसको पोत्नेको, जग्गा कसको जोत्नेको नाराले दाङ, बर्दिया लगायतका थारू किसानहरू निकै पछिसम्म तंरगित भए । उता रौतहट केन्द्र बनेर २००० सालमा शुरु भई बारा, पर्सा, सर्लाही र सिराहासम्म फैलिएको किसानहरूको तमसुक फटा आन्दोलन भएको थियो (देउजा, २०७४) । तर, पूर्वी थरुहटमा भएको यस आन्दोलनमा थारू समुदायका किसानले बलिदानी दिनु परेको तथ्य खुल्दैन ।

अर्कोतिर २००७ सालको क्रान्तिलाई धोका मान्ने भीमदत्त पन्तले अगुवाई गरेको आन्दोलनमा पनि थारू समुदायका योद्धाहरू सामहित भए । भीमदत्तले आफ्नो विद्रोहको मुख्य एजेन्डा किसान मुक्तिलाई बनाएका थिए । यसरी विशुद्ध किसान आन्दोलन र भीमदत्त पन्तले अगुवाई गरेको आन्दोलन दुवैमा थारू समुदायले बलिदानी गरेको देखिन्छ ।

10 शासन सत्ता कब्जाका लागि काँग्रेसले तेह्रवटा मोर्चामा नेताहरूलाई खटाएको थियो । कैलाली/कञ्चनपुर मोर्चाको जिम्मेवारी राजेश्वरीप्रसाद उपाध्यायलाई दिइएको थियो । पार्टीको योजनाअनुसार चन्द्रवीर सिंह (सिबी सिंह) नेतृत्वको मुक्तिसेनाको टोली गौरीफन्टा पुगेको थियो । सिबी सिंह, गौरीलाल कुँवर र रूपसिंह सिजापति सम्मिलित मुक्तिसेनाको टोलीले २००७ मंसिर १२ गते कैलालीको कनरीचौकी र मंसिर १७ गते धनगढी कब्जा गरेको थियो । धनगढी कब्जापछि मुक्तिसेनाले बडाहाकिम मइकरदेव (महिकरदेव) नारायण सिंह थारूको हत्या गरेको थियो (भण्डारी, २०७६) । यो दस्तावेजीकरण सत्ता शासकहरूको विरोधमा हुनेहरूको बलिदानीबारे मात्र लेखिएकोले तत्कालीन सत्ताकै तालुकदार रहेका कारण महिकरदेवबारे विस्तृत चर्चा गरिएको छैन ।

## अ) भीमदत्त पन्तको क्रान्तिको क्रममा थारू सहिद

> २००७ फागुनमा राजा, राणा र काँग्रेसबीच दिल्लीमा सम्झौता भई नेपाली काँग्रेसले सशस्त्र क्रान्ति स्थगनको घोषणा गरेको थियो। तर भीमदत्त पन्तले दिल्ली सम्झौताको विरोध गर्दै आफ्नो गतिविधि जारी राखे।[11] यही गतिविधिमा संलग्न कञ्चनपुरका थारू समुदायका व्यक्ति पनि मारिएका थिए। सयौंले जेलजीवन बिताएका थिए। २०१० साल असार १० गते भीमदत्त पन्त बेलौरी जेल ब्रेक गरी भागे। त्यसपछि उनले नरबहादुर बोहरा, गर्भु राना र मुल्ली प्रधानलाई भेटी सशस्त्र क्रान्तिको योजना बनाए। मुल्ली, गर्भु र अन्य युवा भरुवा बन्दुकसहित डडेल्धुरातिर लागे। जेलब्रेकपछि स्थानीय प्रशासनले भीमदत्तका नाममा वारेन्ट जारी गर्‍यो। त्यसपछि भीमदत्त डडेल्धुरा गौँडामा हाजिर भए। त्यही मौकामा बडाहाकिम मोहनबहादुर सिंहले भीमदत्त र उनका सहयोगीलाई गिरफ्तार गरी बेलौरी जेल चलान गर्‍यो (भण्डारी, २०७६)।

मातृकाप्रसाद कोइराला सरकारले भीमदत्तलाई जिउँदो वा मृत ल्याउनेलाई ५ हजार पुरस्कार दिने घोषणा गरेको थियो। सोही पुरस्कारको प्रलोभनमा लालबहादुर थापाको टोली भीमदत्तको हत्यामा जुट्यो। २०१० साउन १७ गते डडेलधुरा बुडरको गल्लेकमा भीमदत्त स्थानीय हमजाली मगरको घरनजिकैको फुसको छाना भएको कटेरोमा खाना खाइरहेका बेला भीमदत्तमाथि लालबहादुरले गोली चलाएर मारे। भीमदत्त मारिनुअघि २०१७ साउन पहिलो साता कैलालीको बेहडाको लडाईमा भीमदत्तका ५२ जना लडाकु घाइते भए। २ सय ७२ जनालाई भारतीय सेनाले पक्राउ गरी बडाहाकिमलाई बुझायो (भण्डारी, २०७६)। स्मरण रहोस्, भीमदत्तलाई पक्राउ गर्न नेपाल सरकारले भारतीय सेनाको पनि सहयोग लिएको थियो। मुद्दा चलाइएका २ सय ७२ जनामा कञ्चनपुरका राना तथा डंगौरा थारू पनि धेरै थिए।

अध्येता कल्यान ओझाका अनुसार मुद्दा चलाइएकामा थारू समुदायका राजीपुरका झमलु डंगौरा, चम्फापुरका मुरली राना, मन्दिरपुरका जगतलाल डंगौरा, दैजीका मास्टर रज्जा राना, अर्जुनीका घोघे डंगौरा, भदपुरीका हरि राना, भुडाका धनसिंह राना, जाइपरसियाका केशरबहादुर राना, कलुवापुरका रघुनाथ राना, मन्दिरपुरका जगतबहादुर डंगौरा, मुसेपानीका जगतराम डंगौरा थिए। यस्तै कञ्चनपुर, पिपलाडीका पकुवा राना, सुखराम राना, रामलाल राना, सहिया राना, भलुवा राना तथा कञ्चनपुर, पर्सियाका मंगु राना, भज्जा राना, खसिया राना थिए। यसैगरी, नन्दगाउँका वैद्य राना, शंकरपुरका छत्रसिंह बडायक, जुगेडाका लालबहादुर राना, देखतभुलीका कैदु राना, रामसिंह डंगौरा र लबरु रानालगायत थिए (ओझा, २०६२:५०-५२)। टंकप्रसाद आचार्य प्रधानमन्त्री रहेको बेला राजा महेन्द्रको शुभराज्यभिषेकमा पक्राउ परेका सबै राजवन्दीको रूपमा रिहा भएका थिए।

भीमदत्तको अन्तिम किसान मुक्ति आन्दोलनका कमाण्डर थिए गर्भु राना। ती सेनाका अन्य थारू सदस्यमा प्रायः कञ्चनपुरकै थिए। जसमा ऐंठपुरका दशरथ डंगौरा, उल्टाखामका लालबहादुर डंगौरा, घुर्सुवाका बुद्धिराम डंगौरा, मन्दिरपुरका कल्चु डंगौरा, लालपुरका कुलबहादुर डंगौरा, ठेगाना नखुलेका कञ्चनपुरकै मुल्ली राना, धनिराम चौधरी, मेहलाल घाङरा थारू, हिरापुरका धातु थारू, अर्जुनीका भगरा थारू, मन्दिरपुरकी आङनीया डंगौरा थिए। अन्तिम किसान मुक्ति आन्दोलनमा २ जना मारिएको भनिएको छ तर नाम, वतन खुलेको छैन (ओझा, २०६२: ४९)।

> भीमदत्तको सेनामा रही पक्राउ परेर बेलौरीमा रहेका धेरैलाई पछि धनगढी जेल पठाइयो। त्यसबेला धनगढी जेलमा थिए कञ्चनपुर, शुक्लाफाँटा नगरपालिका, मन्दिरपुरका कल्चु डंगौरा। तिनका भतिजा अध्येता बलबहादुर डंगौरा आफ्ना बरापु (ठूल्बुवा) सँग सुनेको घटना यसरी बेलीबिस्तार लगाउँछन्।[12]

मेरो बरापु भीमदत्त पन्तले गरेको विद्रोहको एक सेना हुनुहुन्थ्यो। उहाँका अनुसार उक्त सेनामा डंगौराभन्दा राना थारूहरूको संख्या बढी थियो। धनगढी जेलमा छँदा विद्रोही सेनालाई पानीसमेत खान दिइएन। मेरो बरापुकै कोठामा रहेका ७ जना भोकप्यासले छटपटाएर देहत्याग गरे। पछि जाँचबुझ समिति आएपछि केहीलाई छाडियो। त्यसरी रिहा गरिनेमा कल्चु पनि एक थिए। सानो कदकाठीको

---

11 सरकारले गतिविधि रोक्न दिएको निर्देशन भीमदत्तले अवज्ञा गरे। २००८ भदौ-असोजमा मेजर सिद्धिगणेश मानन्धरको नेतृत्वको सुरक्षा फौज डडेल्धुरा पुगी भीमदत्तलाई नियन्त्रणमा लियो। त्यहाँबाट डोटी, धनगढी हुँदै भीमदत्तलाई काठमाडौं जेल चलान गरियो। निर्दोष पाइएपछि भीमदत्त थुनामुक्त भए। २००९ पुसमा काठमाडौं, हनुमानढोका कारागारबाट जेलमुक्त भएपछि भीमदत्त डडेल्धुरा फर्के। त्यतिबेला पूर्वी तराईमा चलेको किसान आन्दोलनबाट प्रभावित भीमदत्तले पछि आफ्नो विद्रोहको मुख्य एजेन्डा किसान मुक्तिलाई बनाए। भीमदत्तले मजदुर किसान, गरिब किसान, मध्यवर्गीय किसान, धनी किसान र जमिनदार वितावाल भनेर किसानको वर्गीकरण गरेका थिए। उनले आफ्ना नारा र गीतमा गरिब किसानका दुःखपीडाहरूलाई मुख्य स्थान दिएका थिए। सोही नारा र गीतमा खास गरी राना थारू समुदायका किसान आकर्षित भएका थिए (भण्डारी, २०७६)।

12 कुराकानीमा आधारित।

भएकाले यो नाबालकलाई किन थुनेको भनेर जाँचबुझ समितिका सदस्यले भनेपछि कल्चु छुटेका थिए। भीमदत्त पन्तकै सेनामा हुँदा प्रहरीबाट कल्चुका गाउँले साथीहरू घुम्मन राना, बम्मन रानालगायत थारू समुदायका धेरैले ज्यान गुमाएका थिए।

भीमदत्त पन्तको आन्दोलन सात साल अघि र पछि पनि जारी थियो। २०१० सम्म साउन पहिलो साता कैलालीको बेहडाको लडाईमा भीमदत्तका ५२ जना लडाकु घाइते हुनु, २ सय ७२ जना गिरफ्तार हुनु तथा सोही वर्ष साउन १७ गते उनको हत्या भएको थियो। यी सबै घटनाको परिवेशले घुम्मन राना, बम्मन रानालगायत योद्धाहरू पनि त्यसैको सेरोफेरोमा मारिएको अनुमान गर्न सकिन्छ।

भीमदत्तको अन्तिम किसान मुक्ति आन्दोलनका कमाण्डर गर्भु राना तथा जल्दोबल्दो युवा मुल्ली राना सेना रहेका कारण गर्वका साथ राना थारूहरूको होलीमा यो गीत गुन्जिन्छ।

पाहाडसे आया भीमदत्ता
बिचमे मिलगये गर्भु, मुल्ली
सडी मुर्गीके खुस्टे वार
युद्ध करने के भए तयार
झेली पड्गए तीन सय साठ
(ओझा, २०६२: ३७)।



*तस्विर ४: कञ्चनपुरको बेदकोटमा लेखक कल्यान ओझा, सञ्चारकर्मी बलबहादुर डंगौरासँग भीमदत्त पन्तको सेनामा थारु समुदायका योद्धाहरुबारे कुराकानीपछिको तस्विर।*

## आ) किसान आन्दोलनमा बलिदानी

थारू समुदायको मुख्य पेशा कृषि हो। थारू किसानहरू आफ्नो हक अधिकारका लागि विभिन्न समयमा आन्दोलित भएका छन् र आन्दोलनमा बलिदानी पनि दिएका छन्। २००७ सालपछि गाउँ गाउँमा सामन्त जमिन्दार वर्गका विरुद्धमा दाङ, बर्दियालगायत जिल्लामा किसान विद्रोहहरू भए।

किसानहरू वर्ष दिनमा ९ महिनाभन्दा बढी समय जमिन्दारको काम गरेर बिताउन बाध्य हुन्थे। शारीरिक श्रमका साथसाथै किसानका छोरी बुहारीहरूलाई खुलेआम दुर्व्यवहार गरिन्थ्यो। काममा ढिलाइ गरे किसानहरूलाई पशुवत व्यवहार गरिन्थ्यो। यसका साथै ऋण लिंदा ५० मा शून्य थपी ५००बनाइन्थ्यो। यसरी किसानले तीन पुस्तासम्म काम गर्दा पनि ऋण असुल हुँदैनथ्यो। कुनै किसान मरेपछि हत्तपत्त किर्ते तमसुक लेखी धुँवामा रङ्गाई पुरानो बनाइन्थ्यो (फुलरिया, २०७२:३८-३९)। यसरी आजित भएका थारू किसानहरू सँगठित रूपमा विद्रोह गरेको तथा सहादत पाएको देखिन्छ। यहाँ केही प्रतिनिधिमूलक घटना समेटिएको छ।

### क) बाँकेका प्रथम किसान सहिद बैजनाथ थारू

२००७ साल फागुन ७ गते देशमा प्रजातन्त्र घोषणा भएको महिना दिनपछि बाँकेका बैजनाथ थारूले सहादत पाएका थिए। लालबहादुर थारूलाई अहिले पनि आफ्ना हजुरबा बैजनाथ थारूको नाम लिँदा गर्वको अनुभव हुन्छ। उनका हजुरबाले राणा शासनविरुद्ध नेपाली काँग्रेसका तर्फबाट किसान आन्दोलनको नेतृत्व गरेका थिए। त्यही नेतृत्वका कारण उनलाई तत्कालीन शासकहरूको निर्देशनमा भारतीय सैनिकले निर्मम ढंगले कुटपिट गरेका थिए। सोही कुटपिटका कारण २००७ चैत १४ मा उनको निधन भएको थियो (गहतराज, २०८१)।

हाल बाँकेमा तत्कालीन चिसापानी, नौबस्ता, बनकटवा र टिटिहिरिया गाविस गाभेर बनाइएको गाउँपालिकाको नाम नै उनको सम्मानमा बैजनाथ गाउँपालिका राखिएको छ। सो क्षेत्रमा सहिदका रूपमा श्रद्धाले सम्झने नाम हो बैजनाथ। उनी साबिकको



*तस्विर ५: सहिद बैजनाथ थारू।*

बनकटवा-३ (हालः बैजनाथ-७) पेडारीमा वि.सं १९४६ कात्तिक १२ गते बुवा लालबहादुर थारू तथा आमा गुर्या थारूको कोखबाट जेठो छोराको रूपमा जन्मेका थिए। संयुक्त परिवारमा रहेका उनको घर नै सिंगो गाउँजस्तै थियो, जहाँ पाँच सय माथिको खाना एउटै भान्सामा पाक्थ्यो, २०७८:१३६)।

अनौपचारिक शिक्षा गुरुकुलमार्फत लिएका बैजनाथले औपचारिक शिक्षा लिन पाएनन्। गुरुकुलको त्यही अनौपचारिक शिक्षाले उनको सोचमा परिवर्तन ल्यायो। फलतः राजनीतिक एवं सामाजिक चेतनाको विकास भई जीवनलाई संघर्षमय बनाए। बाँके जिल्लालगायत देशभरमा जमीनदार तथा राणा शासकको अन्याय, अत्याचार, शोषण र दमन बढ्दै गएको देखेपछि उनले क्रान्तिको बाटो रोजे। भूमिहीन गरीब किसानको मुक्तिकामी उक्त आन्दोलनमा उनले अग्रणी भूमिका निर्वाह गरेका थिए (सत्यपाटी, २०७८)।

नेपाली काँग्रेसका नेता वीपी कोइरालाको विचारबाट प्रभावित भई बैजनाथ थारू तत्कालीन जहानियाँ राणा शासन विरुद्धको संघर्षमा होमिएका थिए। तत्कालीन जमिनदारी प्रथाले गरिब एवं भूमिहीन किसानमाथि ठूलो अन्याय, अत्याचार, शोषण र दमन गरेको थियो। उनी त्यसको विरुद्धमा थिए। बाँकेका गाउँ गाउँमा स्थानीय जमिन्दारहरूको आग्रहमा भारतीय सेनाले किसान आन्दोलनका नेता, अगुवा तथा कार्यकर्ताहरूलाई धरपकड, कुटपिट र कत्लेआम मच्चाएको थियो। बाँकेमा किसान आन्दोलनको नेतृत्वदायी भूमिका निर्वाह गरेकाले जमिन्दारहरूको मुख्य निशानामा बैजनाथ थारू परे। उनको हत्या गर्ने उद्देश्यले भारतीय सेनाले पेडारी गाउँलाई घेराबन्दी गरेको थियो। भारतीय सेनाकै निर्मम कुटाई र गोली प्रहारले बैजनाथ थारूको हत्या भएको थियो।[13]

भारतीय सेनाबाट जोगिन बैजनाथ थारू धानको भकारीमा लुकेका थिए। भकारीबाट निकालेर सेनाले बन्दुकको कुन्दा र बुटले निर्घात कुटपिट गर्यो। सेनाले उनी मरिसके भन्ठानेर त्यही मरणासन्न छाडेर हिँड्यो। तर पनि उनको सास रोकिएको थिएन। गाउँलेहरूले उनलाई उपचारका लागि नेपालगन्ज पुर्याए। उपचारकै क्रममा घटना भएको तीन चार दिनपछि अस्पतालको शैयामै वि.सं २००७ साल चैत्र १४ गते बैजनाथ थारूको उपचारको क्रममा मृत्यु भएको थियो (सत्यपाटी, २०७८)। उनी बाँकेका प्रथम किसान सहिद मानिन्छन्।

थारू समुदायको बलिदानीको इतिहास अध्ययनको सिलसिलामा २०८१ माघ २१ गते बैजनाथ थारूको घर बाँकेको पेडारी पुगिएको थियो। बैजनाथ थारूको बारे खोधीखोजी गर्न धेरै आउने तर ठोस काम कुनै नहुने प्रवृत्तिले उनका अर्का नाति मायाराम चौधरीलाई



नयाँ व्यक्तिसँग कुराकानी गर्न त्यत्रि रुचि हुन्न। उनले हजुरबाको सम्मानमा एउटा गतिलो सालिकसमेत नबनेकोमा दुःखेसो पोखे, 'गाउँको चौराहामा शालिक त बनाइयो। तर, शालिक नाम मात्रको छ। यसलाई नयाँ रंग रूप दिई आकर्षक बनाइनुपर्छ।'

पेडारी गाउँको चौराहामा बैजनाथ बाटिका पनि बनाइएको छ। यद्यपि संरक्षण देखिएन। मायारामले अगाडि भने, 'सहिद नामकरण गरेर मात्रै हुँदैन। सहिदको सम्मान पनि हुनुपर्छ। बाटिका हेरालुको व्यवस्था गरेर थरिथरिका फूल रोपी यसको निरन्तर संरक्षण हुनुपर्छ।' पार्क बनाउँदा निर्माण समितिमा परिवारका सदस्यहरूको कुनै सरसल्लाह नलिइएकोमा आफूहरूको अवमूल्यन भएको उनले बताए।

बैजनाथको सम्झनामा पालिकाको जी गाउँमा बैजनाथ प्रतीक्षालय निर्माण

13 बैजनाथ गाउँपालिका वडा नं ७ पेडारीका पूर्व वडाध्यक्ष सीताराम थारूका अनुसार त्यसबेला जमिनदारहरू एकजुट भई किसान आन्दोलनमाथि दमन गर्न भारतीय सेना बोलाउन करिब नौ लाख रूपैयाँ खर्च गरेका थिए।

गरिएको छ। पेडारी गाउँमा संग्रहालय निर्माण हुन लागेको छ। अध्ययन टोली पुग्दा उनको घरभन्दा वरै सामुदायिक तथा संग्रहालय भवन निर्माणका लागि पानी जम्ने पोखरीजस्तो स्थानमा माटो पटानको काम भइरहेको थियो।

बैजनाथ गाउँपालिकाको सहयोगमा मायरा फिल्म प्रोडक्सनले शेखर दहितको निर्देशनमा बैजनाथबारे बृत्तचित्र निर्माण गरेको छ। यद्यपि यो सर्वसाधारणका लागि युट्यूबमा उपलब्ध छैन।

### ख) बर्दिया बेलवाको खलिहान गोलीकाण्डमा ६ जना थारू किसान सहिद

नेपाली काँग्रेसद्वारा सञ्चालित २००७ सालको क्रान्तिका अगुवाहरूले स्थानीय जोताहा कमैया किसानहरूलाई 'जग्गा जोत्नेको, बाली कमाउनेको' नाराले जागृत गराएका थिए। यही जागरणले बर्दियाको तत्कालीन भौंरा क्षेत्रका थारू किसानहरू उद्वेलित भए।[14] उनीहरू उब्जनीको दुई भाग आफूले लिने तथा एक भाग मात्रै जमिन्दारलाई दिने निर्णय गरे। यसबारे अध्येता दिनेश प्रसाद श्रेष्ठ (२०८१) उल्लेख गर्छन् :

*२००७ सालको नेपाली काँग्रेसद्वारा सञ्चालित क्रान्तिमा राजापुर कब्जा भएको ३ महिना १८ दिनपछि २००७ साले क्रान्तिबाट जागृत भूमिहीन कमैया किसानहरूले आफूले जोतेको र उब्जाएको अन्नबालीको तिभागा (टिकुर) बटैया आफूहरूले पाउनु पर्ने नत्र बटैया गर्न नदिने माग राखेर बेलवा गाउँ, भौंरा (पहिलेको मानपुरटपरा गाविसको र अहिलेको राजापुर नगरपालिका, वडा नं ६) मा जमिन्दारको खलिहान घेरेका थिए। सोही खलिहान घेरेर बसेका किसानहरूमाथि तत्कालीन प्रशासनबाट २००८ साल वैशाख १५ गते (२८ अप्रिल १९५१) शनिवारका दिन साँझ ५ बजे गोली हान्न लगाइएको थियो।*

अध्येता दिनेश श्रेष्ठका अनुसार बर्दिया बेलवाको खलिहान गोलीकाण्डमा सहिद हुनेहरूमा बर्दिया बसन्ताका लोहारी थारू, मङ्गलपुरका चापु थारू, कोइलीपुरका लक्ष्मीप्रसाद थारू, दयापुरका पतिराम थारू, गुलराका डिबुवा थारू, बेलवाकी कोइली थरूनी (पेबुवा थारूकी श्रीमती) गरी ६ जना थिए।[15]

लोहारीलाई दाहिने कुममा, चापुलाई दुवै खुट्टाको पिडौलामा, डिबुवा थारूलाई टाउकोमा गोली लागेको थियो। त्यस्तै लक्ष्मीप्रसाद, पतिराम तथा कोइली थरूनी यी तीनै जनालाई छातीमा गोली लागेको थियो। सो घटनामा १६ जना घाइते भएका थिए। घाइते हुनेमा दादरे थारू, सेतु थारू, लक्ष्मी थारू, लहरूरन थारू, विष्णु थारू, लखेर थारू, पटवारी थारू, लालु थारू, बड्कु थारू, भगत थारू, जुम्मन थारू, भंगे थारू, छोटेलाल थारू, बेचैन थारू, जखेरु थारू थिए। घाइते हुनेमा लालु थारूको दाहिने आँखामा छर्रा, भगत, जुम्मन, भंगे, छोटेलाल, बेचैन, जखेरु थारूको घुँडामुनि गोली लागेको थियो (श्रेष्ठ, २०८१)।[16] उक्त आन्दोलनमा सहादत प्राप्त गर्ने कोइलीदेवी थरुनी पहिलो थारू महिला थिइन्। खेरहनवा आन्दोलनमा जमिनदारहरूले प्रशासनको आडमा आफ्नो हिंस्रक व्यवहार देखाएका थिए।



राजापुरमा गोळी चळो ३ जना ठहरै र १७ जना घाइते

गोरखापत्रको ऐतिहासिक अभिलेख

भारतीय चुनाव यस्तो छ

(शेषी पौंडा देखेको दोस्रा खाममा)

16 २००८ साल वैशाख २४ गतेको गोरखापत्रमा 'राजापुरमा गोली चल्यो, ३ जना ठहरै र १७ जना घाइते' शीर्षकमा पहिलो र अन्तिम पृष्ठमा यस घटनाबारे समाचार प्रकाशित भएको छ। यसमा मृतक र घाइते कसैको नाम खुलाइएको छैन। गोरखापत्रमै छापिएको घाइते १७ मध्ये पछि थप ३ जनाको मृत्यु भएको देखिन्छ। समाचारमा किसानहरूलाई नै दोषी करार गरिएको छ। यस समाचारमा घटना वैशाख २० गते भएको भनिएको छ (हर्नुहोस् गोरखापत्रमा छापिएको समाचार कटिङ)।

तत्कालीन बाँके-बर्दिया गोश्वाराका वडाहाकिम शेरबहादुर शाहको आदेशमा राजापुर थानाका थानेदार खड्कबहादुर गिरी र जमिनदार विदुर नरसिंह राणाले थारू किसान उपर गोली चलाएका थिए।[17]

थारू आयोगको स्मारिका (२०७९) मा पुरन प्रसाद चौधरीले बर्दिया बेलवा गाउँको उक्त घटनामा १३ सय जना थारू कमैयाहरू वारदात भएको दिन खलिहान घेरेको उल्लेख गरेका छन् (चौधरी, २०७९: १८४)।

### ग) कनकपुर घटनाका सहिद विहारी लेखी थारू

जमिनदारी प्रथा कायम रहेको समयमा २००७ सालको क्रान्तिपछि सप्तरी भूक्षेत्रमा किसान विद्रोह भयो। पहाडका मालिकहरूले यहाँ मौजाका मौजा जमिन कब्जामा लिई किसानहरूलाई शोषण गरेको अवस्था थियो। २०१३ सालमा कनकपुर घटना भनेर चर्चित किसान विद्रोहमा सप्तरीमा धेरै थारूहरू सहभागी भएको र तीमध्ये पश्चिम पिप्रा गाउँका विहारी लेखी थारूले जीवनको आहुति दिनु परेको थियो।

अध्येता सीएन थारूका अनुसार उक्त किसान विद्रोहमा जमिनदारका प्रतिनिधिलाई थारूहरूको समूहले कुटेर मारे। आक्रोशित भीडले शवलाई खेतको आलीमा बाँस गाडेर झुण्ड्याएको थियो। त्यसको मुद्दा खेप्न पुरै गाउँलेलाई नपरोस् भनि विहारी लेखी थारूले आफू अदालतमा उपस्थित भएर घटनाको जिम्मेवारी लिएका थिए। अन्ततः जेलमा नै उनको मृत्यु भयो।

### घ) दाङको बेलवा किसान विद्रोह र सहिद गुम्रा थारू

२००७ सालको क्रान्तिको ज्वारभाटाले किसानहरू तरंगित थिए। उनीहरूले आफूले पुस्तौंदेखि कमाई खाई आएको जग्गाजमिन जमिन्दार वर्गले विभिन्न खालका त्रास धम्की देखाई एवं अमानवीय व्यवहार गरेकोमा असन्तुष्ट थिए। यसै क्रममा घर खेती र जिरायत खेती खोस्न थाल्दा तथा दिनदिनै असहनीय वेठवेगारी चरम सिमामा पुग्दा र खाई आएको शर्त बदल्न थाल्दा दाङका थारू किसानहरूमा वर्ग द्वेषको भावना तिखारिदै आयो। जमिन्दारले विभिन्न डर, त्रास, धम्की दिंदा पनि वेठबेगारी गरेनन्, किसान वर्गले आफूले कमाई खाई आएको जग्गा छाडेनन्।

२०१६ साल माघ १७ गते दाङ वेलुवा बन्जारी (हालः घोराही उपमहानगरपालिका-३) का खलिहानमा दाँइ भएको तोरी राती लुट्न जमिन्दारहरू आए तर सकेनन्। उल्टै किसानहरूले जमिन्दारहरूलाई नियन्त्रणमा लिई प्रशासनमा बुझाए पनि कुनै कानुनी कारवाही नगरी तुरुन्तै छाडियो। बरु तोरी दाँई गरी आफैं एकलौटी खाएको भनी मुख्य मुख्य किसानहरूलाई लुटपाट, डकैती मुद्दा दिइयो।[18] किसानहरूले पनि प्रतिउत्तर लगाए। सो मुद्दामा परेर गाउँ छाडेर धेरै किसानको भागाभागको अवस्था रह्यो। बेलवाका किसान पिठु थारू, पर्वते थारू, कुलमान थारू, बज्जारीका घरेवा थारू, विष्णु थारू, चुकिया थारू, कान्छाराम थारू, गोपीलाल थारूलगायत वारेन्टेड थिए। ती किसान सँगसँगै केशवराज, मणिकलाल, ढाँठु चौधरी, नारायणप्रसाद शर्मा रामप्रसाद उपर पनि मुद्दा हालिएको थियो (दहित, २०७८:६३)।

तिल्मिलाएका जमिन्दार वर्गले शान्ति सुरक्षाको निहुँले केही प्रहरी र ४/५ सय लठैत जम्मा गरी २०१६ साल साउन ४ गते दाङ बेलुवा बन्जारीका खेतमा काम गरिरहेका किसानहरूमाथि एकाएक हमला गरे। तर मौरीको गोलाझैं क्षणभरमै किसानहरू भेला भए। जमिन्दारहरू गाउँ छाड्न बाध्य भए। केही जमिन्दारलाई बरगदवा गाउँबाट पक्रेर ल्याई सबै किसानहरूको गोडामा सेवाढोग लाग्न पठाएर मात्र छाडे। अन्ततः जमिन्दार वर्गले हार खाई सरकारसँग हारगुहार मागे। यस क्रममा एकातिर 'आफ्ना माग पेश गर' भनी मुख्य मुख्य किसानहरूलाई २०१७ साल साउन ६ गते प्रशासनमा बोलाइयो। अकीतर सर्वसाधारण किसानहरू एकसुरले काममा लागेको मौका छोपी दक्षिणतिरबाट बन्जारी गाउँमा हमला गरियो। उनीहरूको संख्या करिव ५/६ सय थियो। सबै किसानहरू खनजोतमा लागेका र गाउँघरमा बुढापाका केटाकेटी र स्वानीमान्छेहरू मात्र थिए। यसले किसानका घर घरमा पस्दै बुढापाका र

---

17 वास्तवमा इतिहासको दस्तावेजीकरण दुरुह कार्य हो। बर्दियाका मानवहादुर चौधरी र भागीराम चौधरीले आआफ्नो फेसबुक वालमा सुखलाल थारूसँगको तस्विर शेयर गर्दै २०२५ जनवरी २५ लेखेका थिए, 'वि.सं. २००८ साल, बर्दिया, बेलवा आन्दोलनका सहिद कोइलीदेवी थारूलगायत ८ जनाको हत्या बारेमा आफू स्पष्ट हुन, आन्दोलनमा सहभागी, घटनाका प्रत्यक्षदर्शी सुखलाल थारूसँग उहाँको अनुभव लिन उहाँकै घरमा, घटनामा उहाँलाई पनि खुट्टामा गोली लागेको थियो।' मानवहादुर चौधरी र भागीराम चौधरीसँग यसबारे विस्तृत बुझ्न सम्पर्क गर्न खोज्दा सम्पर्कमा आएनन्। २०८१ माघ २२ गते जंग्रार साहित्यिक बखेरीका टिमसँग राजापुर नगरपालिकाअन्तर्गत बेलवा गाउँ पुगेर सो घटनाबारे जानकारी लिन जाँदा स्थानीय बयोवृद्ध, गुरुवालगायत कसैले यस घटनाबारे केही बताउन सकेनन्।

18 मुद्दा लगाउनेमा जमिनदार भीमकान्त रहेका थिए (गुम्रा थारूबारे विस्तृत हेर्नुहोस् दहित शेखर (२०७८), थारू जोधा, किसान गुम्रा थारू, पृ.५०-८३)। सर्वहारी, कृष्णराज (२०८१), सत्र सालको बेलवा बंजारी किसान विद्रोह र गुम्रा थारू। https://dhakiyakhabar.com.news/2024/07/22/2366.

केटाकेटीलाई कुट्ने नगद, गरगहना हडप्ने मात्रै होइन, किसानका छोरी बुहारीहरूको सतित्व लुट्ने काम पनि गरे (फुलरिया, २०७२: ४०)।

यत्तिकैमा कामकाज गरिरहेका एकजना किसान बहादुर चौधरीले थाहा पाए र बेलुवा गई खबर दिए। पटक पटक आक्रमणले गर्दा यस क्षेत्रका किसान परिवारहरू सजग थिए। छिनभरमै घरेलु हतियार लिई महिलालगायत सबै किसानहरू भेला भई प्रतिकारका लागि बन्जारी गाउँतर्फ दौडिए। लुटपाट गर्नेहरू पनि बन्जारीबाट वेलुवातर्फ लागेका थिए।

दुवै पक्षको बन्जारी र वेलुवा बीचको डावरमा जम्काभेट भई घमासान लडाई भयो। किसान गुम्रा थारूले तत्कालीन एसपीको हातको औंला छिनाइदिए।[19] उनलाई गोली हानियो। उनले अन्तिम सासमा भनेका थिए- 'म मरेको छैन, शोषण दोहनको विरुद्धमा लड्ने वर्ग सचेत क्रान्तिकारी किसानहरूलाई सहयोग गर्नमा हमेशा रणक्षेत्रमा नै हुनेछु।' यसरी २०१७ साल साउन ६ गते उनी सहिद भए।

घोराही उपमहानगरपालिका-३, बेलवा गाउँका कालुराम थारूको माइला छोरा थिए गुम्रा थारू। किसान संघका सदस्यसमेत रहेका उनको जन्म वि.सं। १९८२ सालमा भएको थियो (दहित २०८१)। ज्यान गुमाउँदा उनी मात्र ३५ वर्षका भर्भराउँदो लक्का जवान थिए।

२०१७ साल साउन ६ गते भएको उक्त लडाईको प्रत्यक्षदर्शी बर्दिया, बारबर्दिया नगरपालिका बेलभारका ठग्गुलाल थारूका अनुसार त्यसबेला प्रशासनलाई गोली चलाउने आदेश थिएन। भीड तितरवितर गर्न हवाइ फायर गरिएको थियो। कुनै पनि आन्दोलनमा जनतालाई गोलीगाँठो भन्दा माथि हान्न नपाउने नियम भए पनि प्रहरीले गुम्रा थारूलाई गोलीगाँठो भन्दा माथि फायर गरेका थिए। त्यो गोलीको असर पेटसम्म पुगेको थियो। तातो गोलीको पीडा असह्य भएर खेतमा माछाझैं सलबल-सलबल गर्दा धेरै रगत बग्न गयो। रगतको कमीले बिस्तारै बिस्तारै गुम्राको जिउ ओइलाउँदै गयो। गुम्रा बोल्न खोज्थे, आफ्ना साथीभाइहरूलाई आँटभरोसा दिन खोज्थे। तर, उनको बोली लर्बराउन थाल्यो। बोल्दा-बोल्दै उनको बोली अड्कियो। टुलुटुलु हेरेझैं दुवै आँखा खुल्लै रहे (दहित, २०७८: ६९)।

उक्त घटनामा किसान रत्नु थारू, कालु थारूलाई पनि खुट्टामा गोली लागेको थियो। भाग्यवश घाउले ठूलो असर गरेन। मुख्यलाल थारू, बुझौना थारू बन्दुकको टुप्पोले घोपिएर गम्भीर घाइते भएका थिए। २०१७ साल साउन २४ गते अगुवा किसानहरूलाई जेल हालियो भने बाँकीलाई छाडियो। त्यसरी पक्राउ पर्नेहरूमा मानवहादुर, फूलपाती, पिठु, चुके, वहादुर, क्रिमलाल थारू थिए। बेलुवा बन्जारीबाहेक अन्य गाउँका केशवराज, माणिकलाल, रामप्रसाद, ऋषिराम र नारायण शर्मा थिए। पक्राउ परेका किसान आन्दोलनकारीमाथि कारागारमा पशुवत व्यवहार गरियो। सिलौटा र कोर्राले असहनीय साथ कुटपिट गरियो। बाँस फोडेर उनीहरूको ओठ, जिउका अन्य भाग चेप्ने दानवीय कार्य गरियो (फुलरिया, २०७२: ४०-४१)। प्रत्यक्षदर्शी ठग्गुलाल थारूका अनुसार जब उनीहरू ६ महिनापछि जेलबाट छुटेर गाउँ आए, तिनका सारा पिँठ्यूको एक तहको मासु उप्किएको थियो। हात-गोडाका नङ सबै फुटेका थिए। पिलासले तिनका नङ उखेलिएको थियो। लर्खराउँदै आएका तिनले भनेका थिए, त्यति सजाय त नरकका यमराजले पनि दिदैन होला। त्यसबेला सारा प्रशासन जमिन्दारको पक्षमा थियो (दहित, २०७८: ७०)। बेलवा बन्जारी काण्ड नजिकबाट नियालेका पत्रकार तथा लेखक नारायणप्रसाद शर्मा (८५) लाई त्यस आन्दोलनको क्रममा गाइएको कविता अझै पनि कण्ठस्थ छ:[20]



*तस्विर ८ : दाङको बेलवा बन्जारीमा २०१७ साल साउन ६ गते सहिद भएका किसान गुम्रा थारूको शालिक दाङको घोराही ट्राफिक चोकमा।*

19 शेखर दहितले थारू जोधा (२०७८) पुस्तकमा किसान गुम्रा थारूबारे चर्चा गर्दा दाङमा तत्कालीन एसपी कमान सिंह रहेको चर्चा गरेका छन् (पृ.५९)। तर, सो घटनामा सोही एसपीको औंलाको हात छिनिएको या अरु कसैको, कहीं कतै खुल्दैन।

20 २०८१ चैत १७ गते दाङको शेराहीमा सम्पन्न राप्ती साहित्य परिषद् दाङ शाखाको १७औं वार्षिकोत्सव, स्रष्टा सम्मान तथा बहुभाषिक काव्य उत्सवमा प्रमुख अतिथि रहेका कवि शर्माले वाचन गरेको कविता।

आग बह्नो, आग बह्नो, आग बह्दना हो
हम्र फे ट मनै हुइटि आग बह्दना हो
सक्कु मनै आग गैल, हम्र फे आग बह्नी
काम करि कैक आग बह्दना हो
आग बह्नो, जिन डराओ
जिट्टी मुअल हस हम्र बाटी
आग बह्नो, लौस मुअ परी ।

अर्थात् अघि बढौ, अघि बढौ, अघि बढ्ने हो । हामी पनि त मान्छे हौं, अघि बढ्ने हो । सबै मान्छे अघि लागे, हामी पनि अघि बढौं । काम गरौं भनी अघि बढ्ने हो । अघि बढौं, नडराऔं । जिउँदो मरेकोझैं हामी छौं, मर्नु परे परोस्, अघि बढौं ।

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी दाङका संस्थापक सचिव एवं वरिष्ठ पत्रकार नारायणप्रसाद शर्माका अनुसार दाङमा जमिन्दार विरुद्ध किसान आन्दोलन भएको थियो । किसान संघको अगुवाईमा झण्डै १० वर्षसम्म भएको किसान आन्दोलन २०१७ साल साउन ६ गते उत्कर्षमा पुगेको थियो । सो दिनको घटनामा किसान गुम्रा थारूमाथि गोली चलाइयो ।

दाङको सदरमुकाम घोराहीको ट्राफिक चोकमा गुम्रा थारूको शालिक बनाइएको छ । प्रत्येक वर्ष साउन ६ गते उनको पुण्य तिथिमा कार्यक्रम गरिँदै आइएको छ । साथै दाङकै तुलसीपुरमा डुम्री गाउँ जाने चोकको नाम गुम्रा चोक राखिएको छ ।

## २.७ २०१८ सालदेखि २०४६ साल सम्मको आन्दोलनमा बलिदानी

पञ्चायत कालमा सूचनाको हक कमजोर हुँदा कतिपय घटना दबाइए । दस्तावेजीकरणको अभावमा धेरै घटना गर्भमा लुकेको छ । महेन्द्र बहुमुखी क्याम्पस, दाङका उपप्राध्यापक डा सुदीप गौतमका अनुसार २०१८ सालमा दाङ, टरिगाउँको विमानस्थलको जग्गा खनजोतका क्रममा ६ जना थारू किसान पक्राउ परेका थिए । पक्राउ पर्नेमध्ये दाङ, घुम्राका पर्देशी थारूको कारावासमै मृत्यु भएको थियो । यहाँ प्रतिनिधि घटनाको रूपमा नेपाली काँग्रेसको सशस्त्र आन्दोलनमा समर्पित कैलालीका सहिद जोगराम थारू तथा प्रगतिशील धारका सप्तरीका युवक दिलीप चौधरीबारे चर्चा गरिएको छ ।

### २.७.१ पञ्चेहरूका कारण सहिद भएका जोगराम थारू

राजा महेन्द्रले २०१७ पुस १ गते कु गरी निर्वाचित सरकारलाई हटाई शासन सत्ता आफ्नो हातमा लिएपछि नेपाली काँग्रेस आन्दोलित भयो । नेता सुवर्ण शमशेरको आह्वानमा २०१७ माघ १२ देखि १३ सम्म भारतको पटनामा विशेष सम्मेलन गरी सुवर्ण शमशेरलाई कार्यकारी सभापति र आन्दोलनको कमाण्डर चयन गरियो । देशव्यापी रूपमा अहिंसात्मक आन्दोलनको घोषणा भयो । प्रमुख प्रतिपक्षी गोर्खा परिषद् लगायतका साना दलहरूको नेपाली काङ्ग्रेसमा समायोजन भयो । यस अहिंसात्मक आन्दोलनका क्रममा देशभरबाट २००० भन्दा बढी गिरफ्तार भए । अहिंसात्मक आन्दोलनबाट परिवर्तन सम्भव नभएकाले सुवर्ण शमशेरको नेतृत्वमा वि।सं। २०१८ मंसिरबाट सशस्त्र आन्दोलनको घोषणा भयो ।

काँग्रेसको सशस्त्र आन्दोलनमा होमिएका जनकपुर बम काण्डका दुर्गानन्द झालाई फाँसीमा झुण्ड्याइयो, धेरैले वीरगति प्राप्त गरे । यसै क्रममा कैलालीका जोगराम थारूले पनि सहादत प्राप्त गरेका थिए ।[21] तत्कालीन सेती अञ्चल अञ्चलाधीश मकर बहादुर वान्तवा राईको आदेशमा जोगराम थारूलाई कैलालीको धनगढीस्थित नैनादेवी रोडको तत्कालीन अञ्चलाधीश कार्यालयको माथिल्लो तलामा ३ दिनसम्म अमानवीय किसिमले यातना दिइ भोकै प्यासै राखियो । अन्तमा गोली प्रहार गरी हत्या गरियो (सापकोटा, गणेश, २०७८, नेपाली राजनीतिमा नेपाली काँग्रेस) । जनकबहादुर कर्माचार्यका अनुसार तत्कालीन सेती अञ्चल अञ्चलाधीश मकर बहादुर वान्तवा राईको आदेशमा वि.सं २०१८ साल पुसको पहिलो सातातिर कौडियाला घाटबाट भारतीय प्रहरीको सहयोगमा जोगराम थारूलाई गिरफ्तार गरियो । इनामस्वरूप ४ हजार पाएको भारतीय प्रहरीले जोगराम थारूलाई बाँधेर गाडामा हाली बोर्डरसम्म ल्याई धनगढीबाट पठाइएका प्रहरीहरूलाई सुपुर्दगी गरिदिए । उनको शरीरमा ब्लेडले चिरी नुन, चुक लगाउँदै एउटै मात्र कुरा सोधिन्थ्यो,

21 यस उपशीर्षकको सहिद जोगराम थारूबारे जानकारी कैलाली, टीकापुर नगरपालिका-३ कटानपुर निवासी उनका नाति जंगबहादुर चौधरीबाट प्राप्त भएको हो ।

अरु को को मानिस नेपाली काँग्रेसको आन्दोलनमा लागेका छन्, हातहतियार कुन ठाउँमा राखिएको छ ? उनलाई त्यसबेला अनेकौं प्रलोभनसमेत दिइयो तर कुनै कुराले लोभ्याउन सकेन। अन्ततः सनकी अञ्चलाधीशको आदेशको गोलीको शिकार भई वीरगति प्राप्त गरे।

> २००७ सालको क्रान्तिमा होमिएका योद्धाहरूले आगो छोएर, माटो मुट्ठीमा लिएर, रगत चोप्लिएको औंठाको छाप लगाएर प्राण आहुति दिन संकल्प लिएका हुन्थे। त्यसबेला पश्चिम नेपालका केहीले प्रतिज्ञा पत्रमा हस्ताक्षर गरेका थिए, जसमा थारू समुदायबाट जोगराम थारू पनि एक थिए।
>
> पञ्चायतकालमा काँग्रेसको सशस्त्र आन्दोलनमा दाङदेउखुरीदेखि कञ्चनपुर सम्मको आन्दोलनको नक्साङ्कनको कमाण्डको जिम्मा जोगराम थारूले सम्हालेका थिए। कुनैबेला भारतीय सेनामा भर्ती भएका उनीले त्यसैबेला नक्सा बनाउन सिकेका थिए। उनी १९४२ को भारतको बोडो आन्दोलनदेखि बर्माको लडाईमा सामेल भए। बर्मामा टोलीको सैन्य कमाण्ड सम्हालेकोले नक्साको ज्ञान हुनु अनिवार्य हुनुपर्ने हुँदा नक्सासम्बन्धी थप ज्ञान हासिल गरे। उनको यही नक्सा ज्ञानको दक्षताले नेपाली काँग्रेसको मुक्तिसेनाद्वारा धनगढी, भजनी, राजापुर, नेपालगञ्ज, सुर्खेत दाङ लगायतका स्थान कब्जा गर्न सजिलो थियो (शहिद स्मृति ग्रन्थ, इटहरी, २०४७, भागीलाल थारूसँग कुराकानी, २०५६)।
>
> जोगराम थारूको जन्म दाङ, तुलसीपुर बनगाईमा पिता रजमान डंगौरा र माता तुलसी देवी डंगौराको कोखबाट वि।सं। १९७८ माघ २५ गते भएको थियो। तिनको परिवार दाङ भगवारबाट तुलसीपुर बनगाई सरेका थिए। उनी पाँच भाइ छोरामध्ये साइँला थिए। उनको विवाह मन्नी देवी (मास्टर) सँग दाङ, बनगईस्थित घरमा भएको थियो।

भारतको कलकत्तास्थित टाइगर हलमा महेन्द्र विक्रम शाहको नेपाल प्रजातन्त्र काँग्रेस र बीपी कोइरालाको नेपाली राष्ट्रिय काँग्रेस संयुक्त भई नेपाली काँग्रेस बनिसकेपछि प्रजातन्त्रको लागि निर्वासित कर्म बनाएकाहरू २००७ असोज २० गते रूपैडिहामा असर्फिलाल गुप्ताको घरमा दशरथ चन्द आश्रममा ५५ सदस्यीय कार्यसमिति बनाइएको थियो। यस कार्यसमितिमा जोगराम थारू (कैलाली) सँगै उनकी धर्मपत्नी मन्नीदेवी (मास्टर) पनि सदस्य थिइन्। यस समितिमा थारू समुदायबाट उत्तमलाल थारू (बर्दिया), राधाकृष्ण थारू (बर्दिया), तोतादली थारू (कैलाली) रहेका थिए। जोगराम २००६ सालमा नेपाली काँग्रेसको सदस्य बनी दशरथ चन्द आश्रमको हर्ताकर्ता पनि थिए। विदामा दाङको घर बनगई आउँदा जनक बहादुर कर्माचार्य (काँग्रेसका तत्कालीन कैलाली, कञ्चनपुर सभापति) सँग उनको हिमचिम बढ्न गयो। अन्ततः उनी क्रान्तिमा होमिन भारतीय सैन्यको जागिर छाडी नेपाली काँग्रेसको राजनीतिमा होमिएका थिए।[22]

> बि.सं २००७ सालमा नेपाली काँग्रेसको जनमुक्ति सेनाले कैलाली, कन्चनपुर कब्जा गरिसकेपछि "राजापुर"मा पनि कब्जा गरे। सहज रूपले राजापुर कब्जा भई सैनिकले आत्मसमर्पण गरेपछि राजापुरको मुख्य सञ्चालक गभर्नर जोगराम थारूलाई बनाइएको थियो।
>
> जोगराम थारूका सन्ततीहरूको हाल कैलाली, टीकापुर नगरपालिका-३ कटानपुरमा तथा केही दाङ, तुलसीपुर उपमहानगरपालिका, बनगई गाउँमा स्थायी बसोवास गरिरहेको उनका नाति जंगबहादुर चौधरी बताउँछन्।

### २.७.२ बाटोका कारण बलिदानी दिनु परेका टिमाई माझी थारू

सुनसरी, दुहवी नपा.१० का टिमाई माझी घरायसी लेखपढ गरेका व्यक्ति थिए। २०२५ सालमा सिमरिया पञ्चायतका प्रधानपञ्च बुद्धिमान खड्गी र वडा नं ५ का वडाध्यक्ष टिमाई माझी थिए।

गाउँफर्क राष्ट्रिय अभियानको आफ्नो गाउँको विकास आफैं गरौं भन्ने नारा थियो। बालकुण्ड सिमरिया टोल ढाव (पानी जम्ने खोल्सा) भएकाले सिमरिया ढावीटोलको नामले चिनिन्छ। बाटोघाटोको राम्रो व्यवस्था थिएन। दुहवी इनरुवा मुल सडकसम्म पुग्न घुमाउरो बाटो भएर हिँडनु पर्दथ्यो। वर्षातको बेला ढावखोलामा पानी जमेपछि छिमेकी टोलसम्म सम्पर्क

22 श्रोतः ऋतुराज कर्माचार्यद्वारा प्राप्त गोपाल बहादुर कर्माचार्य काँग्रेस (बाँके पूर्व सभापति), गणेश बहादुर कर्माचार्य (बाँके पूर्व सचिव), जनक बहादुर कर्माचार्य (कैलाली, कञ्चनपुर पूर्व सभापति)को डायरीबाट।

बिच्छेद हुन्थ्यो । मानिस हिँड्न सिधा खेतको आली हुँदै मुल सडकमा निस्किनु पर्दथ्यो । धान काटेर खेत खाली भएको बेला खेतबाट नै मेगर (गोरूगाडा हिँड्ने बाटो) बनाएर सिधा मुल सडकमा निस्किनु पर्ने बाध्यता थियो ।

टिमाई माझीको ठुलो बसघरा (बैठक घर) थियो । त्यहाँ दिउँसो खानापछि र बेलुका खानापछि हुक्का तमाखु खान र मनोरञ्जनका लागि पासा खेल्न गाउँलेहरू जम्मा हुन्थे । त्यसै क्रममा गाउँका अवस्था र सुधारको छलफल तथा गाउँमा हुने सानातिना झैँझगडाका पञ्चेती, बैठकीहरू हुन्थ्यो ।

बाटोको समस्या भएकाले सबै गाउँले मिलेर बाटो बनाऔं भनेर सुझाव आए । मुल सडकसम्म पुग्न वडा नं ३ र ५ का जग्गा धनीलगायत सबैको सुविधा हुने भएकाले सबैले चौडा (करिब २५, ३) फिट) बाटो खन्ने सहमति भयो । गाउँफर्क अभियानले उत्साहित भएका गाउँलेको अगुवाइ टिमाईले गरे । गाउँलेहरूले मुल सडकदेखि जनश्रमदान गरेर बाटो खन्दै गए । सहमतिबमोजिम बाटोका लागि जग्गा पनि छोडी दिए ।

जनश्रमदान गर्दै जाँदा टोल छेउमा पुग्न लागेकाले अरु गाउँका मानिसहरू भन्दा पनि अब सोही टोलकाले बाटो खन्ने सहमति भयो । थारू समुदायमा हप्तामा एक दिन हलो नजोत्ने बार्ने (छुट्टी) राख्ने चलन छ । त्यस गाउँमा शनिबार बार्ने दिन भएकाले बाटोघाटो मर्मत गर्ने, बाँध पैनी सफा गर्ने, सार्वजनिक काम गर्ने दिन थियो । जेठ महिना (२०२६/२०२७ सालतिर) को शनिवार जनश्रमदान गर्न जुटेका मानिसहरू बाटो खनिरहेका बेला टिमाईका दाजु उकाइ माझीलाई एक्कासी छिमेकी छरू चौधरीले तरवार प्रहार गरे । उनको पाखुरामा लागेकाले ढले । छेउमै रहेका भाइ टिमाई माझीले दाजुलाई बचाउन खोज्दा तरवारले टाउकोमा नै हानेकाले उनको तात्काल प्राण गयो ।

टिमाई माझी र छरू चौधरी असल छिमेकी थिए । त्यसैले, यस दुःखद घटनामा दुवै परिवार दुःखी भए । पक्राउ परेका छरू चौधरीको काराबासमै निधन भयो । पछि सबै गाउँले मिलेर उक्त बाटो टिमाई मार्ग नामकरण गरे ।

२०३८ सालमा तत्कालीन राजा वीरेन्द्र पूर्वाञ्चल सवारी हुँदा इनरुवाको आमसभामा सहिद टिमाई माझीकी पत्नी श्रीमती आशोदेवी थरूनीलाई नगद रू ५००० सहित दोसल्ला ओढाई सम्मान गरिएको थियो ।उनका छोरा लघुराम माझी वडाध्यक्ष हुँदाको समयमा सहिद टिमाई मार्ग प्रवेशद्वार बनेको छ। यही प्रवेशद्वारले नै सहिद टिमाई माझीलाई सम्झना गराउँदै छ ।




*तस्विर ९: सुनसरीको दुहवी नगरपालिका-१०, सिमरियामा टिमाई मार्ग प्रवेशद्वार ।*

सहिद टिमाई माझी थारूको जन्म बासं। १९९५ सालमा भएको थियो । साविक सिमरिया पञ्चायत/५, बालकुण्ड सिमरियाका स्थायी बासिन्दा उनको परिवार हाल सुनसरी, दुहवी नपा.१० मा बसोबास गर्छ । उनको पिताको नाम सुमृत र आमाको तेतेरी थरूनी थियो । टिमाईकी श्रीमती आशोदेवी थरूनी थिइन् भने दाजु उकाइ माझी थिए । टिमाईका छोराहरू जेठा बेचनलाल माझी, माहिला लघुराम माझी र कान्छा दुखाराम माझी हुन् । लघुराम माझी २०७४ को स्थानीय निर्वाचनमा दुहवी नगरपालिका वडा नं १० का वडाध्यक्ष निर्वाचित भएका थिए ।

### २.७.३ झापा काण्डमा भुटन चौधरीको बलिदानी

२०२८ सालको उत्तरार्द्धमा भारतको पश्चिम बङ्गाल राज्यको नक्सलवाडीमा कानू सल्यान र चारू मजुमदारको नेतृत्वमा कम्युनिष्ट पार्टीले सशस्त्र विद्रोह गरिरहेका थिए । त्यसबाट प्रभावित भई नेपाली कम्युनिष्टहरूबाट झापामा 'वर्गशत्रु खतम

अभियान' चलाइएको थियो। यो काण्डमा कम्युनिष्टहरूले सामन्त आरोप लगाएर केही सर्वसाधारण नागरिकको हत्या गरे। पछि सरकारले रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, रत्नकुमार वान्तवालगायत केही नेताहरू मारेको थियो, जुन 'झापा काण्ड'ले जानिन्छ। २०२८ सालबाट झापा, शनिश्चरे-६, सालबाढीको घटनाबाट प्रारम्भ हुन्छ टाउको कटुवा अभियान। यही अभियानको सिकार भएका थिए भुटन चौधरी।

झापा, शनिश्चरे गाउँपञ्चायत वडा नम्बर ६ का वडा अध्यक्ष थिए भुटन चौधरी। उनको वडामा जनताको पञ्चभकारी थियो। आवश्यक पर्दा जनताले पञ्चभकारीबाट आफूहरूले राखेको धान लिन पाउँथे। भुटन चौधरीले पञ्चभकारीको धान त्यही वडाका विचारी पुण्यप्रसाद कोइरालालाई दिएका रहेछन्। कोइरालासँग भुटनको मित साइनो पदी रहेछ। मितले 'चाहिएको बेलामा म धान दिइहाल्छु' भनेको रहेछ।

जेठ महिनामा धानको बीउ राख्ने समय भएपछि स्थानीय शिवप्रसाद शिवाकोटी, डम्बरबहादुर बानियाँलगायत मोहीहरू पञ्चभकारीबाट धान लिन वडाध्यक्ष भुटन चौधरीलाई भेट्न गएछन्। उनले धान पुण्यप्रसाद कोइरालाले लगेको, निजले धान दिएपछि मात्र दिन सक्ने, अहिले दिन नसक्ने विवशता जनाए। वडाध्यक्षको कुराले शिवप्रसाद शिवाकोटीलगायत आक्रोशित भएछन्। उनले भने, 'पसी धान लिन आइन्छ। यो हामी वडावासीको अधिकार हो। ढिकुटी फुटाएर भए पनि धान बाँडेर लिइन्छ।'

भुटन चौधरीले विचारी कोइरालासँग त्यस दिनको कुरा बेलीबिस्तार लगाए। कोइरालाले भनेछन्, 'मैले कहाँबाट धान दिनु यो वर्षामास। जानुहोस्, प्रधानपञ्चलाई भन्नुहोस्, पसी ढिकुटी फोर्छन् रे प्रहरी पठाइदिनु होस्।' यसरी विचारी कोइरालाको ठाडो जवाफ पाएर भुटन प्रधानपञ्च रणबहादुर बुढाथोकीलाई सबै विवरण सुनाए। प्रधानपञ्चको अनुरोधमा त्यो दिन सालबाढीमा प्रहरीहरू पनि पुगे।

त्यो दिन शिवप्रसादलगायत मोहीहरू उपस्थित भएर साँच्चै ढिकुटी फोर्न थाले। प्रहरीले हस्तक्षेप गर्दा शिवप्रसाद लगायतले प्रहरीलाई घोक्याए। प्रहरीको भागाभाग भयो। त्यसपछि सदरमुकाम चन्द्रगढीबाट विशेष अधिकृत श्यामकुमार श्रेष्ठ, एसपी पदमबहादुर मानन्धरको नेतृत्वमा थुप्रै प्रहरीहरू गोली-गठ्ठासाथ सालबाढी पुगेर उदी फुकेछन्, 'को हो प्रहरीमाथि हातपात गर्ने, त्यो शिवप्रसाद शिवाकोटीको टाउको जसले काटेर ल्याउँछ, त्यसलाई १० हजार पुरस्कार दिने' भन्ने घोषणा गरेपछि शिवप्रसाद फरार भए। अरु किसान, मोहीहरूको पनि भागाभाग भयो।

फरार शिवप्रसाद चारपानेमा आफ्ना ठुलीआमाका छोरा रामनाथ दाहालसँग सल्लाह मागे। त्यो बेला केपी ओली रामनाथ दाहालकोमा बसेर पढ्दै गरेका थिए। रामनाथसँग कुरा भएपछि नेत्र घिमिरे, केपी ओली, वीरेन्द्र चौधरी, नारायण उप्रेतीहरूसँग सल्लाह भएअनुसार विचारी कोइरालालाई सफाया गर्ने टुङ्गो भएछ। विचारी कोइराला चन्द्रगढी घरबाट नआएकाले त्यही रिसमा आक्रोशित भएर बेलुका भुटन चौधरी खाना खाइरहेको बेला उनको विभत्स ढंगले हत्या भयो।

### २.७.४ जाली तमसुकका कारण मोहन थारूको बलिदानी

पञ्चायत कालमा गैरथारू जमिन्दारले आफूसम्बद्ध अढेरुवा, कमैयाहरूलाई ऋण दिएवापत थोरै रकमको तमसुकमा शुन्य थपी मनोमानी ढंगले रकम बढाउनु सामान्य मानिन्थ्यो। तर, यसवारे विद्रोह गर्ने हिम्मत अढेरुवा, कमैयाहरूको हुँदैनथ्यो। विद्रोह गरे ज्यानै जान सक्थ्यो। बर्दियाका युवा मोहन थारू पनि गैरथारू जमिन्दारको नक्कली तमसुकका कारण २०३६ साल वैशाख ३ गते ज्यान गुमाएका थिए।

हाल बर्दिया, बारबर्दिया नगरपालिका-११, बेलभार घर भएको मोहन थारूको परिवार विगत ४ वर्षदेखि बर्दिया, बारबर्दिया नगरपालिका, फचकहवाका जमिन्दार केशव केसीको अधिया, बटैया गर्थे। ४ वर्षपछि बटैया गर्न छाडे। त्यसैले, जमिन्दारको जग्गामा बनाइएको बुकुरोको काठपात लिन सहयोगीहरूलाई लिएर गए। तर, जमिन्दारले ऋण देखाई, पहिला पैसा तिर, अनि मात्र सामान घर लानु भनेछन्। सामान ओसार्न लगिएको गाडा पनि रोके। तमसुक हेर्दा ५ सयको तमसुकलाई ५ हजार बनाइएको रहेछ।

मोहन थारू मारिएको घटनाका साक्षी रहेका हाल बर्दिया, बढैयाताल-(, सेवानगरका कृष्ण प्रसाद चौधरीका अनुसार त्यसबेला गोचाली परिवार बर्दियामा सक्रिय थियो । त्यसका अगुवाहरूसँग सल्लाह गर्दा पुनः जमिन्दारकहाँ जाने, तमसुक हेर्न माँग्ने, तमसुक हात पार्ने बित्तिकै च्यात्ने र धुलो खुर्सानी जमिन्दारको आँखामा छर्किने योजना बनेछ ।

जोगी गाउँमा पढ्ने विद्यार्थी, किसानहरू पुनः गाडा लिएर जमिन्दारको घर गए । सुरुमा ४ जना जमिन्दारलाई बोलाउन गए । अरु नजिकको ठुम्नी जंगलमा लुकेर बसे । कुनै अप्रिय घटना भए हाँक पार्न भनिएको थियो । योजनाअनुसार जमिन्दारसँग तमसुक मागे । जमिन्दारले तमसुक दिने वित्तिकै तुरुन्तै च्यातियो तर खुर्सानीको धुलो छर्किनेले विलम्ब गरे । टोलीका गाडा हाँक्ने लह्रेउनाले गाडा हाँके । जमिन्दारले सय मिटर जति टाढासम्म तमसुक च्यात्ने टोलीलाई लखेटे । तुरुन्तै के मन भयो, आफ्नो घर भित्र छिरे अनि भरवा बन्दुक लिएर आए । फायर गर्दा मोहन थारूलाई लाग्यो । उनलाई बोकेर ठुम्नीको जंगलमा ल्याइयो । पेटमा गोली लागेर धेरै रगत बगेको थियो ।

कृष्ण प्रसाद चौधरी घटनाबारे अगाडि बेलीबिस्तार लगाउँछन्– जमिन्दार गोली हानेर आफ्नो घरभित्र सिरक ओढेर सुतेका रहेछन् । भीडले मुक्कामुक्की गर्यो । यता घाइते मोहनको स्वास्थ्य स्थिति बिग्रियो । आन्दोलन नेतृत्वविहीन थियो । के गर्ने, कसो गर्ने भन्दाभन्दै मोहनलाई एक्लै वनमै छाडेर आए । पछि जाँदा उनी बितिसकेका रहेछन् । प्रशासनिक झैंझमेलाका डरले उनको पार्थिव शरीर उनको घर लाने अवस्था थिएन ।

बर्दिया, बारबर्दिया नगरपालिका-१०, सेमरह्वाका शिक्षक सगुनलाल चौधरी गोचाली परिवारका हर्ताकर्ता भएकाले घटनामा संलग्न सबै विद्यार्थीहरूलाई आआफ्नो स्कूलमा घटना भएको दिन पनि हाजिर रहेको व्यवस्था मिलाउन सल्लाह दिए ।

परिवारका सदस्य हराएको भनेर मोहन थारूका परिवारले प्रशासनमा उजुरी दिए । उता जमिन्दारले आफूमाथि जानलेवा हमला भएकाले उजुरी दिए । सोही आरोपमा प्रशासनले १०-१२ जना किसानलाई पक्राउ गरेर गुलरिया जेलमा लग्यो । पक्राउ पर्नेमा कृष्ण प्रसाद चौधरी पनि एक थिए । त्यसबेला उनी १८ वर्षका थिए । सहादत प्राप्त गर्ने मोहन पनि उनकै उमेरका थिए ।

उता, गुलरिया जेलमा जमिन्दार केशव केसीको आफन्त पनि अकी कुनै मुद्दामा जेल परेका रहेछन् । उनले नै पक्राउ परेका थारू किसानहरूलाई सिकाए कि 'सो घटनाबारे हामीलाई केही थाहा छैन भन्दिनु । तिमीहरू छुट्ने छौ ।'

हिरासतमा ३५ दिन बितिसकेको थियो । मोहन थारूको परिवार जमिन्दारको अधिया गर्न छाडेपछि कृष्ण प्रसाद चौधरीको परिवार अधिया गर्न थालेको थियो । कृष्ण प्रसाद चौधरीका बाबा मनराखु, काका छिटरु पनि हिरासतमा थिए । अदालतको सुनुवाईमा हामीलाई घटनाबारे केही थाहा छैन' भनेपछि उनीहरू सबै रिहा भए । तर जमिन्दार झन चोखै जोगियो । किनकि घटना देख्ने साक्षी कोही भएन । कृष्ण प्रसाद चौधरीलाई अहिले पनि चुकचुक लाग्छ बयान फेर्दा । फलाना जमिन्दारले गोली चलाएको हामीले देखेको हो, साथीको ज्यान लिएपछि हामीले जमिन्दारलाई रिसले कुटपिट गरेको हो, यति मात्रै बयान दिएको भए उ आजीवन झ्यालखाना पर्ने रहेछ ।

मोहन थारूले सहादत पाएको स्थान ठुम्नीको जंगलमा भएको हुनाले यस घटनालाई ठुम्नी घटना भनेर चिनिन्छ । जमिन्दारहरूले सुन्यमा सुन्य थपी तमसुक बनाउने चलाउने त्यो घटना पछि केही मत्थर भएको भन्ने कृष्ण प्रसाद चौधरीलाई लाग्छ । त्यो घटनामा शिक्षकद्वय कर्ण र दिवाकर, विक्री गाउँका कृष्ण चौधरीलगायत पनि समातिएका थिए भन्ने उनलाई सम्झना छ ।

उता, २०३६ सालमा दाङको घोराही नगरपालिका कर्जाही गाउँका थारू किसान महिलाले हक, अधिकारका लागि ठूलो आन्दोलन गरेका थिए । आन्दोलनमा महिलाहरू गम्भीर घाइते भए पनि सहादत पाएको भने सुन्नमा आएन । त्यसबेला आन्दोलनको क्रममा आफ्नै मातृभाषा थारूमा गाएका तल दिइएको गीत अहिले पनि प्रौढावस्थाका महिलाहरूलाई कण्ठस्थ छ ।

चारैतिर घेरियो पर्वत है।।।।।।
माझमा भए जनता
उठ जनता राईफल तरवार लिई
फटहाहरूलाई मासिदिन्छौ ।

### २.७.५ पञ्चेहरूका कारण सहिद भएका सहिद रामप्रसाद चौधरी

पञ्चायत कालमा नेपाली काँग्रेसलगायत सबै दललाई प्रतिवन्ध लगाइएको थियो। पाटी प्रतिवन्धमा रहेपनि नेताहरूले लुकिछिपी गतिविधि गरि नै रहन्थे। यसै क्रममा नेपाली काँग्रेसका नेता गिरिजाप्रसाद कोइराला पाटीको आन्तरिक बैठकमा सहभागी हुन २०४० सालमा रूपन्देहीको केरवानी-९, केरवानी गाउँ पुगेका थिए।

थारू कल्याणकारिणी सभा रूपन्देहीका पूर्व जिल्ला अध्यक्ष रामवली चौधरीका अनुसार हाल देवदह नगरपालिकामा पर्ने केरवानी गाउँमा त्यसबेला भइरहेको बैठकबारे मण्डलेहरूले सुईंको पाएछन्। उनीहरू बैठक बिथोल्न दलबल, घरेलु हातहतियारसहित केरवानी गाउँमा आए अनि बैठक भइरहेको घर घेराउ गरे। त्यसबेला मण्डलेहरूको आक्रमणमा परी सोही गाउँका रामप्रसाद चौधरीले बलिदानी दिनु पयी। उक्त घटनामा नारायणदास चौधरीलगायत धेरैजना सख्त घाइते भएका थिए।

### २.७.६ पञ्चेहरूका कारण सहिद भएका सहिद दिलीप चौधरी

पञ्चायती व्यवस्थाबिरुद्ध २०४२ सालमा बम काण्डको आरोपमा काठमाडौं, प्रदर्शनी मार्गस्थित नेपाल ल क्याम्पसबाट सप्तरीका दिलीप चौधरी पक्राउ परेका थिए। २०४७ सालमै उनको सम्झनामा सहिद दिलीप स्मृति प्रतिष्ठान गठन गरिएको छ। यस प्रतिष्ठानका पूर्व अध्यक्ष राजकुमार लेखीका अनुसार ल क्याम्पसमा त्यस दिन सहिद फणिन्द्र तिमिल्सिनाको शोकसभा आयोजना गरिएको थियो। सो कार्यक्रममा उपस्थित दिलीप चौधरीलगायत धेरैजनालाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय हनुमानढोका लगिएको थियो। त्यसपछि उनको कुनै अत्तोपत्तो भएन।

सप्तरीको सप्तकोशी नगरपालिका-५ स्थित गंगाजलीमा सहिद दिलीप चौधरीको सम्झनामा सहिद स्मारक स्तम्भ निर्माण भएको छ। सहिद दिलीप चौधरीको जन्म गाउँ सप्तरीको सप्तकोशी नगरपालिका-११, फत्तेपुरमा सहिद दिलीप रंगशाला निर्माण भएको छ। प्रतिष्ठानले वार्षिक रूपमा विभिन्न कार्यक्रम आयोजना गरी सञ्चारकर्मी लगायतलाई दिलीप स्मृति पुरस्कारले सम्मानसमेत गर्दै आएको छ। हाल सहिद दिलीप स्मृति प्रतिष्ठानको अध्यक्ष प्रतिष्ठानका पूर्व अध्यक्ष राजकुमार लेखीकी धर्मपत्नी उषा खान रहेकी छिन्।

## २.८ २०४६ पछि, जनयुद्ध अघिसम्म बलिदानी

पञ्चायत कालको अवसानपछि पुनः थारू किसानहरू आन्दोलित भएको र केहीले बलिदानी दिनु परेको इतिहास फेला पर्छ। यस क्रममा बर्दियाको कनरा आन्दोलन, कमैया, कमलरी मुक्तिको घोषणालगायत ठूल्ठूला आन्दोलन भए।

### २.८.१ बर्दियाको कनरा आन्दोलनमा रुन्चे थारूको बलिदानी

कमैया आन्दोलनको क्रममा २०४७ देखि २०५० सालमा बर्दियाको कनरा आन्दोलन ऐतिहासिक घटना हो। कमैयाहरूले कनरामा औपचारिक रूपले पहिलो बैठक २०४७ वैशाख ९ गते सुरु गरेका थिए (दहित, २०७८: ९२)। यस आन्दोलनमा प्रहरीको कुटाईबाट गम्भीर घाइते भएका ६० वर्षीय किसान रुन्चे थारूले उपचारको क्रममा ज्यान गुमाएका थिए। सो घटनामा १२ जना थारू किसानहरू गम्भीर घाइते भएका थिए (दहित, २०७८: १०२-१०३)। १२ जना थारू किसानहरू गम्भीर घाइते हुनु, त्यसमाथि रुन्चे थारूले सहादत पाएपछि कमैया आन्दोलनकारी निराश भएका थिए। धेरै त बस्ती छाडेर बसाईं सराइ गर्न थालेका थिए। तर, अन्तमा जो जो टिक्न सके, ती सबैले पछि जग्गा पाए। कनरामा कमैया र सुकुम्वासीहरूको संघर्षले सरकारबाट आयोगसम्म गठन भई ४,९३९परिवारलाई जमिन उपलब्ध गराइएको थियो (देउजा, २०७४: १२)।

२०५१ सालमा त्यति परिवारले सरदर ५ कट्ठा जमिन पाएका थिए। जसअनुसार विधवालाई २ कट्ठा, ३ देखि ५ जना रहेको परिवारलाई ५ कट्ठा, ५ देखि ११ जनासम्मको परिवार रहेकालाई ७ कट्ठा लालपूर्जा दिइएको थियो। जग्गा वितरणपछि बसाईं सराइ गरेर जाने करिब १९ सय परिवारहरू निकै पछुताएका थिए। सरदर ५ कट्ठाको दरले पनि त्यसबेला कमैया र सुकुम्वासीहरूहरूलाई करिब १५ हजार विगहा जग्गा उपलब्ध गराएको देखिन्छ (दहित, २०७८: १११)।

कनरा आन्दोलनले कतिसम्म धक्का दियो भने यही आन्दोलनका कारण सरकारले ६५ जिल्लामा भूमिसुधार व्यवस्थाका लागि सुकुम्वासी आयोग गठन गर्यो। कनरा आन्दोलनका अगुवा रेशम बहादुर चौधरी थिए। यिनकै नामबाट बर्दियाको बाँसगढी नगरपालिकामा रेशमपुर गाउँ पनि रहेको छ।

### २.८.२ कमैया, कमलरी मुक्ति आन्दोलनमा बलिदानी

कनरा आन्दोलन लगायतको जोडबलले २०५२ सालदेखि सुरु भएको थियो कमैया मुक्ति आन्दोलन, जुन २०५७ साउन पहिलो सातासम्म रह्यो। सरकारले २०५७ साउन २ गते कमैया मुक्ति घोषणा गरेको थियो। कमैयाहरू मुक्त भए पनि उनीहरूका किशोरी छोरीहरू मुक्त भएनन्। यसका लागि २०६० को दशकबाटै कमलरीहरूले आन्दोलन गर्नुपर्यो। अन्ततः २०७० असार १३ गते सरकारबाट कमलरी मुक्ति घोषणा गरियो। यी दुवै आन्दोलनका क्रममा सयौं कमैया, कमलरी घाइते भए। यद्यपि कसैले बलिदानी दिनु परेन।

मालिकको घरमा कमलरी बस्दा भने केहीले ज्यान गुमाएको अवस्था छ। २०७५ असारको पहिलो सातासम्म ४ जना झुण्डिएको तथा २ जना जलेको अवस्थामा गरी ६ जना कमलरीको मालिकको घरमा ज्यान गएको देखिन्छ (केसी, २०७५)। पीडित पक्षले मारेर झुण्ड्याएको, जलाएको दोषारोपण गर्दै आन्दोलन गरे पनि पुलिस रिपोर्टले पुष्टि नगर्दा आन्दोलन त्यतिकै मत्थर भयो। कमलरी प्रथा उन्मुलनका लागि कमलरीहरूको संयुक्त संघर्ष समिति र सरकारबीच २०७० जेठ २४ गते १० बुँदे सहमति भएकोमा सोही बुँदाअन्तर्गत मृतक कमलरी सिर्जना चौधरीका परिवारलाई पाँच लाख र मेघी चौधरीको परिवारलाई एक लाख ५० हजार क्षतिपूर्ति दिइएको थियो।

मुक्त कमलरी विकास मञ्चका अनुसार एक दशक पहिले २६ जना कमलरी वेपत्ता भएकोमा सबैभन्दा धेरै कैलालीबाट कमलरीहरू बेपत्ता भएका थिए। मञ्चको तथ्याङ्कअनुसार कैलालीका १२ जना, बाँकेका ६ जना, दाङका पाँचजना र बर्दियाका चारजना कमलरीहरू घरपरिवारको सम्पर्कमा थिएनन्। यो बलिदानी नभई व्यक्तिगत घटना भएकाले यसबारे बिस्तृत विवरण समेटिएको छैन।

### २.८.३ निर्वाचनको क्रममा बलिदानी

मध्यावधि निर्वाचनको क्रममा २०५१ साल कार्तिक १७ गते भएको दाङको बिजौरीमा एमालेको जुलुसमा प्रहरीको गोली चल्दा कृष्ण चौधरी, नारायण चौधरी, पुष्प घिमिरेले सहादत प्राप्त गरेका थिए। घटनामा ३६ जना घाइते भएका थिए। तत्कालीन सरकारका यातायात मन्त्री खुमबहादुर खड्काको निर्देशनमा त्यो गोली काण्ड भएको एमालेको ठहर थियो (देवकोटाः सन् २०२१)।

दाङको बिजौरीको उक्त घटनामा घाइते भएका एमाले नेता सहजराम यादवका अनुसार सहिद नारायण चौधरी हाल दाङ, घोराही उपमहानगरपालिका-(,ढिकपुरका थिए भने कृष्ण चौधरी दाङ, घोराही उपमहानगरपालिका-१३, सेवारका थिए। प्रहरीको गोली लागी घाइते भएकालाई आन्दोलनकारीले सामान्य गाडीमा उपचारार्थ अस्पताल ल्याइरहेको बेला एसपीले हाम्रो गाडीले अस्पताल चाँडै पुर्याइ दिन्छ भनेका थिए। तर, ज्यान गल्दै गएका नारायण चौधरीले त्यसबेला भनेका थिए, 'बरु म यही सहिद हुन्छु तर हत्याराको गाडी चढ्दिन।' अस्पतालको गेट पुर्याउनै लागेको बेला उनको प्राण गएको थियो।

# अध्याय तीन

# माओवादी आन्दोलनमा बलिदानी

## ३.१ परिचय

तत्कालीन संयुक्त जनमोर्चा नेपालका अध्यक्ष डा बाबुराम भट्टराईले राष्ट्रियता, जनताको जनजीविका, जनतन्त्रसँग सम्बन्धित मागलाई लिएर तत्कालीन संयुक्त सरकारका प्रधानमन्त्री शेरबहादुर देउवालाई २०५२ साल माघ २१ गतेका दिन ४० बुँदे ज्ञापनपत्र बुझाएका थिए। उक्त ४० बुँदे मागको १६औं नम्बरमा प्रहरी हिरासतबाट बेपत्ता पारिएका दिलीप चौधरीलगायत व्यक्तिहरूका बारेमा निष्पक्ष छानवीन गरी अपराधीहरूलाई कडा कारवाही गरिनुपर्ने, पीडित परिवारलाई उचित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ (ढकाल, २०८१:१४९)।

उक्त ४० बुँदे माग पुरा गर्न १५ दिनको अल्टिमेटम दिइएको थियो। तर अल्टिमेटम दिइएको ११औं दिन अर्थात् २०५२ फागुन १ देखि सशस्त्र जनयुद्धको सुरुवात भएको थियो। यसरी २०५२ फागुन १ देखि २०६२ सम्मको १) वर्षे जनयुद्धमा सयौ थारूले बलिदानी दिए। संकटकालको अधिकारको दुरूपयोग गर्दै कैयौ निदीष थारू समुदायका व्यक्तिहरू मारिए। माओवादीको १) वर्षे जनयुद्धका क्रममा २०५२ फागुन १ देखि २०६३ मङ्सिर ५ सम्म नेपाली भाषीपछि थारूभाषी सबैभन्दा बढी हताहत भए, जसमा ८३३ थारूले ज्यान गुमाएका, २४१ थारू बेपत्ता पारिएका तथा ४४ जना थारू अपाङ्ग भएको तथ्याङ्क छ।

यस शीर्षकको अध्ययनमा २०५२ फागुन १ देखि २०६३ मङ्सिर ५ सम्मको अवधिको घटना विवरण समेटिएको छ।

## ३.२ माओवादीलगायत आन्दोलनमा सहिद हुनेहरू

माओवादीको १० वर्षे जनयुद्धका क्रममा तथा अन्य आन्दोलनमा मृत्यु हुनेहरूको २०७० फागुन १५ गतेको राजपत्रमा सहिदहरूको नामावली भनी प्रकाशन गरिएको छ।उक्त दिनको राजपत्रमा उल्लेख छ- अग्रगामी परिवर्तनका लागि भएको सशस्त्र संघर्ष र क्रान्तिका क्रममा सहादत प्राप्त देहाय वमोजिमका सदस्य तथा पदाधिकारीहरूलाई सम्मानस्वरूप नेपाल सरकारले देहायका मितिमा सहिद घोषणा गर्ने निर्णयको आधारमा नेपाल सरकारले मिति २०७९ फागुन १५ गतेको निर्णयअनुसार राजपत्रमा सूचना प्रकाशित गरेको हो।

नेपाल सरकारले सशस्त्र विद्रोह र विभिन्न आन्दोलनका क्रममा ज्यान गुमाएका व्यक्तिहरूको नाम राजपत्रमा प्रकाशित गर्ने निर्णयअनुसार २०६५ पुस ९ गते पहिलो पटक राजपत्रमा नामावली प्रकाशित गरेको थियो जसमा ३ हजार ३ सय ७१ जनाको नाम प्रकाशित छ। त्यस्तै २०७९ फागुन १५ गतेको राजपत्रमा सहिदहरूको नामावली प्रकाशन गरिएको छ जसमा दाङ जिल्लाका मात्रै १३० जना थारू समुदायका व्यक्तिले सहादत प्राप्त गरेका थिए, त्यसमध्ये २२ जना थारू महिला थिए (चौधरी, २०८१: ४१)।

उक्त राजपत्रमा उल्लेख छ- अग्रगामी परिवर्तनका लागि भएको सशस्त्र संघर्ष र क्रान्तिका क्रममा सहादत प्राप्त देहाय वमोजिमका सदस्य तथा पदाधिकारीहरूलाई सम्मानस्वरूप नेपाल सरकारले देहायका मितिमा सहिद घोषणा गर्ने निर्णयको आधारमा नेपाल सरकारले मिति २०७९ फागुन १५ गतेको निर्णयअनुसार राजपत्रमा सूचना प्रकाशित गरेको हो।

राजपत्रमा प्रकाशित सूचनाअनुसार थारू समुदायबाट माओवादी जनयुद्धमा सहिद हुनेहरूको संख्या ५७७ देखिन्छ। तथ्याङ्कअनुसार सबैभन्दा बढी कैलाली जिल्लाका रहेका छन्, जहाँबाट २०७ जनाले ज्यानको आहुति दिनु पयी। दोस्रोमा दाङका १३० जना, तेस्रोमा कञ्चनपुरका ८४ जना, चौथोमा बर्दियाका ७४ जना, पाँचौमा बाँकेका २२ जनाले सहादत प्राप्त गरेको तथ्याङ्क छ (हेर्नुहोस् तालिका: १)। थरुहटको २० जिल्लाका थारू समुदायले सशस्त्र विद्रोहमा ज्यान गुमाएका छन्। यद्यपि बढी प्रभावित यही पश्चिमी पाँच जिल्ला दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर रह्यो, जसलाई एमाओवादीले थारूवान प्रदेश घोषणा गरेको थियो।

माओवादी जनयुद्धमा मृत्यु हुनेमा कैलाली जिल्लामा सबैभन्दा बढी क्षति देखिए पनि समग्रमा बर्दिया जिल्ला सबैभन्दा बढी प्रभावित भएको देखिन्छ। किनकि द्वन्द्वका क्रममा बर्दियाबाट मात्रै सबैभन्दा बढी १८९ जना वेपत्ता भएका थिए। बेपत्ता हुने व्यक्तिका परिवारका प्रायः सदस्यहरूलाई क्षतिपूर्तिस्वरूप १० लाख रुपैंया उपलब्ध गराइएको छ (हेर्नुहोस, परिशिष्ट २)। तर यति रकममात्रै दिएर उनीहरूको घाउमा मलहम लाग्ने देखिन्न।

*तालिका १: सशस्त्र विद्रोहमा थारू समुदायका सहिदहरू*

## जिल्लागत संख्यात्मक विवरण

| क्र.सं. | जिल्ला | संख्या |
|---|---|---|
| १. | उदयपुर | २ |
| २. | मोरङ | ३ |
| ३. | सुनसरी | १० |
| ४. | रौतहट | ६ |
| ५. | सप्तरी | ४ |
| ६. | सर्लाही | १ |
| ७. | सिराहा | २ |
| ८. | महोत्तरी | २ |
| ९. | बारा | ४ |
| १०. | पर्सा | ४ |
| ११. | चितवन | ३ |
| १२. | नवलपरासी बर्दघाट सुस्ता पूर्व र पश्चिम | ६ |
| १३. | रुपन्देही | ४ |
| १४. | कपिलवस्तु | ५ |
| १५. | दाङ | १३० |
| १६. | बाँके | २२ |
| १७. | बर्दिया | ७४ |
| १८. | सुर्खेत | ६ |
| १९. | कञ्चनपुर | ८४ |
| २०. | कैलाली | २०७ |
| | **जम्मा** | **५७७** |

*स्रोतः नेपाल राजपत्र, संख्या २७९, सिनं ११५, २०७९ फागुन १५*

यहाँ माओवादी द्वन्द्वकालमा सहिद भएकाको केही प्रतिनिधि घटना समेटिएको छ।

### ३.२.१ बर्गद्दी काण्ड

८ मंसिर २०५८ को राती दाङको सदरमुकाम घोराहीमा माओवादीले आक्रमण गर्दा भगवतीप्रसाद गुल्मका गुल्मपति नरेश उप्रेतीसहित १४ सैनिक मारिए। सोही घटनामा जिल्ला प्रहरी कार्यालयका ( प्रहरीको ज्यान गयो। तत्कालीन गृहमन्त्री खुमबहादुर खड्काले सो भीडन्तमा ७० जना माओवादी मारिएको दावी गरे। तर, माओवादी पक्षले आफ्ना एक दर्जनभन्दा बढी कार्यकर्ता नमारिएको भन्यो।

८ मंसिर २०५८ को राती नै जिल्ला प्रहरी कार्यालय स्याङ्जामा माओवादीले आक्रमण गर्दा १४ प्रहरीको ज्यान गयो । दाङ र स्याङ्जा सदरमुकाम आक्रमणको तीन दिनलगत्तै ११ मंसिरमा माओवादी समूहलाई आतङ्ककारी भन्दै संकटकाल घोषणा गरियो । आतङ्ककारी तथा विध्वंशात्मक गतिविधि नियन्त्रण र सजाय अध्यादेश (टाडो), २०५८, जारी भइ सेना परिचालन गरियो ।

घोराही आक्रमणको ५ दिनपछि १३ मंसिरमा सदरमुकामबाट करीब २ किमि पूर्व उत्तर अवस्थित घोराही नपा-१७ वर्गद्दी गाउँमा ११ जना निहत्था थारू किसान सुरक्षाकर्मीबाट मारिए । तिनीहरू खल्यानमा ट्र्याक्टरले दाइँ गरेको धान झाँट्दै थिए । घटना दिउँसो ३ बजे भएको थियो । तर रेडियो नेपालबाट समाचार प्रसारण भयो, गए राती साढे ( बजे बर्गद्दीमा लुटपाटका लागि आएका ११ जना माओवादी सुरक्षा कारवाहीमा मारिए (सर्वहारी, २०७३:३३) ।

बर्गद्दीमा सामूहिक रूपमा धान दाइँ गरिरहेका ११ जना निर्दोष थारू किसानहरूमा रूपलाल चौधरी (२५), रामबहादुर चौधरी (२२), सोङ्गा चौधरी (४)), खुशीराम चौधरी (२८), जगमान चौधरी (२२), कृष्ण प्रसाद चौधरी (२२), जोगी चौधरी (५)), प्रसादु चौधरी (४८), शितलाल चौधरी (४५), रिसमान चौधरी तथा (४)), आशाराम चौधरी (२५) मारिएका थिए ।




*तस्विर ११: २०५८ साल मंसिर १३ गते दाङको घोराही नपा-१७ वर्गद्दी गाउँमा ११ जना निहत्था थारू किसान दाइँ गरेको धान झाँट्दै गर्दा सुरक्षाकर्मीबाट मारिएका थिए । तिनको सम्झनामा सोही गाउँमा बनाइएको सहिद स्मृति पर्यटकीय पार्क । र, पार्कमा अंकित सहिद नामावली ।*

खेती किसानी गर्ने छोरालाई आतङ्ककारी माओवादीको आरोप लगाएर मारेको भन्दै पीडित लाखी चौधरीले अहिलेसम्म आफूहरूले न्याय नपाएको गुनासो गर्छिन् 'म चुरा लगाउन बजार गएकी थिएँ, बजारबाट आउँदा छोरालाई सेनाले आतङ्ककारी माओवादी भनेर मारेका रहेछन् । तर, मेरो छोरो एकदमै सोझो थियो, खेती किसानी गरेर परिवार पाल्दै थियो ।'[23]

घटनामा जेठा छोरा खुशीराम चौधरीलाई गुमाएका बाबु छुनिलाल चौधरी भन्छन्, 'त्यस वर्षको मकै बाली माओवादीको दवावमा अधियाबाट टिकुर (तीन भाग) गरिएको थियो । धानवाली पनि त्यसै हुने डरले सुराकी गरेरै जमिन्दारले सुरक्षाकर्मी बोलाएका थिए (सर्वहारी ग, २०७३: ३३) ।' यसरी जमिन्दारहरूको सुराकीकै कारण आफ्ना भाइछोराहरू मारिएको पीडित परिवारको आरोप छ ।

सेनाले हत्या गरेको ५ दिनपछि मात्र सम्बन्धित परिवारलाई लाश बुझाइएको थियो । राज्यबाट किस्ता किस्तामा गरी १० लाख रूपैयाँ पीडित परिवारले पाएका छन् । उक्त घटनामा श्रीमान गुमाएकी पार्वती चौधरीले सरकारले कम्तीमा पीडित

23 https://thahakhabar.com/news/113024/. Accessed at 13 March 2025.

परिवारको घरको एकजना सदस्यलाई रोजगार दिनुपर्ने बताउँछिन् ।

११ जना किसानहरूको सम्झनामा बर्गद्दीमा २०७६ सालमा 'सहिद स्मृति पार्क निर्माण गरिएको छ । तर, संरक्षणको अभावमा पार्क बेवारिस अवस्थामा छ । जग्गा अभावमा पार्कस्थल पनि निकै साँगुरो रहेको छ । पीडित परिवारले हरेक वर्ष मंसिर १३ गतेको दिनलाई कालो दिनका रूपमा सम्झने गरेका छन् ।

### ३.२.२ पेन्ड्या काण्ड

२०५९ मंसिर २० गते सुरक्षा फौजले राती साढे सात बजेतिर दाङको तत्कालीन लक्ष्मीपुर गाविस-३, बेलभार र गोग्ली गाउँ (हालः घोराही उपमहानगरपालिका) मा गरेको कारवाहीमा स्थानीय ९ थारू किसान मारिए । बेलवामा मारिएका किसानहरू असुरी चौधरी, शरद चौधरी, हेलु चौधरी, रामप्रसाद चौधरी, इन्द्रलाल चौधरी, ढुण्डीराज चौधरी, पृथ्वी चौधरी, बुद्धिराम चौधरी, विनोद चौधरी थिए ।

मारिनेहरूको उमेर १४ वर्षदेखि २२ वर्ष बीच थियो । सरकारी स्रोतहरूले उनीहरू माओवादी भएको भने पनि ती सर्वसाधारण किसान थिए । बेलभार गाउँबाट पेन्ड्या (दाँइ सकिएको उपलक्ष्यमा आयोजना गरिने खानपीन) खाएर गोग्ली गाउँको सिमाना प्रवेश गर्दै गर्दा गस्तीमा रहेको सेनाले कर्फ्यू उल्लंघन गरेको आरोपमा जथाभावी गोली चलाएको थियो ।

गोग्लीको राजमार्ग चौराहाबाट एक मिनेटको दूरीमा छ मृतक असुरी चौधरीको घर । उनकी पत्नी सुनिता चौधरीका अनुसार उनलाई घरमा हुलेर असुरी लगायतलाई सेनाले मारेको थियो । 'मेरो घर यही नजिकै छ, मलाई नमार्नुस् हजुर' पतिको यो आवाज सुनिताको कानमा अझै पनि ठोक्किन्छ (सर्वहारी ग, २०७३: ३७) ।

प्रत्यक्षदर्शीहरूका अनुसार बाली भित्र्याएपछि खाइने पेंन्ड्या (भोज) खाएर एक घरबाट अर्की घर जाँदै गर्दा बेलुका साढे सात बजेतिर सेनाले गरेको कारवाहीमा ती किसान मारिएका थिए । लाश बुझाउँदा तत्कालीन जिल्ला प्रहरी प्रमुखले पीडित परिवारलाई पढ्नै नदिई सही गराएका थिए ।

सञ्चारकर्मीसमेत रहेका तत्कालीन लक्ष्मीपुर गाविसका पूर्व गाविस अध्यक्ष भुवन देवकोटाका अनुसार डीएसपीले उनलाई पनि मुचुल्काको कागज हेर्न दिएनन् । पछि थाहा भयो, भीडन्तमा मारिएको कागज गराइएको रहेछ । देवकोटा भन्छन्, 'त्यो कुनै भीडन्त थिएन, निदोष थारूहरू मारिएका हुन् । जानअन्जानमा उनीहरूले कर्फ्यू नै तोडे पनि सोधपुछका लागि नियन्त्रणमा लिन सकिन्थ्यो,' (सर्वहारी ग, २०७३: ३७) ।




*तस्विर १२: २०५९ मंसिर २० गते सुरक्षा फौजले दाङको तत्कालीन लक्ष्मीपुर गाविस-३, बेलभार र गोग्ली गाउँ (हालः घोराही उपमहानगरपालिका) मा गरेको कार्वाहीमा स्थानीय ९ थारू किसान मारिएका थिए । तिनले सहादत पाएको स्थान गोग्ली चोक ।*

बेलवामा मारिने ९ जनामध्ये २ जना अविवाहित थिए। बाँकी ७ जनाको परिवारमा एकजना बाहेक बाँकी सबै बुहारीहरू अन्तै बिहे गरेर गए। घटनामा छोरा र ज्वाईं गुमाएका अनन्तलाल चौधरी भन्छन्, 'बुहारीहरूको मुख हेरेर छोराको नियाम्रो मेट्दा हौं, ती पनि गइ गए।' सोमराज चौधरीले घटनामा छोरा पृथ्वी गुमाए। भएको एउटा छोरा पनि नरहेपछि उनले छिमेकी गाउँबाट विक्की चौधरी युवालाई घरज्वाईं बनाएका छन्। मृतक असुरी चौधरीकी श्रीमतीले देवरसँग बिहे गरेकी छिन्। यसरी बेलवामा पीडित परिवार पुनर्स्थापित भएको जस्तो देखिए पनि भित्रको जलन बाँकी नै छ।

स्थानीय शान्ति समितिका तत्कालीन संयोजक नेत्र प्रकाश पाण्डेका अनुसार वर्गद्धी र बेलवाका निदीष, निहत्था थारू किसानका माग लम्बेतान छैनन्। उनीहरू छोराछोरीका लागि शिक्षा र शिक्षा अनुसारको रोजगारी चाहन्छन्। आफन्तको अकालमा सास गएको स्थानमा स्मारक ठडिएको हेर्न चाहन्छन्।

### ३.२.३ सहिद भए स्कुले विद्याथी

कैलालीको कैलारी गाउँपालिका-९, गदरियाका १४ वर्षीय बाँधुराम चौधरी ७ कक्षामा घरसँगै जोडिएको गदरिया माविमा पढ्थे। उनी भन्दा एक कक्षा माथि रहेका २० वर्षीय देशराज राना उमेरले ठूलो भए पनि मन मिल्ने साथी थिए। संकटकालमा देशराजकहाँ नेपालगञ्जका एक साथी आइपुगे। ती देशराजकहाँ १२ दिन अनि बाँधुरामकहाँ २ दिन बसे। घर फर्किने मन बनाएपछि बाँधुराम र देशराज दुवै गाउँको पूर्व उत्तर वनको बाटो हुँदै साथीलाई महेन्द्र राजमार्गको राजीपुरसम्म पुर्याउन भनी हिँडे। तर, घरबाट हिँडेपछि खुरखुरियाको जंगलमा सुरक्षाकर्मीको गस्तीले भेट्यो। साथीलाई पुर्याउन हिँडेको, स्कूल नजिकै घर छ भने पनि ती तीनैजनालाई मारेर एउटै खाल्डोमा पुरियो।

यस घटनाबारे जानकारी लिन २०८१ चैत १३ गते दिउँसो बाँधुराम र देशराजको घर कैलालीको कैलारी गाउँपालिका-९, गदरिया पुगिएको थियो। बाँधुरामका ठूल्दाजु दिलबहादुर चौधरीले भाइ मारिएको साल सम्झिन सकेनन्। तर त्यो दिन थारू सुमदायको पर्व अट्वारी परेकोसम्म बताए।



*तस्विर १३ : कैलालीको कैलारी गाउँपालिका-९, गदरियाका विद्यार्थी बाँधुराम चौधरीका ठूल्दाजु दिलबहादुर चौधरीसँग उनको घरमा स्थानीय सञ्चारकर्मी लखन दहितसहित। बाँधुरामलाई सुरक्षाकर्मीले अनाहकमा मारेका थिए।*

राजपत्रमा प्रकाशित सूचनाअनुसार तत्कालीन गदरिया-४ का धेश (देश) राज राना थारू मारिएको २०६० भदौ १४ गते भनिएको छ। उता बाँधुराम मारिएको २०६० कार्तिक ८ गते भनिएको छ। जबकि दुवै सँगै मारिएका थिए। बाँधुरामका ठूल्दाजु दिलबहादुरले अटवारीको दिन घटना भएको जानकारी दिएअनुसार उनीहरू २०६०भदौ १४ गते नै मारिएको देखिन्छ।

'त्यो दिन अटवारी पर्वको ब्रत बसेका थियौं। सेनाहरू हाम्रो घर आएर थपी थपी जाँड रक्सी खाए, मकै भुटेर ख्वायौं। अर्की दिन अटवारीको अग्रासन दिएर आएपछि बल्ल दुःखद खबर थाहा पाइयो।' बाँधुरामका ठूल्दाजु दिलबहादुरले भने,'संकटकाल छ, के हुने हो, कसो हुने हो भनेर गाउँलेहरूले लाश घर ल्याएर सद्गत गर्न दिएनन्। मनले मानेन, लाश गाडेको ठाउँ हेर्न गयौं। अलि अलि खाल्डो खनेर स्याउलाले छोपछाप गरेका रहेछन्। हटाएर हेर्दा बन्दुकको टुप्पोले घोची घोची मारिएको रहेछ। जंगली जनावरले नखोस्रुन् भनेर बाक्लो गरी माटो चढायौं। घर आएर कुशको शव बनाई दाहसंस्कार गर्यौं।'

दिलबहादुरका अनुसार उनका भाइहरूले छोड्न जान लागेको थारू साथीले आफ्नो घर नेपालगन्ज भएको र उनका बाबा फिल्म निर्देशक भएको जानकारी दिएका थिए।

त्यो घटनामा मारिएका अर्का देशराज रानाका भतिजा परशुराम रानाका अनुसार काकाहरूलाई मारेर गाडेको ठाउँमा गाउँलेहरू जानै मानेनन् । 'म त कमाउन इण्डिया गएको थिएँ । मेरो माइला भाइ र अर्का मृतक बाँधुरामका दाइ दिलबहादुर घटनास्थलमा गएका थिए । घटनास्थल हृदयविदारक थियो ।' परशुराम भन्छन्,'पछि घरमा माओवादी धेरैपल्ट आए, बदला लिनुपर्छ भनेर उक्साए । तर, जे हुनु भइसकेको थियो । काका नरहेपछि काकीले पनि अर्कै घर गरिन् । काकाको तस्विर पनि साथै लगिन् । हामीकहाँ उहाँको कुनै चिनो रहेन ।'



*तस्विर १४ : सुरक्षाकर्मीबाट अनाहकमा मारिएका कै लालीको कैलारी गाउँपालिका-९, गदरियाका विद्य( र्थी देशराज रानाका भतिजा परशुराम राना ।*

संकटकालको अवस्थामा कैलाली जिल्लाको कैलारी गाउँपालिका गदरिया गाउँको यो एउटा प्रतिनिधि घटना मात्र हो । राजपत्रमा प्रकाशित थारू सहिदहरूको सूची केलाउने हो भने बाँधुराम र देशराजजस्ता तमाम युवाहरू माओवादीको आरोपमा नक्कली मुठभेडको आरोपमा मारिएका थिए । यसबारे विस्तृत रूपमा छुट्टै अध्ययन हुनु जरुरी देखिन्छ ।

## ३.३ जनयुद्धमा बेपत्ता थारू समुदाय

सुशील चौधरीद्वारा सम्पादित तथा बारबर्दिया नगरपालिकाबाट प्रकाशित बर्दिया जिल्लाः जनयुद्धमा शहीद, ज्यान गुमाएका बेपत्ता पारिएका तथा घाइते योद्धाहरूको जीवनगाथा (२०७७) पुस्तकमा ६ सय ८० जना योद्धाहरूको जीवनी समेटिएको छ । यसमा ३ सय २८ शहीद तथा मारिएका व्यक्ति, २ सय ५० जना वेपत्ता र १ सय २ जना घाइते तथा अपाङ्गता भएकाहरूको दस्तावेजीकरण छ ।

यस क्रममा बढैयातालका २८, बाँसगढीका ४३, बारबर्दियाका ७४, गुलरियाका २१, मधुवनका ३६, ठाकुरबाबाका ५४, राजापुरका ९० तथा गेरुवा गाउँपालिकाका ८० गरी जम्मा ४ सय २६ जना थारू समुदायका योद्धाहरूको जीवनीले स्थान पाएको छ । यसमा व्यक्तिको बाल्यकाल, युवाकाल, राजनीतिक जीवन र संलग्नताको साथै आर्थिक तथा सामाजिक परिवेश समेटिएको छ । यस्तो ऐतिहासिक बृहत् पुस्तक अन्य जिल्लाबाट प्रकाशित भएको छैन ।

तलको सूचीमा वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगबाट आव २०८०/०८१ को प्रतिवेदनमा प्रकाशित वेपत्ताहरूको सूचीअन्तर्गत थारू समुदायका व्यक्तिहरूको मात्र यहाँ संख्या दिइएको छ । तथ्याङ्कअनुसार जम्मा ३१३ जना थारू समुदायका व्यक्तिहरू वेपत्ता भएका छन्, जसमा बर्दिया जिल्लाबाट सबैभन्दा बढी १८९ जना वेपत्ता भएको तथ्याङ्क देखिन्छ (हेर्नुहोस् तालिकाः २) ।[24]

*तालिका २ : जनयुद्धमा वेपत्ता पारिएका व्यक्तिहरूको जिल्लागत संख्या विवरण*

| क्र.स. | जिल्ला | संख्या |
|---|---|---|
| १. | उदयपुर | १ |
| २. | मोरङ | ६ |
| ३. | सुनसरी | ३ |
| ४. | रौतहट | १ |
| ५. | सप्तरी | ५ |
| ६. | सर्लाही | १ |

24 यो तथ्यमा केही फरक पनि देखिन्५ । जस्तो कि संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तद्वारा बर्दियामा बेपत्ता पारिएका ३६नाहरूको सम्बन्धमा द्दण्टघ मा३ ठ मा प्रेषित प्रेस वक्तव्य बर्दियामा मात्रै नेपाली सेनाबाद करीब द्द सय जना बेपत्ता पारिएकोमा (आर्वर द्दण्टघ) थारू समुदायका मात्रै ज्ञ सय द्दढ व्यक्ति ५न् (गोचाली द्दण्टघः घद्द-द्धण) ।

| | | |
|---|---|---|
| ७. | सिराहा | १ |
| ८. | काभ्रेपलाञ्चोक | १ |
| ९. | नवलपरासी बर्दघाट सुस्ता पूर्व | १ |
| १०. | नवलपरासी बर्दघाट सुस्ता पश्चिम | ४ |
| ११. | कपिलवस्तु | ३ |
| १२. | दाङ | ३८ |
| १३. | बर्दिया | १८( |
| १४. | बाँके | २४ |
| १५. | कञ्चनपुर | ३२ |
| १६. | कैलाली | २५ |
| | **जम्मा** | ३१३ |

*स्रोतः वार्षिक प्रतिवेदन (आव २०८०/८१), वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, काठमाडौं*

पछिल्लो पटक २०८२ जेठ ६ गतेको गोरखापत्र दैनिक (पृ. ३) मा वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले पुनः २०८२ भदौ ४ सम्म उजुरीको आह्वान गरेको सूचना प्रकाशित गरेको थियो ।[25] बेपत्ता व्यक्तिहरूलाई पनि सहिदसरह मान्नुपर्ने र तिनको सम्मानसाथ राज्यले क्षतिपूर्ति दिनुपर्ने सवालमा ढिलाइ भइरहेको छ ।

यहाँ माओवादी द्वन्द्वकालमा वेपत्ता हुने केही प्रतिनिधि पात्रबारे जानकारी समेटिएको छ ।

### ३.३.१ भाषासेवी सगुनलाल चौधरी

२०२८ सालमा प्रकाशित थारू भाषाको पहिलो पत्रिका 'गोचाली'का संस्थापक सम्पादकमध्ये एक थिए सगुनलाल चौधरी । वर्दियाको बारबर्दिया नगरपालिकाको जनसेवा माबि सेमरह्वामा उनी शिक्षणरत थिए । केही कुरा बुझ्नु छ भनी उनलाई २०५८ साल पुस १२ गते साँझ उनको घर बर्दिया, धधवार-६, (हाल बारबर्दिया नगरपालिका-१०) सेमरहवा गाउँको पूर्वबाट सुरक्षाकर्मीहरूले लगेका थिए ।

पछि सगुनलालका माइला छोरा कृष्णकुमार चौधरीलाई पनि सुरक्षाकर्मीहरूले चिसापानी ब्यारेक पुर्याएपछि उनले बाबुलाई त्यहाँ भेटेका थिए । उनका अनुसार पछि सम्बन्धित व्यारेकमा सोधखोज गर्न जाँदा उनलाई नल्याएको भनियो । जिल्ला कारागार, प्रहरी कार्यालय सबै ठाउँमा परिवारबाट सगुनलालको खोजी गरियो तर पत्ता लगाउन सकिएन ।[26] थारू भाषा साहित्यमा लगाव राख्ने वर्दियाका गोपाल दहित राजाबाट २०५९ असोजमा सहायक मन्त्री चुनिएपछि सरकारी स्तरबाट सगुनलालको खोजी गरे तर उनी राखिएको ठाउँ पत्ता लागेन (चौधरी, २०६२:३०) । सगुनलालका साइला छोरा निरन्जन कुमार चौधरी भन्छन्, २०५९ साल साउन २६ गते राती एकाएक ( बजेको रेडियो नेपालको समाचारमा कथित समाजसेवी सगुन चौधरी भीडन्तमा मारिएको समाचार प्रसारण गरिएको थियो । तर बुबा मारिएको हुन सक्ने भनेर हामीले अझैसम्म विश्वास गरेका छैनौं ।'[27] समाचारमा उनको ठेगाना खुलाइएको थिएन ।

25 वेपत्ता पारिएका व्यक्तिको ३नविन आयोगको सूचनामा भनिएको ५: नेपाल सरकारबा६ यस आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति भएको मिति ह्ण्डइ/ण्ज/घज्ञ र निजहरूले सपथ गरी पद बहाली गरेको मिति ह्ण्डइ/ण्ए/ण्छ बा६ तीन महिनाभित्र अर्थात् मिति ह्ण्डइ/ण्छ/ण्द्ध सम्ममा सशस्त्र द्वन्द्वका क्रममा द्वन्द्वरत पक्षले गरेको व्यक्ति वेपत्ता पार्ने कार्यको ३६नाका सम्बन्धमा यस अ३ आयो गले उजुरी माग गरेको अवधिमा काबु बाहिरको परिस्थिति परी उजुरी दिन नसकेको स्पष्ट आधार र कार०सहित उजुरी दिन सकिने५ । ...म्याद नाघी प्राप्त भएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा जानकारी गराइन्५ ।

26 सगुनलालका माइला ३ोरा कृष्णकुमार चौधरीको कालगतिले निधन भइसकेको ५ ।

27 कुराकानीमा आधारित ।

बाबा आशाराम थारू तथा आमा गुइटि थारूका कान्छा छोरा सगुनलाल साविकको सौडियार-६, बेलहरी, दाङमा २००९ माघ २९ गते जन्मिएका थिए (दहित, २०७८: १५)। २०२५ सालमा एसएलसी पास गरेका उनी शिक्षण पेशाकै क्रममा वर्दिया बसाइँ सरेका थिए।



*तस्विर १५: भाषासेवी सगुनलाल चौधरी*

पञ्चायती शासन हटाउने आन्दोलनमा लागिपरेका सगुनलाल, महेश चौधरी र भगवती प्रसाद चौधरीले युवाहरूलाई समेटी थारू भाषा तथा साहित्य मञ्च, गोचाली, परिवार गठन गरेका थिए। सोही परिवारले गोचाली पत्रिका प्रकाशन र हमार कहनाई (हाम्रो भनाई) नामक् पर्चा २०२८ सालमा छापेपछि प्रशासनले पक्राउ वारेन्ट जारी गरेको थियो। शान्ति सुरक्षामा दखल पुर्याएको, सामाजिक सद्भाव मेलमिलाप बिगारेको आरोप लगाउँदै सगुनलाललाई २०३० भदौ ११ गते पक्राउ गरी एक वर्ष धनगढी कारागारमा राखिएको थियो (दहित, २०७८: २०)।

थारू भाषा साहित्यलाई मलजल प्रदान गरेको फलस्वरूप २०५० सालको युद्धप्रसाद मिश्र पुरस्कारबाट गोचाली पुरस्कृत भएको थियो, जुन पुरस्कार सम्पादकका नाताले सगुनलालले ग्रहण गरेका थिए। थारू समुदायमा शिक्षाको ज्योति बाल्ने काममा पनि उनको अतुलनीय योगदान थियो। २०२५ साल माघदेखि श्री पद्मोदय स्कूल (हाल उच्च माावि) भरतपुर, दाङबाट शिक्षण पेशामा लागेका उनी पक्राउ नपर्दासम्म अनवरत ३३ वर्षसम्म शिक्षण पेशामै आवद्ध रहे।

बर्दियाको श्री जनसेवा माबि वैदीमा जीवनको पछिल्लो काल जहाँ उनी पढाउँथे, सो स्कुल पनि २०३० सालमा उनले नै स्थापना गराएका थिए। गाउँको पिपलको रुखमुनि थारू बालबालिकालाई समेटेर उनले पढाउन सुरु गरेका थिए। २०३२ सालमा जिल्ला शिक्षा कार्यालयबाट उनले जनसेवा माबि वैदीमा दरबन्दी स्वीकृत गराई त्यही लामो समयसम्म प्रधानाध्यापक पनि रहे। आईएसम्म अध्ययन गरेका उनी स्कूल माध्यामिक भएपछि साधारण शिक्षक भई पढाइरहेका थिए।

गोचाली परिवार कैलालीका केही सदस्य माओवादी गतिविधिमा संलग्न भएपछि गोचाली परिवारका संस्थापक रहेका सगुनलाललाई पनि त्यही आरोपमा वेपत्ता पारियो। प्रगतिशील विचारधारा बोके पनि सगुन माओवादीको कुनै गतिविधिमा संलग्न भने थिएनन्।

अहिले सगुनलालको परिवार, उनी कार्यरत विद्यालय परिवार तथा थारू भाषा साहित्यकर्मीहरूबाट उनको नाममा सगुनलाल स्मृति प्रतिष्ठान गठन गरिएको छ।[28] उनको कथा र कविता लेखन शक्ति बेजोड थियो। उनका छरिएर रहेका रचनाको संकलन प्रकाशित भएको छैन।

28 परिवारका अनुसार छ हजार रूपैयाको अक्षय कोष खडा गरी पश्चिमा थारू भाषामा प्रगतिशील साहित्यको श्रीवृद्धिमा लाग्ने साहित्यकारलाई प्रत्येक वर्ष सगुन स्मृति पुरस्कार प्रदान गर्ने गरी इण्ढढ सालमा स्थापना गरियो। पुरस्कारको राशी छ हजार रूपैया राखिएकोमा इण्ठण वैशाख ड गते पहिलो पुरस्कार कैलालीमा पत्रकारिता तथा साहित्यमार्फत् गोचाली आन्दोलन हाँक्ने जोखन रत्नैयालाई मरणोपरान्त प्रदान गरियो। त्यस्तै, वर्दियाबाट उत्कृष्ट नम्बर ल्याउने थारू छात्र-छात्रालाई सगुन शिक्षा पुरस्कारको स्थापना गरिएको छ। तर, यी दुवै पुरस्कार नियमित रूपमा वितरण गरिएको छैन।

# अध्याय चार

# थरूहट आन्दोलनमा बलिदानी

## ४.१ परिचय

थारू समुदायको चाहना थरुहटरथारूवान प्रदेश थियो । जनताले चाहेको संविधान बनाउने २०६४ सालमा संविधान सभाको पहिलो तथा २०७९ सालमा दोस्रो निर्वाचन भयो । पहिलो संविधान सभाले संविधानलाई पूर्णता दिन सकेन । यद्यपि, सबै भाषी, जातिहरूले स्वपहिचानको नारालाई गहिरो ढंगले आत्मसात गरेका थिए ।

यसै क्रममा २०६२/६३ का आन्दोलनपछि सविधानसभाको २०६४ सालमा पहिलो चुनाव भई नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा गणतन्त्रात्मक नेपालको पहिलो सरकार गठन भयो । यही सरकारले अन्तरिम संविधान, २०६३ लाई संशोधन गरी तराईलाई 'मधेस' र त्यहाँ बस्ने सम्पूर्ण जाति, जनजाति, दलित तथा मुस्लिमलाई मधेसी बनायो । संविधान संशोधन विरुद्ध तराईमा बस्ने आदिवासी थारूलगायत मुस्लिम तथा अन्य जनजाति र दलितले आफ्नो स्वतन्त्र पहिचान खोजे । विशेष गरी बहुल सङ्ख्यामा रहेका थारूहरूले आफ्नो स्वतन्त्र स्वपहिचान र अस्तित्वका लागि राज्यविरुद्ध आन्दोलन गर्ने घोषणा गरे । 'थरुहट संयुक्त संघर्ष समिति' (थसंसंस)ले थारू समदायको विभिन्न संघसंगठनलाई समेटेर आन्दोलन अगाडि बढायो, जसको संयोजक लक्ष्मण थारू थिए (सर्वहारी र चौधरी, २०७३:६१) ।

यसरी स्वपहिचानको खातिर २०६५ साल फागुनमा १९ दिन, २०६६ साल वैशाखमा १३ दिन तथा २०६९ वैशाख/जेठमा २१ दिन थरुहट आन्दोलन भएको थियो । उक्त आन्दोलनमा थारू समुदायका ५ जनाको बलिदानी रह्यो । यद्यपि थारू आयोगको स्मारिका २०७९ मा पुरन प्रसाद चौधरीले चिन्कुराम डंगौराले पनि थरुहट आन्दोलनका क्रममा सहादत पाएको भनी ६ जनाले बलिदानी दिएको उल्लेख गरेका छन् (चौधरी, २०७९: १८५) ।



*शहिद कमल चौधरी*



*शहिद विपिन खड्का*



*शहिद प्रकाश चौधरी*



*शहिद राम प्रसाद चौधरी*



*शहिद धन बहादुर थनेत*

आमहड्तालका क्रममा चितवनमा दुईजना युवा कमल चौधरी र विपिन खड्काले प्रहरीको गोली लागी २)६५ फागुन २१ गते मृत्यवरण गरे । २०६५ फागुन ३० गते दाङ-देउखरी सिसिहनिया-७ लठ्ठहवाका प्रकाश चौधरी र रामप्रसाद चौधरी पनि प्रहरीकै गोलीबाट मारिए (सर्वहारी र चौधरी, २०७३: ६७) । २०६९ वैशाख २६ मा नवलपरासीको डण्डामा भएको थरुहट आन्दोलनमा घाइते नवलपरासीका धनबहादुर थनेतको त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौंमा उपचारको क्रममा २०६९ जेठ २३ गते निधन भयो ।

थरुहट आन्दोलनको उत्कर्ष २०७२ भदौ ७ गते टीकापुरमा भएको आन्दोलन थियो । उक्त आन्दोलनमा केही प्रहरी मारिएपछि थरुहट आन्दोलनको लय पनि बिग्रियो । त्यसपछि थरुहट आन्दोलन माथि उठ्न सकेन । यस अध्ययनमा थरुहटरथारूवान आन्दोलनको अवधि २०६४ सालको संविधान सभाको पहिलो निर्वाचनपछि २०७२ भदौ ७ र ८ गते टीकापुरमा भएको आन्दोलन सम्मको अवधिलाई लिइएको छ ।

## ४.२ थरुहट आन्दोलनका सहिद कमल चौधरी



*तस्विर १६ः थरुहट आन्दोलनका सहिद कमल चौधरीको बुवा सेना महतो. आमा जेनीसँग उनको चितवनको घरमा भलाकुशारी*

नारायणगढबाट पूर्व महेन्द्र राजमार्गको सौराहा चोकबाट अढाइ किमि दक्षिणतर्फ लागे पछि भेटिन्छ विक्रम बाबा मन्दिर। मन्दिर छेउको चित्रसारी पुल पार गरेर थोरै अगाडि बढेपछि भेटिन्छ घण्टाघर। यही वरपरको गाउँ हो सिसुवार जुन रत्ननगर नगरपालिका-७ मा पर्छ। घण्टाघरको सिधैँ पूर्व करिब एक किमि पार गरेपछि आइपुग्छ खेतमा एक्लै ठिंग उभिएको सहिद कमल चौधरीको घर।

२०६५ फागुन २१ कमल चौधरी घरबाट निस्किने बेला उनका छिमेकका हजुरबाले उनलाई बिग्रिएको घडी दिँदै भनेका थिए,'कुनै पसल खुलेको भए बनाएर ल्याउनु है नाति।' आन्दोलनमा पसल बन्द गराउँदै हिँडेका कमललाई कुनै पसल खुल्ने अनुमान थिएन।तर पनि हजुरबाको मन राखी दिन 'बनाइदिन्छु नि त' भनी हातमा लगाएर हिँडे।

कमल कक्षा १२ को परीक्षा दिएर रिजल्टको पखाईमा थिए। ट्रेक्टरमा बालुवा लोड गर्न घरबाट निस्किनु अघि कमलका बाबा सेना महतोले भने,'आज घरै बस्नु, कतै नजानु है काल जमाना ठीक छैन।' कमलले 'हुन्छ' भन्ने भावमा टाउको हल्लाए।

कमललाई घरमा बस्न न्याम्रो लाग्यो। बेलुका ३-४ बजेतिर उनी नजिकको चित्रसारी पुलसम्म गए। त्यहाँ भेटिएका साथीहरूले जाउँ सौराहा चोकसम्म भनेर डोर्याएर लिएर गए।

कामले लखतरान भएर आएका सेना महतो बेलुका ७ बजेतिर खाना खाएर विस्तारामा ढल्किए। राती १ बजेतिर केही गाउँलेहरू उनको घरको ढोका ढक्ढक्याउन आइपुगे। उनीहरूले 'तिम्रो छोरा आन्दोलनमा बित्यो' भनेर नमीठो खबर ल्याए। आँखा मिच्दै अधकल्चो निन्द्राबाट ब्युँझिएका सेना महतोलाई त्यो कुरा पत्यार लागेन। एकजनाले उनको हातमा घडी थमाइदियो र भन्यो, अन्तिम सास लिने बेला कमलले भन्यो,'हजुरबाको घडी बनाउन सकिनँ, राम्ररी लगिदेउ है।' घडी ओल्टाइ पल्टाइ गरी सेना महतो सुक्सुकाउन थाले,'गोरे तिमी हामीलाई छोडेर कता पो गयो ?'

सानोमा कमलको नाउँ गोरे थियो। स्कूलमा नाम लेखाउने बेला कक्षाध्यापकले कमल नाम राखीदिए। उनको दाजुको बोलाउने नाम काले थियो, जो पछि रविन्द्र भए। ७/८ वर्ष भयो, काले उर्फ रविन्द्र अहिले कमाईका लागि खाडीमा छन्। काले त एकदिन आउँछन् नै। तर काले गए गोरे आउँछ भन्ने उखानलाई तिलाञ्जली दिँदै गोरे उर्फ कमल भने कहिल्यै नअस्ताउने गरी बिलाएका छन्।

सहिद परिवारको सम्मान नहुँदा कमलका बुवा सेना महतोलाई कहिलेकाहीँ दुःख लाग्छ। उनले यसको एउटा उदाहरण दिए- १० वर्ष उपचार नपाएर थरुहट आन्दोलनबाट थलिएका सञ्जित महतोलाई थारू पत्रकार संघ चितवनलगायत संस्थाले चन्दा उठाइ सहयोग

गरे। सो सहयोग हस्तान्तरण कार्यक्रममा उपस्थित सेना महतोलाई अतिथि आसन ग्रहण गराइएन। न त, दुई शब्द बोल्ने मौका नै दिइयो। उनी भन्छन्, 'मलाई कार्यक्रममा उपेक्षा गरिएपछि त्यहाँ बस्न सकिन, उठेर भागें।'

कमलकी आमा जेनी भन्छिन्,'कमल मिस्त्री पनि गथ्यी। आफ्नो खर्च आफै जुटाउँथ्यो, हिम्मतवाला थियो। उही हिम्मतकै कारण उसको ज्यान गयो।

राजमार्ग सौराहा चोकबाट चित्रसारी पुलसम्म कमल-विपिन मार्ग घोषणा गरिएको थियो। तर त्यो पनि कार्यान्वयन नभएको देख्दा उनको परिवारको चित्र् नराम्ररी फाटेको छ। सेनाले भने,'कमल-विपिन मार्ग लेखेको ब्यानर पनि च्यातेर फ्यालिसके। खै त्यो मार्गको नाम हाम्रो छोराहरूको नामबाट नामकरण गरिदिए हुन्थ्यो। कहीं कतै शालिक ठड्याइदिए हुन्थ्यो। प्रत्येक वर्ष यो शालिकमा माला अर्पण गरिदिएर सम्झने दिन तोकिदिए हुन्थ्यो।'

कमलका बुवा सेनाले छोरा कमलको बारेमा कुरा गरिरहँदा उनकी आमा सुक्सुकाइ रहिन्। एकपटक स्वास्थ्य मन्त्री रहेका बेला उमाकान्त चौधरीले घरमै आइ, 'कमल विपिन मार्ग नामकरण गर्ने, शालिक बनाउने' आश्वासन दिएर गएका थिए। तर त्यो पूरा भएन।

कमललाई दूध असाध्यै मन पथ्यी। उनी बितेपछि बाले भैंसी पनि बेच्दिए। चितवनमा सन् २०१५ जुनमा जितबहादुर महतोको अध्यक्षतामा सहिद कमल-विपिन स्मृति प्रतिष्ठान लुज फोरमसमेत गठन भएको थियो। यस प्रतिष्ठानबाट गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्तिका लागि अक्षयकोष खडा गर्न शुरु गरिएको थियो। यद्यपि सहिद कमल-विपिन स्मृति प्रतिष्ठानलाई सक्रिय बनाई यी सहिदहरूको सम्झनामा विविध सिर्जनात्मक कार्य गर्न सके सुनमा सुगन्ध हुन्थ्यो।

## ४.३ थरुहट आन्दोलनका सहिद प्रकाश चौधरी



*तस्विर १७: थरुहट आन्दोलनका सहिद प्रकाश चौधरीकी धर्मपत्नी सुशीला चौधरी र छोरासँग उनको दाङ, राप्ती गाउँपालिका-७, छुटकी सिसहनियास्थित घरमा भलाकुशारी।*

थरुहट आन्दोलनमा दाङदेउखुरी, राप्ती गाउँपालिका-७, छुटकी सिसहनियाका प्रकाश चौधरीले २०६५ फागुन ३० गते सहादत पाएका थिए। २०८१ फागुन १९ गते बिहान उनको घर पुग्दा सहिद पत्नी सुशीला चौधरी स्कुल जाने तयारी गर्दै थिइन्। उक्त घटनाको अकी वर्षदेखि उनी स्थानीय सरस्वती आधारभूत विद्यालयमा कार्यालय सहायक छिन्। सुरुमा १२ सय रूपैंयामा जागिर थालिएकोमा हाल १६ हजार मासिक पारिश्रमिक भएको छ।रकम अभावमा आफ्ना ३ जना छोराछोरीलाई १० कक्षाभन्दा माथि बढी पढाउन नसकेको उनले बताइन्।

सहिद प्रकाश चौधरीहरू २ दाजुभाइ थिए। प्रकाश बित्दा नाबालक रहेका २ छोरीको बिहे भइसकेको छ। हाल श्रीमती, छोरा, बुहारी,

नाति गरी ४ जनाको परिवार रहेको छ। नातिलाई पढाई खर्च कसैले बेहोरोको छैन। सहिद घोषणावापत १० लाख पाउनुबाहेक सहिद परिवारलाई अन्य सेवासुविधा के पाइन्छ, आफूहरूलाई थाहा नभएको, पालिकाले पनि कुनै खबर नपठाएको उनको भनाई छ।

उनको भनाइ थियो, तत्कालीन आन्दोलन गर्नेहरूले थारू सहिद स्मृति दिवस मनाइ दिए हुन्थ्यो। रत्ननगर नगरपालिका, सिसुवार, चितवनका कमल चौधरी सहादत भएको फागुन २२ लाई थरुहट बलिदानी दिवस भनेर मनाउन सकिन्छ। मधेस आन्दोलनमा रमेश महतोले सहादत पाएको दिन प्रत्येक वर्ष माघ ५ लाई मधेस बलिदानी दिवस मनाइन्छ। थारू अगुवाहरूले थरूहट बलिदानी दिवस मनाउने परम्परा चलाए कसो होला ?

सहिद प्रकाश चौधरीका छोरा सरोज विगत ३ वर्षदेखि सेकेण्ड ह्याण्ड अटो चलाउँछन्। राजमार्गसम्म वलिदानी बारेको अनुसन्धान टोलीलाई छोड्न आउँदा उनको अटो भे १ ह ४२९६ स्टार्ट भएन, धकुल्नु पयी। यसैगरी, धक्काप्लेट चल्दै छ, सहिद परिवारको दिनचर्या।

थरुहट आन्दोलनको आधारबाट उदाएकी नेतृ गंगा चौधरी सत्गौवाको गाउँ पनि प्रकाश चौधरीकै गाउँ छुटकी सिसहनिया हो। तर उहाँहरूलाई पनि यी नेताहरूलाई सहिद परिवारको अवस्था बुझ्ने फुर्सद नभएको सहिद परिवारको आरोप छ। सहिद परिवारलाई छात्रबृत्रि या अन्य सहयोगका लागि थारू कल्याणकारिणी सभा, सहिद परिवार भएका सम्बन्धित पालिका, लगायतको ध्यानाकर्षण भएको देखिदैन।

## ४.४ थरुहट आन्दोलनका सहिद रामप्रकाश चौधरी

दाङदेउखुरी, राप्ती गाउँपालिका-५, लट्ठह्वा गाउँका रामप्रकाश चौधरीले पनि आफ्नै गाउँको महेन्द्र राजमार्ग चौराहामा २०६५ फागुन ३० गते सहादत पाएका थिए। सहिद रामप्रकाश चौधरीकी धर्मपत्नी फुलमति चौधरी, सो घटनाका साक्षी अन्य गाउँलेहरूसँग थारू आयोगका तत्कालीन अध्यक्ष विष्णु चौधरी सहितको टोली लट्ठह्वा गाउँका ककनडार (बरघर) जोखु चौधरीको घरमा २०८१ पुस १५ मा भलाकुशारी गरिएको थियो।




*तस्विर १८: थरुहट आन्दोलनका सहिद रामप्रकाश चौधरीको बारेमा उनको दाङ, राप्ती गाउँपालिका-५, लष्ठह्वामा कुराकानीपछि थारू आयोगका तत्का( लीन अध्यक्ष विष्णु चौधरीलगायत थरुहट स्मृति गेट अगाडि।*

उक्त भलाकुशारीमा धर्मपत्नी फुलमति चौधरीले थरुहटका नेताहरूले सहिद परिवारलाई बिर्सिएको गुनासो गरिन्। 'सहिद परिवारलाई कहिल्यै बिर्सिने छैनौं। उनीहरूको परिवारको रेखदेखको जिम्मा हाम्रो भयो भनेर नेताहरूले धेरै ठाउँमा भाषण गरे। तर, महेन्द्र राजमार्गसँग जोडिएको गाउँ भए पनि कोही भेट्न आउँदैनन्।' उनले भनिन्।



*तस्विर १९: थरुहट आन्दोलनका सहिद रामप्रकाश चौधरीको परिवारका सदस्यहरूसँग अनुसन्धानकर्मी डा सर्वहारी दाङ, राप्ती गाउँपालिका-५, लष्ठह्वास्थित थरुहट सहिद स्मृति गेट अगाडि।*

फुलमति चौधरी आधारभूत विद्यालय पहडवामा कार्यालय सहायक छिन्। बिरामी भएर स्कूल जान नसकेको, २ छोरीहरू आलोपालो आफ्नो सट्टा स्कूलमा काममा जाने गरेको बताइन्। लट्ठह्वा गाउँका बरघर जोखु चौधरीलाई प्रहरीले वारदात भएको दिन मरणासन्न हुने गरी कुटपिट गरेको थियो। गाउँले मित्र रामप्रकाश चौधरीलाई गोली लागेर इन्तु न चिन्तु

भएको देखेपछि जोखु आवेशमा आए। 'ए पुलिस हो, मेरो साथीलाई त मायौ, मलाई पनि मार' भनेर सडकतिर दौडिएपछि उनलाई पनि बन्दुकको कुण्डाले मरणासन्न हुने गरी कटुपिट गरियो। 'जा भाग' भनेर दौडिन पठाएका उनलाई पछाडिबाट ताकेर गोली हानिएको थियो, भन्छन्, 'भाग्य बलियो थियो र बाँचे।'

जोखुको श्रीमती भन्छिन्,'बुढालाई त भैसीकुटान गरिएको थियो। म काठमाडौंमा थिएँ। घर आएर नेपालगन्ज उपचार गराउन लगें। उक्त घटनामा जोखुसँगै अन्य दुई युवक जन्जिर चौधरी र परमेन्द्र चौधरी पनि घाइते भएका थिए।

सिसिहनियातर्फबाट आएका प्रकाश चौधरीले प्रहरीको वाकीटाकी खोस्न थालेपछि उनलाई गोली हानिएको जोखुको भनाई थियो। उनीसँगै रहेका स्थानीय वामदेव चौधरी दौडिएर ज्यान जोगाए। प्रकाश चौधरीलाई ढलेको देखेपछि उनलाई जोगाउन दौडिएका रामप्रकाश चौधरीलाई पनि गोली हानिएको थियो।

सहिद रामप्रकाश चौधरीका दाजु विपतराम चौधरी गाउँका अघरिया छन्। ५ भाइमध्ये रामप्रकाश साइँला थिए। रामप्रकाशका एकमात्र छोरा बौद्धिष्ट अध्ययनका लागि श्रीलंका गएका थिए। ज्वरो आएर सास फेर्न गाह्रो भएपछि साथीहरूले अस्पताल पुर्याउँदा उनी उतै बिते। २६ वर्षको लक्का जवान छोरा घरको सहारा बन्ला भनेको युवावस्थामै बितेपछि छोराको पीरले आमा थलिइन् र उनलाई धेरै रोगले सताएको छ। रकमको अभावमा दुई छोरीको पढाई अघि बढाउन सकेकी छैनन्।

## ४.५ थरुहट आन्दोलनका सहिद धनबहादुर थनेत

थरुहट आन्दोलनअन्तर्गत दोस्रो चरणको आन्दोलनको क्रममा २०६९ वैशाख २६ गते नवलपरासीको डण्डामा प्रहरी र आन्दोलनकारीबीच भीडन्त भएको थियो। उक्त भीडन्तमा धनबहादुर थनेत सख्त घाइते भएका थिए। त्रिवि शिक्षण अस्पताल, महाराजगन्जमा २०६९ जेठ २३ गते उपचारकै क्रममा उनको निधन भएको थियो।

सहिद धनबहादुर थनेतको पूर्व नवलपरासी, कावासोती नगरपालिका-१७ गोछडास्थित घरमा २०८१ फागुन ११ गते स्थानीय पुष्परत्न महतोको साथमा गएका थियौं। घर पुग्दा सहिद पत्नी फुलकुमारी थनेत एक्लै थिइन्। उनका एकमात्र छोरा कमाइका लागि मलेसिया गएको एक दशक भयो। घरमा बुहारी र दुईजना नाति नातिनीसँग फुलकुमारी बस्छिन्। नातिनी ५ कक्षामा, नाति १ कक्षामा पढ्छन्।

सहिद धनबहादुरको एक छोरी बिहे गरेर घर गएकोमा महिना दिनपछि माइती जान्छु भनी घरबाट निस्किएको तर हालसम्म कहीं कतै फेला नपरेको जानकारी पाइयो। फुलकुमारीले सहिद घोषणा भएको रकम १० लाख पाउन पनि निकै पापड बेल्नु परेको दुःखेसो सुनाइन्। धनबहादुर घाइते हुँदा लाहुर्निप संस्थाले २ लाख सहयोग दिएको थियो। गाउँघरकै मनकारीले पनि केही सहयोग गरे। अहिले भने हालखबर बुझ्न खासै कोही नआउने उनको गुनासो थियो।




*तस्विर २०: पूर्वी नवलपरासीको डण्डास्थित थारू राष्ट्रिय सङ्ग्रहालय परिसरमा थरुहट आन्दोलनका सहिद धनबहादुर थनेतको शालिक।*

फुलकुमारी घटना भएको दिन सम्झिन्छिन्,'वैशाख २६ गते बुढाका साथीहरूले हामी थरुहट आन्दोलनमा गयौं, तिमी किन गएनौं ? आज पनि आन्दोलन छ, जानुपर्छ है' भनेछन्। त्यसपछि 'ल आज चाँडै खाना पका है बुढी' भनेर धनबहादुर गाउँको चोकतिर हिँडेछन्। केही बेरमा चोकबाट आएर सोधे ,'खै खाना पाकेन ?' फुलकुमारीले भनिन्,'म मकै गोड्दै थिएँ। एकजना साथी बोलाउन आए। आफैं पस्किएर खाना खाए। घरबाट निस्किंदा लौ कुखुरा, हाँस, गाईगोरु राम्ररी हेर्नु है,' भने। मैले रात पक्कै बस्दैनन् यी बुढा, किन यसो भनेका होलान् भनेर गर्में।





*तस्विर २१: थरुहट आन्दोलनका सहिद धनबहादुर थनेतको पूर्व नवलपरासी, कावासोती नगरपालिका-१७ गोछडास्थित घर तथा उनकी धर्मपत्नी फुलकुमारी थनेतसँग भलाकुशारी।*

ठूलै लौरो बोकेर घरबाट निस्किएका थिए धन बहादुर। अलि पर भेलौरको रुखनेर पुगे पछि फर्किएर घरतिर हेरे। मकै बारी खन्दै गरेकी श्रीमतीलाई कर्के नजर लगाएर हेरे। श्रीमतीले सोधिछन्,'यसरी के हेरेको बुढा ?'

'त्यत्तिकै, क्यै हैन बूढी।' उनी फिस्स हाँस्दै अघि बढे। चोकमा भेला भएका गाउँका साथीहरूको हुलमुलमा मिसिए। त्यहाँ उनले चर्के स्वरले भनेछन्,'हामी आन्दोलनमा बाघ भएर जाने हो, स्याल हुने हैन है। हाम्रो थारू संग्रहालय तोडफोड गरेका छन्। अब थप क्षति हुन दिनु हुन्न।'

धनबहादुर पुरानो हाफ पेन्ट अनि सामान्य टिसर्ट लगाएर घरबाट आन्दोलनमा निस्किएका थिए। उक्त घटनाका साक्षी थारू साहित्य सभा नवलपुरका अध्यक्ष पुष्परत्न महतो उक्त दिनबारे सम्झिन्छन्,' घटना दिउँसो १२ देखि १ बजेको बीचको हो। डण्डाको पूर्वतिर थानाचोक, फलफूल चोकतिर पसल बन्द गराउँदै रहेका आन्दोलनकारीलाई कुटिदैछ भन्ने फोनबाट खबर आयो। डण्डामा रहेकालाई उता जानु ठीक छैन, यतै बसौं भनियो। तर युवा जोश के मान्थे र ? हुर्रिएर अघि बढ्दा थकाली चोकमा प्रहरीले रोक्यो।'

पुष्परत्न त्यतिबेला थारू संग्रहालयमा थिए। उनी सम्झिन्छन्,'आन्दोलनमा घुसपैठ भएर घर-घरमा दुङ्गामुढा हुन थाल्यो। घटनास्थलमा हामी पुग्नुअगावै गोली चलिसकेको रहेछ। ४ जनालाई गोली लागेको रहेछ। प्रहरीले प्लास्टिकको गोली हो, केही हुन्न भनेका थिए। जबकि घाइतेहरूको पेटमा छर्रा थियो। घाइतेमध्ये धनबहादुर थनेत सबैभन्दा बढी अशक्त थिए। उनलाई तुरुन्तै भरतपुर मेडिकल कलेज लगियो। पेटमा गोली लागेर किड्नी ड्यामेज हुन थालिसक्यो, यहाँ उपचार हुन्न तुरुन्त काठमाडौं लग भनियो।'

अकी दिन हेलिकप्कटरमा काठमाडौं लगियो। शिक्षण अस्पतालको मनमोहन कार्डियोलोजीको आइसियुमा भर्ना गरियो। उपचारमा सहयोगका लागि पुष्परत्न स्वयम् महिना दिन काठमाडौं बसे। भन्छन्,'धनबहादुर मान्छे चिन्ने, बोल्ने, राम्रोसँग आफैं खानपिन गर्ने भइसकेका थिए। त्यसैले, म गाउँमा खेतमा बीउ राख्न भनी आएँ। त्यही बीचमा एमआरआइ गरिएछ। अवस्था बिग्रियो। अन्तिम अवस्थामा मलाई खोजेछन्, श्रीमतीलाई खोजेछन्। बिहानै डेथ भइसकेको थियो।'

जेठ २३ मा बिहान मृत्युको समाचार सुनाइए अस्पतालमै आन्दोलन भड्किने सम्भावना थियो। त्यसैले अस्पताल प्रशासनले आइसियुमा राखे जस्तो गर्यो। दिल्ली लानुपर्छ, यहाँ अवस्था क्रिटिकल छ भन्यो। गाउँ गएका पुष्प रत्न महतो फेरि अस्पताल आए।

डाक्टरले आइसियुमा जाने बेला भन्यो, 'हेर्नुस् मात्रै, नछुनुस् है ।' त्यसैबेला मलाई शंका भयो कि धनबहादुर शहादत भइसके । मैले उनको छोरालाई भने,'सम्झौता नहुँदासम्म लाश कुनै हालतमा नबुझ्नु ।'

बेलुका प्रहरी आएर धनबहादुरको छोरालाई बाबुको लास बुझ्न दबाब दिन थाल्यो । सहिद घोषणा नहुँदासम्म लाश नबुझ्ने अडान पीडित परिवारको थियो । तिनको छोरा 'झोला तल छ लिएर आउँछु भन्यो र हुर्रिदै सडकमा आइ टेक्सी समातेर होटेलमा आएछ । र, पुष्परत्नले 'मामा यसो गरियो' भनेर बेलीबिस्तार लगाएछन् ।

अकी बिहान तत्कालीन थारू कल्याणकारिणी सभा अध्यक्ष चन्द कुमार चौधरी, आन्दोलन परिचालन समितिका राजकुमार लेखी, एमाले नेता वैजनाथ चौधरी, सपना प्रधान मल्ल (जसको माइती नै धनबहादुरको गाउँ गोछडा हो) लगायत अस्पताल गए ।

डण्डाको थारू संग्रहालयमा धनबहादुर थनेतको शालिक छ । तर, पुण्यतिथि मनाउने गरिएको छैन । धनबहादुरमात्रै होइन, सहिद भएका अन्य जिल्ला दाङ, चितवनमा पनि पुण्यतिथि मनाउने परम्परा बसालिएको छैन । थारू सुमदायको छाता सँगठन थारू कल्याणकारिणी सभा (थाकस)ले केन्द्र स्तरमा यी थारू सहिदहरूबारे छुट्टै कुनै कार्यक्रम गरेको छैन । जबकि धनबहादुर थनेत सहिद हुँदा थरुहट आन्दोलनअन्तर्गत दोस्रो चरणको आन्दोलनको संयोजन थाकसले नै गरेको थियो । थारूहरूको विभिन्न कार्यक्रममा यी थारू सहिदहरूका तस्विरमा माला पहिर्याउनुबाहेक ती परिवारको सहयोगका लागि तथा दस्तावेजीकरणको सवालमा केही भएको देखिन्न ।

मधेस आन्दोलनमा बलिदानी दिनेहरूको संस्मरणमा पहिला सहिद हुने रमेश महतो मारिएको माघ ५ गतेको दिनलाई मधेस बलिदानी दिवसको रूपमा मनाइन्छ । २)६३ माघ ५ गते रमेश महतोले सिरहाको लहानमा बलिदानी दिएका थिए । मधेश केन्द्रीत दलहरूले २)८१ माघ ५ गते १८ औं 'बलिदानी दिवस' मनाए । विडम्वना, थाकस लगायतले थरुहट बलिदानी दिवस मनाउन कुनै चासो देखाएका छैनन् ।

## ४.६ थरुहट आन्दोलनका घाइते सञ्जित चौधरी

थरुहट आन्दोलनका घाइते चितवनको रत्ननगर नगरपालिका-७ सिसुवारका सञ्जित चौधरीलाई चितवनवासीले जिउँदो सहिद भन्दा रहेछन् । थरुहट आन्दोलनका सहिद कमल चौधरी र सञ्जित एकै गाउँले हुन् । थरुहट आन्दोलनको क्रममा २०६५ फागुन २१ गते चितवनको टाँडी सौराहा चोकमा सञ्जित महतो सख्त घाइते भएका थिए । उनको बाँया तिघ्रामा गोली लागेको थियो । घाइते भएपछि अप्रेशन त भयो तर उपचार गराउने रकम अभावमा बल्झिएर करिब १० वर्ष घरमै थला परे । थारू पत्रकार संघ नेपाल, चितवन शाखालगायत संस्थाको सहयोगमा सञ्जित चौधरी बचाउ अभियान चलाई चन्दा संकलन गरिएको थियो । यसरी चन्दा संकलनबाट उठेको करिब ५ लाखबाट पुनः अप्रेशन भएपछि सञ्जित ठिक भए । यद्यपि अप्रेशन गरिएको बाँया गोडा केही छोटो भएको छ । खोच्याएर हिँडे पनि पहिलेझैं टेक्टर चलाउन सक्छन् ।




*तस्विर २२: थरुहट आन्दोलनका घाइते चितवन, रत्ननगर नगरपालिका-७ सिसुवारका सञ्जित महतो र उनको परिवार ।*

अध्ययनका क्रममा २०८१ फागुन १) गते उनको परिवारका सदस्यहरूसँग घरमै भेटघाट भएको थियो । सञ्जितकी श्रीमती सदस्य रहेको स्थानीय पञ्चतारा महिला वचत तथा ऋण सहकारी संस्थाबाट छोराको पढाई शुल्कमा सहयोग प्राप्त भइरहेको छ । सञ्जितसँग अपाङ्गको नीलो कार्ड छ, यसबाट नाम मात्रको भत्ता पाउने गरेका छन् । सञ्जितको माग छ, 'परिवारका कसैलाई रोजगारी दिए हुन्थ्यो । छोराको पढाइलेखाइमा सहयोग गरिदिए हुन्थ्यो ।'

## ४.७ अन्य आन्दोलनमा बलिदानी

जनआन्दोलन २०६२/०६३ पछिको विविध आन्दोलनबारे यस अन्य आन्दोलन उपशीर्षकमा चर्चा गरिएको छ। यसमा टीकापुर आन्दोलनदेखि संरक्षण आन्दोलनमा नविना चौधरीको बलिदानीलगायत प्रसँग समेटिएको छ। नविना चौधरीको बलिदानीबाहेक यस शीर्षकमा समेटिएका आन्दोलनको लिंक थरुहट आन्दोलनसँगै जोडिएको छ।

### ४.७.१ जनआन्दोलन/२ मा बलिदानी

राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन विरुद्ध २०६२ चैत २२ देखि २०६३ वैशाख ११ सम्म नेपाली जनताको ब्यापक सहभागितामा जनआन्दोलन-२ भएको थियो, जसमा २० जनाले सहादत प्राप्त गरे। झापामा राजन गिरी र सुरज विश्वास मारिदा अरु दुई जना मारिएका थिए। ती अज्ञातबाहेक शाही सरकारको विरोधका क्रममा त्यसअघि मारिएकालाई समेत यसै सूचीमा राखी जनआन्दोलन-२ का कुल सहिद २५ जना रहेका छन्। जनआन्दोलन-२ मा सहादतप्राप्त मध्येका एक हुन् कैलालीका होरीलाल राना थारू।[29] उनी राना थारू समुदायका एक मात्र सहिद हुन्।

### ४.७.२ पहिलो संविधान सभाको निर्वाचनको क्रममा बलिदानी

२०६४ सालको पहिलो संविधान सभाको निर्वाचनको क्रममा सोही वर्षको चैत २६ गते एमाओवादी र काँग्रेस कार्यकर्तावीच झडप हुँदा दाङको लमही क्षेत्रमा ७ जनाको हत्या र ५ जना घाइते भएका थिए। मारिने सबै माओवादी पक्षधर थिए। दुई पक्षबीच उत्पन्न तनावलाई नियन्त्रणमा लिन प्रहरीले गोली चलाएको थियो। यस घटनामा दाङ, लमही नगरपालिका-५ (साविक चैलाही-२) कोलही गाउँका लबरु चौधरी र जिउलाल चौधरीले बलिदानी दिएका थिए।

### ४.७.३ टीकापुर आन्दोलनमा बलिदानी

टीकापुर आन्दोलनको चर्चा गर्नुअघि यस घटनाको पृष्ठभूमि दिनु उपयुक्त हुन्छ। यसबारे कृष्णराज सर्वहारी र गणेश चौधरीको थरुहट आन्दोलनः टीकापुर कथा (२०७३) मा उल्लेख गर्छन्ः

संविधान सभाबाट सविधान बनाउने क्रममा प्रमुख दल काँग्रेस, एमाले र माआवादीले आफू अनुकुल पहिले ६ र लगत्तै ७ प्रदेशको प्रस्ताव ल्याएपछि मुलुकका विभिन्न जिल्लामा सीमाङ्कनको विरोधमा प्रदर्शन हुन थाल्यो....टीकापुर घटना हुनु तीन साता अगावै थरुहटरथारूवान संयुक्त संघर्ष समितिको नाममा आन्दोलन सुरु थियो। २०७२ साउन २७ बाट समितिले विभिन्न जिल्लामा आमसभाको कार्यक्रमसहित आन्दोलनको सूची सार्वजनिक गर्यो। तर प्रमुख दलले माग सम्बोधन गरेनन्। पहिले ६ प्रदेशका खाका ल्याएका दलले सुर्खेत, कालिकोट, जुम्ला लगायतका जिल्लामा सामान्य आन्दोलन हुँदा उनीहरूको माग भने सम्बोधन गरिदिए। तराईका थारूले गर्दै आएको आन्दोलनको बेवास्ता गर्दै ७ प्रदेशको प्रस्ताव संविधानसभामा पेश गरेपछि बषौंदखिका उत्पीडनमा परेका आदिबासी थारू समुदायले फेरि पनि राज्यले हेपेका महसुस गरे। र, अन्तिम संघर्ष गर्ने भन्दै दशौं हजार उठे (सर्वहारी र चौधरी, २०७३ः ९२-९३)।

यसरी टीकापुरमा दशौं हजारको उभार आएको थरुहट आन्दोलन बिल्कुल राजनीतिक आन्दोलन थियो। तर, २०७२ भदौ ७ मा थरुहट आन्दोलनका क्रममा टीकापुरमा आठ प्रहरी र एक नाबालक मारिएपछि यसलाई अपराधिक घटना करार गरियो। भदौ ७ र भदौ ८ गते करिब ८७ जनाको घरमा आगजनी लगायत लुटपाटको घटना भएको थियो। त्यस घटनामा केवल ६ जना गैरथारूको पसलमा तोडफोड भएको थियो (सर्वहारी र चौधरी, २०७३:१३०-१३३)।

घर थारूको र पसल पनि थारूको भए आगजनी गरिएको थियो। घर गैरथारूको, भाडामा पसल थारूको भए लुटपाट गरिएको थियो। यसरी प्रहरीसँगको मुठभेडपछि प्रहरी प्रशासनकै रोहवरमा नश्लीय आन्दोलनलाई बढावा दिइएको थियो। कफ्र्यूकै बीचमा आगजनी र तोडफोड भयो। तर, न त त्यो कार्य रोक्ने प्रयास सुरक्षाकर्मीबाट भयो न त आगजनीमा संलग्नलाई पक्राउ नै गरियो (सर्वहारी र चौधरी, २०७३ः ९४)। व्यापार व्यवसायबाट थारूहरूलाई विस्थापन गर्ने षड्यन्त्र भएकोमा गैरथारू व्यापारीहरूको व्यापार पनि चौपट भयो। यस घटनाबाट टीकापुर अझै पनि पुरानो अवस्थामा आउन सकेको छैन।

29 https://ne.wikipedia.org/wiki/जनआन्दोलन २ का सहिदहरू

टीकापुर घटनामा ५७ जनाको नाममा वारेण्ट जारी गरिएको थियो, २५ जना थुनामा परेका थिए (सर्वहारी घ, २०७३: १७९)। यस घटनामा आजीवन कारावास सजाय पाएका रेशम चौधरी राष्ट्रपति रामचन्द्र पौडेलको आममाफीका कारण २०८० जेठ १५ गते गणतन्त्र दिवसको अवसरमा रिहा भएका छन्। टीकापुर घटनाका हाल कोही कारागारमा छैनन्। यद्यपि थारू कल्याणकारिणी सभाका पूर्व केन्द्रीय अध्यक्ष धनिराम चौधरीलगायत अदालतमा हाजिर नहुँदा मुद्दा अझै मुल्तवीमा रहेको छ। लाल आयोगको प्रतिवेदनमा आन्दोलनकारीको गोलीबाट डेढ वर्षीय नाबालक टेकबहादुर साउद मारिएको तथ्य आधारहीन रहेको, प्राप्त गोली प्रहरीकै भएको उल्लेख छ।[30]

टीकापुरका पीडितहरूको मुद्दा लडेका अधिवक्ता शंकर लिम्बूका अनुसार टीकापुर घटनामा गिरफ्तार गरिएकाहरूको मिसिल प्रमाण हेर्दा कोही दोषी देखिदैनन्। उनीहरू टीकापुर नगरपालिकामा थरुहट स्वयात्र् राज्य लेख्न हिँडेका थिए, न कि लुटपाट गर्न। गोली लागी मरेका भनिएका बालकको पोस्टमार्टम रिपोर्ट नै देखिदैन।।।।थारूहरूलाई फसाउन सुनियोजित षड्यन्त्र भएको देखिन्छ (सर्वहारी ख २०७३:३६-३७)। उनीहरूलाई सुनियोजित रूपमा फसाइएको उदाहरण पत्राउ गरिएका ३ जनालाई ३ वर्षपछि निदीष भनी रिहा गरिएको घटनाले छर्लङ्ग हुन्छ।

टीकापुर घर भएका अध्येता डा रामबहादुर चौधरीका अनुसार टीकापुर घटनामा थारू समुदायका आन्दोलनकारी मारिएको हुन सक्ने तर घटना लुकाइएको अनुमान गर्न सकिने आधार रहेको बताए। आफूहरूसँगै बस्ने एक साथी धेरै दिन डेरामा नआएपछि सोधीखोजी गरिएकोमा तिनले आफ्नो काका बितेर आउन नसकेको बताएका थिए। साथै, तिनले टीकापुर आन्दोलनमा काका परेको, पछि घरमा बितेको बताएका थिए।[31]

हाल कैलालीको जानकी गाउँपालिका अध्यक्ष रहेका कान्तिपुर दैनिकको तत्कालीन टीकापुर संवाददाता गणेश चौधरीका अनुसार उक्त घटना थाहा पाएपछि उनी रिपोर्टिङका लागि गएका थिए। जोशीपुर गाउँपालिकाको बन्जरिया गाउँका बृद्धलाई सुरक्षाकर्मीले कुटेर सख्त घाइते बनाइएको, त्यही कुटाइले केही दिनपछि उनको निधन भएको थियो। यस बारेमा कान्तिपुरमा आफूले समाचार पठाएको तर प्रकाशित नभएको उनको भनाई छ।[32]

२०७३ भदौ २ मा बसेको मन्त्रिपरिषद्को बैठकले ५२ जनालाई सहिद घोषणा गर्ने निर्णय गर्यो, जसमा टीकापुरमा मारिने आठ तथा अन्य तीन गरी ११ प्रहरी तथा तराई-मधेश, थरुहट तथा सीमाङ्कनका लागि भएको आन्दोलनका क्रममा मारिएका ४१ जना थिए (सर्वहारी क २०७३:३८)।

### ४.७.४ संरक्षण आन्दोलनमा नविना चौधरीको बलिदानी

थारू समुदाय जल, जंगल नजिक बस्न रुचाउँछन्। यसै क्रममा बारम्बार जंगली जनावर र स्थानीयबीच अकल्पनीय घटना पनि हुन जान्छ। बर्दियाको मधुवन नगरपालिका क्षेत्रमा २०७९ जेठको तेस्रो साता बाघ आतंक थियो। बाघले एक व्यक्तिको ज्यान लिएको घटनापछि स्थानीयले बाघ आतंक रोक्न प्रशासनको ध्यानाकर्षण गराउन आन्दोलन गरे।

उक्त विरोध आन्दोलनका क्रममा २०७९जेठ २३ गते सुरक्षाकर्मीले चलाएको गोलीबाट मधुवन नगरपालिका-२, सोनहा बर्दियाकी नविना चौधरीको मृत्यु भयो। मात्र १९ वर्षकी उनी प्रमाणपत्र तह अध्ययनरत थिइन्।




*तस्विर २३: संरक्षण आन्दोलनकी सहिद मधुवन नगर पालिका-२, सोनहा बर्दियाकी नविना चौधरीको बर्दिया ओराली बजारमा शालिक।*

30 लाल आयोगको प्रतिवेदन दण्डद् फागुन दज्ञ को चुनाव पर्ि सरकार बनेको घ महिनाभित्रै सार्वजनिक गरिने जानकारी राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सुरेन्द्र चौधरीले अभिव्यक्ति दिएका थिए।

31 दण्डज्ञ चैत घ गते थारू आयोगमा थारू समुदायको बलिदानको इतिहाससम्बन्धी प्रारम्भिक प्रतिवेदन उपर ५लफलको क्रममा व्यक्त विचार।

32 दण्डद् जेठ इछ गतेको कुराकानीमा आधारित।

# अध्याय पाँच

# उपसंहार

## ५.१ परिचय

थारू समुदायको बलिदानीको इतिहास यस खण्डको पहिलो भागमा निष्कर्ष दिइएको छ। यस क्रममा कुन खण्डमा के विषयमा चर्चा गरिएको छ भन्ने तथ्यको संक्षेपीकरण समेटिएको छ। त्यस्तै, दोस्रो भागमा सिफारिस रहेको छ। यसमा सरकार, संघसंस्थाले के गर्ने, यस अध्ययनले थप के कस्तो अध्ययनतर्फ निर्दिष्ट गरेको छ, यसबारे बुँदागत ढंगले चर्चा गरिएको छ।

## ५.२ निष्कर्ष

थारू समुदायको बलिदानीको इतिहास शीर्षकको यस अध्ययनलाई मूल रूपमा पाँच अध्यायमा विभक्त गरेर चिरफार गरिएको छ। पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि दिइएको छ। दोस्रो अध्यायको प्रारम्भमा थारू जातिको छोटो परिचय दिइएको छ। साथै, थारू समुदायको बलिदानीको इतिहास खोतल्ने क्रममा नेपाल एकीकरण अघिको आन्दोलनमा बलिदानी नियाल्ने प्रयास गरिएको छ। यद्यपि एकीकरण अघिको आन्दोलनमा बलिदानीबारे कुनै ठोस तथ्य फेला पार्न सकिएको छैन। यस शीर्षकमा पर्सागढीमा अंग्रेजसँग लडाइ लडेका सरदार रन्जित थारूको वीरताको जानकारी समेटिएको छ। इतिहास जित्नेहरूका लागि लेखिन्छ। पर्सागढीमा अंग्रेजसँगको लडाईमा सरदार रन्जित थारूको समूहले लडाई जितेको थियो। त्यसैले तिनले पुरस्कार पाए, तिनको इतिहास रह्यो। तर रौतहटलगायत अन्य केही लडाई नेपाली समूहले हारेको थियो। तराई, थरुहट क्षेत्र भएकाले यहाँ पनि थारू समुदायका व्यक्तिले वीरगति प्राप्त गरेको हुनुपर्छ। यसबारे सोधीखोजी हुन सकेको देखिन्न।

दोस्रो अध्यायको अर्की उपशीर्षकमा राणाकालमा बलिदानीको प्रसँगमा सप्तरीका भोलानाथ सुब्बा थारूलाई तत्कालीन शासकबाट फाँसी दिइएको चर्चा छ।

२०४६ साल अघिको बलिदानी शीर्षकलाई दुई भागमा वर्गीकरण गरी २००७ सालदेखि २०१७ सालको आन्दोलनमा बलिदानी तथा २०१८ सालदेखि २०४६ साल सम्मको आन्दोलनमा बलिदानी भनी छुट्टाछुट्टै चर्चा गरिएको छ। २००७ साल फागुन ७ को प्रजातन्त्र स्थापनालाई अधुरो मान्दै सुदूरपश्चिममा पुनः सशस्त्र संघर्ष गरेका भीमदत्त पन्तको क्रान्तिको क्रममा थारू समुदायका योद्धा पनि सहिद भएको प्रसँग यहाँ समेटिएको छ। २००७ सालको क्रान्तिले खास गरी किसान वर्गलाई जुरुक्क जुरुक्क उचालेको थियो। यसको ज्वारभाटा एक दशकसम्म उर्लिएको थियो। यस क्रममा किसान आन्दोलनमा बलिदानी शीर्षकमा प्रजातन्त्रका सेनानी सहिद बैजनाथ थारू, बर्दिया बेलवाको खलिहान गोलीकाण्डमा ६ जना थारू सहिद, सप्तरीको कनकपुर घटनाका सहिद विहारी लेखी थारू, दाङको बेलवा-बन्जारी किसान विद्रोहमा सहिद भएका गुम्रा थारूको प्रसँग केलाइएको छ।

दोस्रो अध्यायमै २०१८ सालदेखि २०४६ साल सम्मको आन्दोलनमा बलिदानी पर्गेल्ने क्रममा पञ्चायतका शासकहरूका कारण २०१८ सालमा सहिद भएका कैलालीका जोगराम थारूबारे चर्चा गरिएको छ। यस्तै जाली तमसुकका कारण बर्दियाका मोहन थारूले २०३६ सालमा बलिदानी दिनु परेको घटना यहाँ समेटिएको छ। पञ्चायती शासकहरूकै कारण २०४२ सालमा काठमाडौंबाट वेपत्ता पारिएका थिए सप्तरीका दिलीप चौधरी। उनको नाममा सहिद दिलीप चौधरी स्मृति प्रतिष्ठानसमेत गठन भएको छ। तर, उनीलगायत छ्यालीस साल अघिका प्रायः सबैजसो थारू समुदायका सहिदहरूको कुनै व्यवस्थित दस्तावेज भेटिदैन।

२०४६ पछि जनयुद्ध अघिसम्म बलिदानी शीर्षकमा पचासको दशकमा भएको बर्दियाको कनरा आन्दोलनमा रुन्चे थारूको बलिदानीबारे चर्चा गरिएको छ। यही कनरा आन्दोलनका कारण त्यहाँका ४ हजार बढी किसानले जग्गा पाएका थिए। साथै, देशभर आयोगसमेत गठन भएको थियो। त्यस्तै, २०५१ सालमा दाङको बिजौरी घटनामा थारू समुदायका युवाले बलिदानी दिएको तथा २०५७ देखि २०७९सम्म चलेको कमैया, कमलरी मुक्ति आन्दोलनबारे यहाँ केही प्रसँग समेटिएको छ। कमैया, कमलरी मुक्ति आन्दोलनका क्रममा ज्यानै गुमाउने गरी घटना नभएपनि घाइते, कमलरीहरूले मालिकको घरमा ज्यान गुमाएका देखिन्छन्।

तेस्रो अध्यायमा २०५२ देखि २०६२ सालसम्म भएको माओवादी आन्दोलनमा बलिदानी दिनेहरूबारे विस्तृत रुपमा समेटिएको छ। किनकि जनयुद्धमा सबैभन्दा बढी हिंसा भोग्नु परेको समुदाय थारू थियो। यस क्रममा राजपत्रमा प्रकाशित माओवादीलगायत आन्दोलनमा सहिद हुनेहरूको जिल्लागत सूची समावेश गरिएको छ।

दस वर्षे जनयुद्धमा थारू समुदायले ज्यान गुमाएको र वेपत्ता भएको तथ्याङ्क इन्सेक र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको फरक देखिन्छ। इन्सेकको तथ्याङ्कअनसार ८३३ ले ज्यान गुमाएका र २४१ बेपत्ता पारिएका थिए। उता वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको तथ्याङ्कअनसार ५७७ ले ज्यान गुमाएका र ३१३ जना बेपत्ता पारिएका थिए। वेपत्ता हुनेहरूलाई मृतक सरह मान्ने हो भने इन्सेकको तथ्याङ्कअनसार १९७४ तथा वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको तथ्याङ्कअनसार ८९० जना देखिन्छ।

२०५८ मंसिरपछिको कारवाहीमा सुरक्षा फौजले आफ्नो रिपोर्टमा माओवादी भनेकोमा तर निदीष थारू किसानहरू पनि परेका थिए। दाइँ गर्दागर्दै सुरक्षा फौजको कारवाहीमा ११ जनाको विभत्स हत्या भएको दाङको बर्गद्दी काण्ड र खेतीपाती खाइसकेपछि खाइने पेन्ड्या खाएर फर्किने ९ जनाको सामूहिक हत्या काण्ड यसको उदाहरण हो।

जनयुद्धमा सबैभन्दा बढी बेपत्ता हुने सुमदाय पनि थारू नै हो। जिल्लागत सूची हेर्दा बर्दियामा सबैभन्दा बढी थारू समुदायका व्यक्ति बेपत्ता पारिएका छन्। वेपत्ता हुनेमा सामाजिक योगदान दिएका विभिन्न व्यक्ति पनि थिए। यहाँ उदाहरणको रूपमा भाषासेवी सगुनलाल चौधरीको जीवनी समेटिएको छ।

चौथो अध्याय थरुहट आन्दोलनमा बलिदानी दिनेहरूबारे रहेको छ। यस क्रममा थरुहट आन्दोलनका सहिद कमल चौधरी, रामप्रकाश चौधरी, प्रकाश चौधरी, धनबहादुर थनेतको घरमै पुगी तिनका परिवारसँग भेटघाट गरी तिनको अवस्था, मागबारे जानकारी दिइएको छ। थरुहट आन्दोलनमा विपिन खड्काले पनि बलिदानी दिएका थिए तर अध्ययनको सीमितताका कारण यहाँ तिनका बारे जानकारी दिइएको छैन। थरुहट आन्दोलनका क्रममा कैयौं घाइते भएका थिए। यस क्रममा चितवनको टाँडीमा घाइते भई पुनर्जीवन पाएका सञ्जित चौधरीबारे प्रतिनिधि मूलक जानकारी प्रस्तुत गरिएको छ।

थरुहट आन्दोलनको उत्कर्ष २०७२ भदौ ७ र ८ मा भएको टीकापुर घटना थियो। यस घटनामा कैयौं घाइते भए तथा कतिले जेलजीवन बिताउन बाध्य भए। यद्यपि बलिदानी दिनु परेको सुन्नमा आएन। आफ्नो हक, अधिकार, पहिचान लगायतको मागको क्रममा अन्य विविध आन्दोलनमा पनि थारू समुदायबाट बलिदानी भएको छ। यहाँ संरक्षण आन्दोलनका क्रममा बर्दियाकी युवा नविना चौधरीको बलिदानी उदाहरणको रूपमा समेटिएको छ।

पाँचौ अध्याय उपसंहार खण्डको रूपमा रहेको छ। यस खण्डमा निष्कर्ष तथा सिफारिस दिइएको छ। पुछारमा सन्दर्भ सूची तथा परिशिष्ट रहेको छ। परिशिष्टमा माओवादीलगायत आन्दोलनमा सहिद हुनेहरूको नामावली, अध्ययनका क्रममा लिइएका तस्विर तथा अध्ययनका स्रोत व्यक्तिहरूको नामावली दिइएको छ।

## ५.३ सिफारिस

(सरदार रन्जित चौधरीले वीरता देखाएको 'पर्सागढी'स्थित धर्मशालामा २ सय वर्ष पहिले लडेको केही सामग्री राखिएको छ। प्रदर्शनीका लागि ती ऐतिहासिक सामग्रीको भण्डारणको उचित व्यवस्थापन गरिनुपर्छ। 'पर्सागढी'सम्म पुग्ने सहज, सुविधाजनक बाटो यथाशिघ्र बन्नुपर्छ। 'पर्सागढी' परिसरमा सरदार रन्जित चौधरीको शालिक बनाउन ढिलाई गरिनु हुन्न।

- "बर्दिया जिल्लाः जनयुद्धमा शहीद, ज्यान गुमाएका बेपत्ता पारिएका तथा घाइते योद्धाहरूको जीवनगाथा" (२०७७) पुस्तकमा ६ सय ८० जना योद्धाहरूको जीवनी समेटिएको छ। यस्तो उदाहरणीय कार्य अन्य जिल्लाहरूबाट पनि भई बलिदानी दिनेहरूको दस्तावेजीकरणको अभियानलाई निरन्तरता दिइनु पर्छ।
- राणाकालमै फाँसी दिइएका सप्तरीका भोलानाथ सुब्बाको सम्झनामा बनाइएको सप्तरीको बरमझिया सुब्बा टोल मन्दिर परिसरलाई पर्यटकीय स्थल बनाउन स्थानीय निकाय र प्रदेश सरकारको पहल हुनुपर्छ।

- २०१० सालमा भीमदत्त पन्तको अगुवाईमा खास गरी सुदूरपश्चिममा भएको आन्दोलनमा कैलाली, कञ्चनपुर जिल्लाका थारू समुदायका धेरै व्यक्तिले सहादत पाएका छन्। तिनका बारे धेरै तथ्य अझै पनि गर्भमा लुकेकाले यसबारे थारू आयोग लगायतबाट थप विस्तृत अध्ययन आवश्यक छ।

- प्रजातन्त्रका सेनानी सहिद बैजनाथ थारूको नाममा बाँकेमा पालिकाको नाम नै राखिएको छ। त्यस्तै देशका लागि बलिदानी दिने अन्य थारू सहिदहरूको नाममा टोलको नाम, चोक नामकरण, रंगशाला, सामुदायिक भवन, प्रतिक्षालयलगायत निर्माणमा तत्तत् पालिकाहरूले प्राथमिकता दिनुपर्छ।

- बर्दिया, राजापुर नगरपालिकाको बेलवा गाउँको खलिहान गोलीकाण्डमा २००८ सालमा सहादत पाएका ६ जना थारू किसान सहिदहरूको गाउँमा उक्त घटनाबारे जानकारी राख्ने कोही व्यक्ति छैनन्। पहिलो सामूहिक विद्रोहको सम्झनामा सोही गाउँ क्षेत्रमा स्मारक बनाइनु मनासिव देखिन्छ।

- २००८ सालको बर्दिया, राजापुर नगरपालिकाको बेलवा गाउँको खलिहान गोलीकाण्ड होस् या २०१६ सालको घोराही उपमहानगरपालिकाको बेलवा, बन्जारी किसान आन्दोलन, यस्ता ऐतिहासिक घटनाबारे बृत्तचित्र निर्माण गरी बढीभन्दा बढी जनमानसमा बलिदानीको इतिहास पस्किनु पर्छ।

- जाली तमसुकका कारण बर्दिया, बारबर्दिया नगरपालिका-११, बेलभारका मोहन थारूले २०३६ सालमै बलिदानी दिनु परेकोमा थारू समुदायलाई लक्षित गरी त्यस्ता जाली काम अहिले पनि भइरहेको भए निराकरणका लागि स्थानीय क्लब, समूह अगुवा लगायतबाट सचेतना अभियान गरिनु पर्छ।

- पञ्चायतकालमा सहिद भएका सप्तरीका दिलीप चौधरीको सम्झनामा सहिद दिलीप स्मृति प्रतिष्ठान गठन भई सो प्रतिष्ठानबाट वार्षिक रूपमा विविध रचनात्मक कार्य भएझैं विभिन्न समयमा बलिदानी दिएका अन्य थारू सहिदका नाममा स्मृति प्रतिष्ठान गठन गर्न थारू समुदायको छाता सँगठन थारू कल्याणकारिणी सभा लगायतबाट अगुवाई हुनु जरुरी छ।

- पचासको दशकमा भएको बर्दियाको कनरा आन्दोलनका कारण ४,९३९ परिवारले जमिन पाएको ऐतिहासिक सफलता रहेको छ। तर, त्यस आन्दोलनमा बलिदानी दिएका रुन्चे थारूको निधन भएको मितिसमेत यकिन भएको देखिदैन। रुन्चे थारूको परिवारको अवस्थाको खोजखबरदेखि सम्बन्धित पालिकाले उनको शालिक निर्माणमा दृष्टि पुर्याउनु पर्छ।

- कमलरी मुक्ति आन्दोलनमा कमलरीहरू गम्भीर घाइते भए पनि कसैले बलिदानी दिनु परेन। यद्यपि मालिकको घरमा काममा रहेको बेला कमलरीहरूले ज्यान गुमाएका थिए। सरकारले मुक्त कमलरी घोषणा गरिसकेको अवस्थामा कमलरी राख्ने, उनीहरूको जीवन जोखिममा पार्नेहरूप्रति खबरदारी अभियान जरुरी छ।

- २०५२ फागन १ देखि २०६३ मङसिर ५ सम्म नेपाली भाषीपछि थारूभाषी सबैभन्दा बढी हताहत भए। सबैभन्दा बढी बेपत्ता पारिए। थारू समुदायका व्यक्तिलाई माओवादीको आरोप लगाउँदै सामूहिक हत्या गरिएको छ। यसरी बलिदानी दिएका पीडित परिवारसँग पीडक पक्षको क्षमायाचनासहित सङ्घीय तथा प्रदेश सरकारबाट उचित क्षतिपूर्ति दिइनुपर्छ। बेपत्ता हुनेहरूको समयावधि दुई दशक नाघिसकेकाले उनीहरूलाई मृतक सरह मानी सहिद परिवारलाई दिइदै आएको सुविधा दिइनुपर्छ।

- थारू समुदायका सहिद परिवारले राज्यले घोषणा गरेको १० लाख रूपैँयाबाहेक अन्य सुविधा नपाएको गुनासो गरेका छन्। उनीहरूको परिवारलाई रोजगारी, शिक्षा, स्वास्थ्य बीमा, स्वास्थ्य उपचार लगायतमा निःशुल्क व्यवस्था सबै तहको सरकारबाट गरिनुपर्छ।

- थारूलगायत अन्य समुदायका सहिद परिवारको आर्थिक अवस्था सवल बनाउन परिवारका सदस्यलाई सीपमूलक तालिम दिने र रोजगारीमा सबै तहको सरकारबाट विशेष प्राथमिकता दिइनुपर्छ।

- २०५८ मंसिर १३ गते दाङको घोराही नपा-१७ वर्गद्दी गाउँका ११ जना निहत्था थारू किसान सुरक्षाकर्मीबाट मारिएकोमा तिनको सम्झनामा सोही गाउँमा सहिद स्मृति पार्क निर्माण गरिएको छ। तर संरक्षणको अभावमा पार्क बेवारिसे अवस्थामा

छ। जग्गा अभावमा पार्कस्थल पनि निकै साँगुरो भएकोले पार्कलाई फराकिलो र व्यवस्थित बनाउन सम्बन्धित स्थानीय निकायले प्राथमिकता दिनुपर्छ।

- २०५९ मंसिर २० गते सुरक्षा फौजले दाङको तत्कालीन लक्ष्मीपुर गाविस-३, बेलभार र गोग्ली गाउँ (हालः घोराही उपमहानगरपालिका) मा गरेको कारवाहीमा स्थानीय ( थारू किसान मारिएका थिए। घटनास्थल भएको गोग्ली चोकलाई ती थारू सहिदहरूको नाममा नामकरण तथा थारू सहिदहरूको नाममा त्यहाँ व्यवस्थित प्रतिक्षालय निर्माण कार्यले सहिद परिवारलाई थोरै भए पनि मलहम लाग्छ।
- जनयुद्धमा बेपत्ता भएका थारू समुदायका परिवारको वेपत्ता आयोग, स्थानीय निकाय लगायतबाट अझ व्यवस्थित दस्तावेजीकरण हुनुपर्छ।
- थरुहट आन्दोलनका सहिद कमल चौधरी र विपिन खड्काको नाममा चितवनमा गठन गरिएको सहिद कमल विपिन स्मृति प्रतिष्ठान २०७४ सालदेखि निश्क्रिय रहेको छ। पुनर्जीवन दिई विविध रूपमा सिर्जनात्मक कार्यक्रम गरिनुपर्छ। उनीहरूको नामबाट नामकरण भइसकेको मार्गमा बोर्ड लगाइनुपर्छ। थरुहट आन्दोलनका दाङका सहिद प्रकाश-रामप्रसाद चौधरी, नवलपरासीका धनबहादुर थनेत लगायतका नाममा पनि स्मृति प्रतिष्ठान गठन गरी विविध कार्यक्रम गर्न सके स्थानीय निकाय लगायतबाट ती परिवारलाई सहयोगको वातावरण बन्न सहज हुनेछ।

थारू कल्याणकारिणी सभा, थारू अगुवा, बुद्धिजीवीहरूले पनि तिथिमिति तय गरेर थरुहट बलिदानी दिवस मनाउने परम्परा बसाल्न सके थारू सहिदहरूप्रति सच्चा सम्मान हुनेछ। थरुहट आन्दोलनमा सबैभन्दा पहिले सहादत हुने रत्ननगर नगरपालिका, सिसुवार, चितवनका कमल चौधरी सहादत भएको फागुन २२ को दिनलाई थरुहट बलिदानी दिवस भनेर मनाउन सकिन्छ।

देशका लागि बलिदानी दिनेहरू थारू समुदायका हुन् या अन्य समुदायका, तिनको सपना, सम्मान र तिनमा आश्रित घरपरिवारको संरक्षण र सहिदहरूले देखाएको बाटो हामी सबैका लागि मार्गनिर्देशन र प्रेरणाको स्रोत बन्न सक्नुपर्छ।

# सन्दर्भ सूची


- अधिकारी, कृष्ण (२०७९), ४४ नागरिक बेपत्ता पारिएको गाउँका द्वन्द्वपीडित भन्छन्, 'अब न्याय पाउन कठिन छ', https://www.onlinekhabar.com.2022/08/1169927. Accessed at 7 May 2025.
- अन्नपूर्ण पोष्ट (२०७३), बेपत्ता २६ कमलरीको खोजी गर्न माग, https://annapurnapost.com/story/60956/. Accessed at 15 June 2025.
- आर्बर, लुइस (२०६३), संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तद्वारा बर्दियामा बेपत्ता पारिएका घटनाहरूको सम्बन्धमा ७ माघमा प्रेषित प्रेस वक्तव्य ।
